साप्ताहिक
# श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)
वर्ष ३३ ✪ अङ्क २६ ✪ ५ साउन २०८३, मङ्गलबार ✪ 21 July 2026, Tuesday ✪ मूल्य रू. १०।-

## सिद्धान्त र विचारबाट जनतालाई सङ्गठित र सचेत गर्नुपर्ने

भक्तपुर । नेपाल मजदुर किसान पार्टी वडा नं. १ वडा समितिको आयोजनामा कार्यकर्ताहरूबिच एकदिने कार्यशाला गोष्ठी साउन २ गते सम्पन्न भयो ।

कार्यशाला गोष्ठीमा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले जनतालाई सचेत र सङ्गठित गर्न सिद्धान्त र विचार जनतामाझ पुऱ्याउने उद्देश्यले भियतनामको परिचय, चीन यात्रा, 'आधार', 'ध्रुवतारा' र 'नेपालपत्र' आदि प्रकाशन भएको बताउनुभयो । प्रतिक्रियावादीहरूले जनताको निःस्वार्थ सेवा गरेको सहन नसक्ने उल्लेख गर्दै उहाँले बहुमत जनताको हित गर्न वर्गविहीन समाज निर्माण गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले साउन १ गते चिनियाँ भाषामा अनुवाद भई विमोचन भएको पुस्तक 'जेलका चिट्ठीहरू' मा रहेको विषयवस्तुबारे प्रकाश पार्नुभयो । उहाँले १० वर्ष हिन्दुस्तानको दरभङ्गा बसेको निर्वासनबारे उल्लेख गर्दै २०१७ सालमा पार्टीहरू प्रतिबन्धित भएपछि अन्य राजनीतिक दलका नेताहरू पनि भारतका विभिन्न ठाउँमा गई पार्टी गतिविधि गरेको बताउनुभयो ।

हिन्दुस्तानीहरूकै कारण बङ्गलादेश छुट्टिएको बताउँदै उहाँले भौगोलिक रूपमा छुट्टिएर रहेका देशका टापुहरू स्वतन्त्र देश हुनुपर्ने मान्यता रहेमा विश्वका अनेकौँ टापुहरू भएका देशहरू छुटिने थियो भन्नुभयो ।

देशमा परिवर्तनको निम्ति पार्टी कार्यकर्ताहरूले निर्वासन, भूमिगत र जेल जीवन झेल्नुपरेको अनुभव पनि उहाँले बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य नन्दबहादुर शाहीले नेमकिपाले अन्य ठुला दलले भन्दा दुर्गम क्षेत्रमा राजनैतिक चेतना जगाउन सङ्गठनको सुरुआत गरेको बताउनुभयो ।

उहाँले सत्ताधारीहरूको सत्ता र पदलोलुपले देश खोक्रो भएकोले जनताले दुःख झेलिरहेका छन् भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य सुरेन्द्रराज गोसाईले नेमकिपाले कार्यकर्ताहरूको झोलामा पार्टी साहित्य हुनुपर्ने, साहित्य लेख्ने र अध्ययन गर्ने गुण हुनुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "राजनीतिक कार्यकर्ताहरू अरूको चित्त बुझाएर या सचेत बनाएर पार्टीमा आबद्ध गर्नुपर्दछ । संसारमा कोही जितेको छ भने विचार र सिद्धान्तले जितेको छ ।" पार्टी प्रकाशन

बाँकी पृष्ठ १२ मा

# 'जेलका चिठीहरू' चिनियाँ भाषामा प्रकाशित
# रोहितद्वारा जेल र भूमिगत जीवनबारे थप जानकारी




भक्तपुर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले बाल विकास इङलिस सेकेन्डरी स्कूलको आयोजनामा चिनियाँ भाषामा अनूदित 'जेलका चिठीहरू' पुस्तकको साउन १ गते एक विशेष समारोहबिच विमोचन गर्नुभयो ।

प्रमुख अतिथि बिजुक्छेँले पुस्तकबारे चर्चा गर्दै भन्नुभयो, "यस चिठीको चिनियाँ भाषाको अनुवादले साधारण चिनियाँ जनताले तत्कालीन नेपालका कला-संस्कृति, नेपाली जनताका सुख-दुःख र समाजबारे प्रत्यक्ष देखेको अनुभव गर्नेछन् । चिनियाँ जनताले आफ्नै भाषामा वर्तमान नेपालबारे लेखिएका पुस्तकहरू कमै होलान् भन्ने म ठान्छु । यस चिठीबाट चीनको नयाँ पुस्तालाई पनि नेपालबारे मात्र होइन आफ्नै देशको हिजोको सुख-दुःखबारे पनि जिज्ञासा राख्ने सम्भावना छ । यसले नेपाली र चिनियाँ जनतामा आपसको सामाजिक र राजनीतिक विषयमा प्रत्यक्ष जानकारी हुनेबारे कुनै दुविधा हुनेछैन ।"

अध्यक्ष बिजुक्छेँले आफ्नो नयाँ पुस्तक प्रकाशनबारे भन्नुभयो, "'भियतनाम परिचय' मा आजको भियतनाम, होचि मिन्ह र संसारको प्रथम महिला सेना नेतृबारे तथा अन्य विषय पनि गाँसेर प्रकाशित गर्ने विचारमा छु । त्यसमा भियतनाम, लाओस र कम्बोडियाबारे पनि जानकारी दिने मनमा राख्दै आएको छु । समयले साथ दिएमा त्यसबाट पनि नेपाली भाषाको सेवा हुने भन्ठान्छु ।"

रुसी लेखक तोल्स्टाएको निर्दोष व्यक्तिहरू हत्याको मुद्दामा लामो समयसम्म अमानवीय सजाय भोगिरहेका कथाहरूबाट प्रभावित भएको चर्चा गर्दै उहाँले आफू जेलमा बस्दा सोझा बन्दीहरूलाई पढाउने काम गरेको उल्लेख गर्नुभयो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, "सन् १९७० देखि १९८० सम्म सङ्गठनको निर्णयअनुसार भारत प्रवासमा गई नेपाली जनताको सेवामा लागेँ । प्रगतिशील साहित्य र कम्युनिस्ट आन्दोलनको सैद्धान्तिक स्पष्टताको निम्ति काम गरेँ; 'जनताको साहित्य' साहित्यिक प्रकाशन चालू राखेँ; 'जनताको साहित्य र साहित्यकार' एक सरल पुस्तक लेखेँ र समयमै प्रकाशित भयो ।

नेपाल र भारतको सीमाको निम्ति केही भारतीय प्रगतिशील र साथीहरूसँग मिलेर हिन्दीमा 'आधार', 'समाचार संसद्', 'ध्रुवतारा' र 'नेपाल तराई' हिन्दी भाषामा प्रकाशित गरियो । पछि 'आधार' नेपाली भाषामा प्रकाशित गरियो । नेपालमा बस्दा आफ्ना नामबाट पुस्तक प्रकाशित गर्न नमिल्ने हुँदा 'हरिबहादुर श्रेष्ठ' को नाम प्रयोग गरेँ । प्रवासमा बस्दा केन्द्रीय समितिमा 'रोहित' को नामबाट काम गर्थें । त्यस्तै 'रामबहादुर ज्यापू' र अन्य उपनामहरू पनि प्रयोग गर्ने गर्थें । 'नेपालको कम्युनिस्ट आन्दोलनमा देखापरेका खोटा विचारहरूको खण्डन' (मुख्य शत्रुको पहिचान र आन्दोलनबारे अवसरवादको विरोधमा) 'रुसी-संशोधनवाद सामाजिक - साम्राज्यवादमा पतन', 'नेपाल भारत सम्बन्ध र भारत', 'विश्वका प्रसिद्ध मजदुर आन्दोलनहरू', 'नेपालको तराईको किसान आन्दोलनबारे (ऐतिहासिक किसान आन्दोलन एक अध्ययन (बारा, रौतहट) धनुषा, सिराहा र सप्तरी),' समाज विकासको एक झलक (१५-२० वर्षपछि मात्र यो पुस्तक नेपालमा प्रकाशित भयो ।) लेखेँ ।"

"भारत प्रवासको अन्तिम समयमा पार्टी (नेमकिपा) भित्र घुसेका त्रोत्स्कीवादी र आतङ्कवादीहरूको गोली प्रहारमा परेँ र बाँचेँ", उहाँले भन्नुभयो ।

बाँकी पृष्ठ १२ मा

# खेल दुई देशबिच कूटनीतिक सम्बन्धको आधार पनि

भक्तपुर । प्रभात इङलिश सेकेन्डरी स्कूलको भक्तपुर जिल्लाव्यापी टेबलटेनिस प्रतियोगिताको समापन समारोह तथा पुरस्कार वितरण कार्यक्रम असार ३० गते सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवं प्रभात इङलिश सेकेन्डरी स्कूल व्यवस्थापन समितिका अध्यक्ष प्रेम सुवालले हार जितको लागि मात्र होइन यो अनुभवको लागि पनि आवश्यक छ भन्नुभयो । खेलले देशहरूबिचको सम्बन्ध राम्रो बनाउनका लागि पनि महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विचार उहाँले व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, "टेबुलटेनिस खेलले मस्तिष्कको स्नायु क्षय हुन नदिने र मस्तिष्कलाई स्वस्थ राख्ने काम गर्छ । सन् १९७१ मा भएको टेबुलटेनिस खेलाडीहरूको आदानप्रदानले संरा अमेरिका र चीनबिचको तनाव घटेको हो ।"

उहाँले भन्नुभयो, "भक्तपुर पुर्खाले सिर्जेको सांस्कृतिक सहर हो । ३०-४० वर्ष यता भक्तपुर खेलाडीहरूको सहर पनि हो । पच्चीस वर्ष यता भक्तपुर स्नातक तह उत्तीर्ण, इन्जिनियर र नर्सहरू धेरै भएको सहर भयो ।"

वाग्मती प्रदेश सांसद सृजना सैँजूले भक्तपुर जिल्लाव्यापी टेबलटेनिस प्रतियोगितामा २० वटा विद्यालयका १२० जना विद्यार्थीको उत्साहजनक सहभागिताको कारण विद्यार्थीहरूको Sportsmanship विकासमा विद्यालयले सुरुआत गरी सहयोग गरिदिनुपर्ने कुरामा जोड दिनुभयो ।

उहाँले खेल शारीरिक र मानसिक तन्दुरुस्तीका लागि मात्र नभई खेल देशप्रेमसँग पनि जोडिएको हुन्छ भन्नुभयो । खेलकुदले कूटनीतिक, राजनीतिक सम्बन्धलाई पनि सहयोग पुऱ्याउने कुरा उल्लेख गर्दै उहाँले देशलाई सधैँ प्राथमिकतामा राखेर खेल्न आग्रह गर्नुभयो ।

भक्तपुर नगरपालिका वडा नं. १ का वडा अध्यक्ष तथा भनपाको युवा तथा खेलकुद समितिका संयोजक श्यामकृष्ण खत्रीले खेलले अनुशासन र मित्रतालाई पनि सहयोग गर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाले खेलाडीहरूलाई प्रोत्साहन दिन भक्तपुर नगरपालिकाद्वारा सञ्चालित विद्यालयहरूमा राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडीहरूलाई प्रोत्साहन गर्न छात्रवृत्ति सुविधा दिने तयारी रहेको उहाँले बताउनुभयो ।

राष्ट्रिय खेलकुद परिषद्का मुख्य प्रशिक्षक मोहनदास बासुकलाले विद्यालयले विद्यार्थीलाई खेलकुद प्रतियोगिता गरेर एक्सपोजर गरेकोमा आभार व्यक्त गर्नुभयो ।

विद्यालयका प्रिन्सिपल स्वर्णिमा मूलले स्वागत तथा बधाईज्ञापन गर्नुभयो । प्रतियोगिता संयोजक मुना बासुकलाले कार्यक्रम सञ्चालन गर्नुभयो ।

इभेन्ट छात्र टीममा प्रभात इङलिस प्रथम, प्रोक्सिमा इन्टरनेसनल एकेडेमी दोस्रो, लनर्स एकेडेमी र जेन्युइन सेकेन्डरी स्कूल तृतीय भएका थिए ।

इभेन्ट छात्रा टीममा प्रभात इङलिस प्रथम, लनर्स एकेडेमी दोस्रो, प्रोक्सिमा इन्टरनेसनल एकेडेमी र जेन्युइन सेकेन्डरी तेस्रो भएका थिए ।

छात्र सिङ्गल १६ वर्षमुनिको खेलमा सफल सुवाल (प्रभात) प्रथम, नयन लालुवा (प्रोक्सिमा) द्वितीय र कृषल अवाल

बाँकी पृष्ठ १२ मा

# विद्यालयमा आइतबारको बिदा हटाइनुपर्छ

**- सुवर्ण श्रेष्ठ**

वि.स. २०८२ फागुन २१ गते भएको संसदीय निर्वाचनमा झण्डै २/३ सांसदहरू विजय भएपछि बालेन्द्र शाहको नेतृत्वमा गठित मन्त्रीपरिषद्ले सरकारी कार्यालयलगायत शैक्षिक संस्थामा साताको दुई दिन बिदा दिने निर्णय गरेको थियो । अमेरिका र इजरायलको इरानसँग युद्ध भएको कारण पेट्रोलियम पदार्थको मूल्य अन्तर्राष्ट्रिय बजारमा वृद्धि भयो । नेपालमा पनि पेट्रोलियम पदार्थको मूल्य वृद्धि भएको हुँदा पेट्रोलियम पदार्थको खपत घटाउन सरकारले आइतबार बिदा दिएको हो भनी आइतबार बिदाको कारण सार्वजनिक गरेको थियो ।

तर, शिक्षा र स्वास्थ्य क्षेत्रमा आइतबार बिदा गर्दा पर्न सक्ने दूरगामी असरबारे सरकारले सरोकारवाला र विज्ञहरूसँग कुनै छलफल गरेको देखिँदैन । स्वास्थ्य क्षेत्रमा आइतबार बिदा नगर्ने कुरा सार्वजनिक भएपछि स्वास्थ्य क्षेत्रका कर्मचारीहरूले आफूहरूलाई पनि अन्य राष्ट्रसेवक कर्मचारीसरह सेवा-सुविधा र बिदा चाहिन्छ भनी आन्दोलन गरे । सरकारले स्वास्थ्य क्षेत्रमा पनि आइतबार बिदा गऱ्यो । यसरी, सबै क्षेत्रमा साताको दुई दिन बिदा गर्ने सरकारी नीति स्पष्ट भयो ।

नेपालको संविधान २०७२ मा विद्यालय शिक्षाको कक्षा १२ सम्मको व्यवस्थापनको अधिकार स्थानीय तहलाई दिएको छ । त्यसैले, नगरपालिका र गाउँपालिकाहरुले सङ्घीय सरकारको विद्यालयमा आइतबार बिदा दिने निर्णयअनुसार बिदा नगरी विद्यालय सञ्चालन गरेका छन् । स्थानीय तहले सरोकारवालाहरूकै सहमतिमा आइतबार बिदा नगरेको बुझिएको छ । अभिभावक, विद्यार्थी, प्रधानाध्यापक, शिक्षक, शिक्षाविद्, समाजसेवी, शिक्षाप्रेमी, विद्यालय व्यवस्थापन समितिलगायतका सरोकारवालाहरूले आइतबारसमेत बिदा दिँदा विद्यालय सञ्चालन हुने दिन वार्षिक ४०-४५ दिन घट्न जाने हुँदा विद्यार्थीहरूको पठनपाठनको दिन घट्छ र पढाइ स्तर र उपलब्धि वृद्धि हुँदैन, घट्ने सम्भावना हुन्छ । त्यसैले, आइतबार बिदा नगरिकन विद्यालय सञ्चालन गर्नुपर्छ भन्ने राय सुझाव दिइएको थियो ।

सुरुमा पेट्रोलियम पदार्थको मूल्य वृद्धिलाई आइतबार बिदाको कारण बताउने सरकारले केही दिनपछि विद्यालयको शैक्षिक सत्र वैशाख १ गतेबाट सुरु गर्ने होइन, वैशाख १५ गतेबाट सुरु गर्ने र वैशाख २१ गतेदेखि मात्र पढाइ सञ्चालन गर्ने अर्को निर्णय सार्वजनिक गऱ्यो । धेरै स्थानीय तहले शैक्षिक क्यालेन्डर वैशाख महिनाअघि नै तयार गरिसकेको हुँदा वैशाख १ गतेदेखि नै शैक्षिक सत्र सुरु गरे ।

शिक्षकहरूको कार्य सम्पादन मूल्याङ्कन फाराममा समेत शैक्षिक सत्र २०८३ को अवधि २०८२ साल वैशाख १ गतेदेखि २०८३ साल वैशाख १४ गतेसम्म लेख्नुपर्ने सूचना जारी भयो । सबै शिक्षकहरूले त्यसै गरे । अब प्रश्न उठ्छ, सरकारले २०८२ सालको एसईई परीक्षाको परीक्षाफल चाँडै प्रकाशन गर्न परीक्षा केन्द्रमा नै उत्तरपुस्तिका परीक्षण गरायो र परीक्षाफल

बाँकी पृष्ठ १२ मा

**स्वच्छ शहरः स्वस्थ्य शहर**

❖ धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
❖ सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
❖ तोकिएको स्थानमा मात्र फोहोर फालौं,
❖ नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
❖ सार्वजनिक स्थलका बोट-विरुवा तथा फलफूलको संरक्षण गरौं,
❖ ध्वनि र वायु प्रदुषण कम गरौं,
❖ सडकको समय-समयमा मर्मतसम्भार गरौं,
❖ सडकमा निर्माण सामग्री नराखौं।

शहरलाई सफा राखौः सुन्दर बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



भेनेजुयला एक स्वतन्त्र देश हो र हामीलाई कसैले दास बन्न बाध्य पार्न सक्दैन । भेनेजुयाली जनताले फेरि कसैको उपनिवेश बन्न स्वीकार गर्ने छैन ।

**ह्युगो चाभेज** (भेनेजुयाली जननेता)

## सम्पादकीय

# विरामलाई नदोहोऱ्याऔँ भविष्य उज्यालो छ

नेपालको शिक्षा व्यवस्था र त्यसको असरबाट देशको चौतर्फी बर्बादीको जिम्मेवार को को हुन् ? केही वर्षसम्म राणा शाही र पञ्चायती व्यवस्थालाई दोष दिइयो । प्रजातन्त्र पुनःस्थापना र गणतन्त्रपछि नेपालको शैक्षिक लगाम पश्चिमी देशहरूको हातमा गएको पत्तै भएन ।

अहिले नेपालमा विदेशी विश्वविद्यालयको सम्बन्धन प्राप्त संस्था ५६ वटा, ती कलेजहरूमा ३७ हजार विद्यार्थी पढ्छन् र ती विद्यार्थीहरूमार्फत बर्सेनि डेढ खर्ब रकम बाहिरिँदै छ । विदेशमा गई पढ्ने विद्यार्थीहरूको सङ्ख्या पनि थोरै छैन । नेपालमै चलेका विश्वविद्यालयहरू बेलायत, मलेसिया, अमेरिका, थाइल्यान्ड र भारत, अस्ट्रेलिया र स्विट्जरल्यान्डका ५६ वटा कलेजहरू सञ्चालनमा छन् । (कान्तिपुर, ४ साउन २०८३)

अर्कोतर्फ बर्बादी र मूर्खता ‘विदेशमा १ करोड लाग्ने डिग्री नेपालमा करिब १५ लाखमा पाइन्छ ।’

नेपाली विद्यार्थीको ठुलो सङ्ख्या विदेश जाने र अर्को ठुलो सङ्ख्या नेपालमै विदेशी विश्वविद्यालयमा पढ्दा विद्यार्थीहरूको जसरी आर्थिक क्षति हुँदै छ, त्यस्तै वैचारिक दृष्टिकोण र चिन्तन पनि विदेशी नै हुने अत्यधिक विद्यार्थीहरूमा देखिएको छ ।

शिक्षामा देखिएको खोटपूर्ण बन्दोबस्तको कारण आफ्नै देश र आमा-बुबालाई हेला गर्ने र विदेशको प्रशंसा गर्ने, विदेशी नेताहरूको गुणगान गर्नेहरू पनि छ्याप्छ्याप्ती छन् । जबकि ती विद्यार्थीहरूसित विदेशको बारे ‘आलोचनात्मक’ दृष्टिकोण पटक्कै छैन भन्ने सुनिँदै छ ।

देशको पैसा, देश प्रेम, सामाजिक विखण्डन एवं विदेशी शिक्षाबाट नकारात्मक प्रभावको कारण आर्थिक र सांस्कृतिकरूपले देश अर्ध-उपनिवेश र नवउपनिवेशको दलदलमा फस्नेबारे यो खोटपूर्ण शिक्षा नीति ल्याउने दलीय सरकारहरू जिम्मेवार छन् ।

यथार्थ रूपले भन्नुपर्दा नेपाली काङ्ग्रेस, एमाले, एमाओवादी सरकारमा जाने अर्थात् मन्त्री हुने वामपन्थी दलहरू, राप्रपा र सरकारमा जाने मधेसवादी दलहरूका नेताहरू पनि जिम्मेवार छन् ।

सबभन्दा पहिले त्रिभुवन विश्वविद्यालयकै केही प्राध्यापकहरूले हाकाहाकी बेलायत, अमेरिका, भारत आदि देशमा प्राध्यापकहरूको तलब नेपालको भन्दा डब्बल-तेब्बर छ, “हाम्रो देश तिनीहरूसँगै मिल्यो भने हाम्रो कल्याण हुन्छ” भनी औपचारिक र अनौपचारिक भेलामा बकबक गरेको पाइन्छ । त्यस्तो बकबक सुन्दा पनि हाम्रा प्रतिष्ठित र ज्येष्ठ प्राध्यापकहरू मुखमा ‘दही जमाएर’ बसेको जानकारी र समाचार बाहिरिएको छ । तर, ती नेपालद्रोही, जनद्रोही र ‘प्राध्यापकको भेष’ मा विदेशी एजेन्टहरू नेपाली रकम पनि कुम्ल्याएरै भागे ।

दोष कसको ? प्राध्यापकहरूले त्यस्ता भँडुवाहरूको विरोध किन गर्न सकेनन् त्यसै बेला ? विद्यार्थीहरूलाई विदेशको निम्ति होइन आफ्नै देश र जनताको सेवा गर्ने हो, आफ्ना आमा-बुबाको र जनताको सेवा गर्ने हो भनी विद्यार्थीहरूलाई बताउन सकेनन् ! नत्र सम्भवतः नेपाली विद्यार्थीहरू नयाँ पुस्ता उठ्ने थिए - साम्राज्यवाद र उपनिवेशवादको विरोधमा । तर, सरकारहरू उल्टै आफ्ना युवाहरूलाई घर-खेत बेचाउँदै दस भागको एक भागमात्र ज्याला पाउने ठाउँमा पठाउने गल्लावालाहरू अथवा ‘ज्यामी’ बेच्ने दलालहरू भएको देखिए ।

अझ कहालीलाग्दो स्थिति त भारतका गल्लीहरूमा आफ्नै छोरा, आमा र बहिनीलाई पनि बेचेको सामान्य कुरा देखियो र सुनियो । यसको उपचार के हो ?

प्रदेश र स्थानीय तहमा जनप्रतिनिधि र मन्त्रीहरू मेचमा नबसी आ-आफ्ना निर्वाचन क्षेत्रका जनताको समस्या बुझी समाधानमा लाग्ने हो - जनप्रतिनिधिहरूले ठेक्का र व्यापारमा जस्तो नाफाको निम्ति काम गर्ने होइन र गराउन रोक लगाएमा देशले नयाँ उज्यालो देख्नेछ ।

# रास्वपा सरकार र देशको अवस्था

✍ **प्रज्ज्वल**

पैँतीस वर्षयताका सरकारहरूले युवालाई नेपालमा रोजगारी दिएनन् बरु राहदानी दिँदै वैदेशिक रोजगारीमा पठाए । करोडौँ सङ्ख्यामा राहदानी छपाई हुँदा अर्बौं भ्रष्टाचार भएको समाचार पुरानो हो । यो सिलसिला रास्वपाको यो सरकारमा पनि चालू छ । रास्वपा सरकारका सल्लाहकार टोलीले सात दिनअघिको मिति राखेर इमेल पठाउने र जर्मन कम्पनीसँग ठेक्का तोड्ने सुझाव दिएको पनि सार्वजनिक भयो । यसले सरकारको ‘कोर टिम’ अहिले ‘चोर टिम’ जस्तै भएको जनगुनासो बढ्यो ।

रास्वपाले एमाले र माओवादीको साथमा २०७९ सालयता दुई पटक गृहमन्त्रीसहित सरकारको स्वाद चाखेको थियो । त्यतिबेला रास्वपा संलग्न मन्त्रालयको ‘भिजिट भिसा’, राष्ट्रिय परिचय पत्रको ठेक्का विदेशी कम्पनीलाई दिने, नेपाल टेलिकमको ३० अर्ब घोटाला काण्डहरू सार्वजनिक भएको थियो । वाग्लेले बजेटमा करको हरेफेर गरी नजिकका व्यापारीलाई फाइदा दिलाएकोमा जनताको विरोध छ । त्यतिबेला रास्वपाबाट प्रत्यक्ष र समानुपातिक उम्मेदवारहरूसँग रास्वपाले पैसा उठाएको सार्वजनिक भएको थियो भने २०८२ को प्रतिनिधिसभाको चुनावमा यो सिलसिला झन चर्को रूपमा भएको सार्वजनिक भयो ।

**रास्वपा सरकार प्रमुख बालेन र अर्थमन्त्री स्वर्णिम वाग्लेबिच यतिखेर बोलचाल बन्द भयो । रवि र स्वर्णिमबिच गोप्य वार्तामा स्वर्णिमले रविलाई सरकारप्रमुख बालेनलाई लगाम लगाउनुपर्ने बतायो । वार्ता वाग्लेको काभ्रेस्थित एक रिसोर्टमा भयो । वाग्लेको सम्पत्ति छानबिन भए अनियमितता देखिनेछ । तर, रविले दुईजनालाई मिलाउने प्रयत्न गरेको सार्वजनिक भयो । यतिखेर रास्वपालाई मत दिनेहरू वडासदस्य र वडाध्यक्ष बन्ने हैसियत नदेखेकाहरू सांसद बन्दा ‘घन्टीले चलाएको डन्डी’ को पीडा पोख्दै छन् ।**

रास्वपा सरकार प्रमुख बालेन र अर्थमन्त्री स्वर्णिम वाग्लेबिच यतिखेर बोलचाल बन्द भयो । रवि र स्वर्णिमबिच गोप्य वार्तामा स्वर्णिमले रविलाई सरकारप्रमुख बालेनलाई लगाम लगाउनुपर्ने बतायो । वार्ता वाग्लेको काभ्रेस्थित एक रिसोर्टमा भयो । वाग्लेको सम्पत्ति छानबिन भए अनियमितता देखिनेछ । तर, रविले दुईजनालाई मिलाउने प्रयत्न गरेको सार्वजनिक भयो । यतिखेर रास्वपालाई मत दिनेहरू वडासदस्य र वडाध्यक्ष बन्ने हैसियत नदेखेकाहरू सांसद बन्दा ‘घन्टीले चलाएको डन्डी’ को पीडा पोख्दै छन् ।

रास्वपा सरकारको बजेटमा विदेशीसँग ऋण ल्याएर कर्मचारीको तलबमा २१ प्रतिशत बढाउने सरकारी कर्मचारीलाई गाडी किन्न २ लाखदेखि ६० लाखसम्म सहुलियत व्याजमा ऋण दिने, मासिक ५० युनिटसम्म बिजुली खपत गर्ने सामान्य उपभोक्तालाई ५ प्रतिशत कर, निजी विद्यालयमा पढ्ने विद्यार्थी र निजी अस्पतालमा उपचार गराउने बिरामीसँग ३-३ प्रतिशत कर लगाउने, किसानको नाममा २ करोड लगानी गर्ने सामन्तलाई कृषि अनुदान दिने व्यवस्था गरियो । तर, रास्वपा सरकारले किसानलाई आवश्यक मल दिएन । रविले ‘आमा ! बालेनले देश बनाउँछन्’ भनेको विश्वासमा मत दिएका सर्वसाधारण जनता यतिखेर बालेनले प्रतिनिधिसभामा ‘नेपालले भारतको सीमा मिचेको छ’ भनेपछि हिस्स भएका छन् । बालेनले नेपाल होइन, देशै भारतमा गाभ्ने लेण्डुपको बाटो लिने त होइन भनी जनता प्रश्न उठाउँदै छन् ।

रास्वपा सरकारमा पुगेको धरातल नै स्वाभाविक नभएको कतिपय विश्लेषकको मत रहेको छ । वरिष्ठ पत्रकार अनिल गिरीले माउन्टेन टेलिभिजनमा प्रश्न उठाए ‘एकलाख सेनामध्ये असी हजार सेना परिचालन गरी रास्वपाका बालेनलाई प्रधानमन्त्री बनाउने सेनापतिले भदौ २४ गते सिंहदरबार जलाइँदा किन निभाएनन् ?’ यो घटनाको केही महिना अघि बालेनले ‘सिंहदरबार जलाउने स्टाटस’ सामाजिक सञ्जालमा राखेको पनि सार्वजनिक भएको थियो । सरकारी सम्पत्ति साझा बसलाई रास्वपाले निलो रङ्ग लगाएर ‘ब्लु बस’ नामकरण र प्रतिनिधिसभाको नयाँ भवनका कोठाहरूमा पार्टीको रङ्ग निलो लगाउन दिइएकोमा पनि जनताको विरोध छ । गरेकोमा पनि जनताको विरोध छ ।

चुनावअघि रास्वपा सभापति रविले गृहमन्त्रीको हैसियतमा सहकारी ठगीमा आफूसँगै आरोपित जीवी राईलाई आकाशमा होस् या पातालमा पक्राउ गरेर ल्याउने दाबी गरेका थिए । रास्वपाको झन्डै दुईतिहाईको बालेन सरकारले रवि, जीवी, छवी सबै सहकारी ठगहरूको मुद्दा फिर्ता लिएकोमा पनि सहकारी पीडितहरू असन्तुष्ट छन् ।


सुशीला कार्की सरकारले भदौ २७ गतेयता प्रदेशसभा सदस्यहरूको स्वकीय सचिव पनि हटाएको थियो । यसलाई रास्वपाले पनि समर्थन गरेको थियो । झन्डै दुई तिहाइको आफ्नो सरकार गठन भएपछि रास्वपाले प्रदेश सभा, प्रतिनिधिसभा, राष्ट्रियसभाका ८८४ जना सांसदको लागि स्वकीय सचिवको व्यवस्था पुनः गर्ने निर्णय गऱ्यो । रास्वपाले मन्त्रालय सङ्ख्या २५ बाट १८ मा घटायो तर हरेक मन्त्रीको लागि आफ्ना निजी सचिवको नेतृत्वमा दर्जनौँ आसेपासेको सचिवालाय बनाउन दिने निर्णय गऱ्यो ।

सहकारी ठगहरूविरुद्ध चलिरहेको सङ्गठित अपराधको मुद्दा फिर्ता लिने रास्वपा सरकारका महान्यायाधिवक्ता नारायणदत्त कँडेल सन् २०१५ देखि २०२४ सम्म स्थायी अनुमतिपत्रमा विदेश बसेको तथ्य उनको नियुक्तिसँगै सार्वजनिक भएको थियो । यसबारे विचाराधीन मुद्दामा सर्वोच्च अदालतले हालै अध्यागमनसँग उनको १२ वर्ष विदेश यात्राको अभिलेख र प्रम कार्यालयबाट भएको सिफारिससमेत मागेको सार्वजनिक भयो । महान्यायाधिवक्ताको कार्यालयको काम आफ्ना मान्छेलाई मुद्दा नलगाउने, जनताको सरोकारको विषयमा पैसा खाने भइरहेको पनि पुरानो समाचार हो ।

सम्पत्ति विवरण झूटा पेस गरेको आरोपमा गृहमन्त्रीमा दोस्रो पटक नियुक्ति सुधन गुरुङविरुद्धको उजुरी अहिले प्रहरी प्रधान कार्यालयमा दर्ता भएको पनि सार्वजनिक भयो । रास्वपा सरकारले गृहमन्त्री गुरुङको सम्पत्ति आफ्नै मानिसबाट छानबिन गराई सफाई दिएर उनलाई पुनः गृहमन्त्रीमा नियुक्ति गरेपछि जनतामा थप असन्तुष्टी बढ्यो ।

यतिबेला भारतको राजधानी दिल्लीको जन्तरमन्तरमा चिकित्सा शिक्षाको परीक्षा प्रश्नपत्र बाहिरिएको र बढ्दो बेरोजगारी विषयलाई लिएर कक्रोच जनता पार्टीको आयोजनामा शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजीनामा माग गर्दै प्रदर्शन भइरहेको छ । भारतीय सेना मोदीको पक्षमा रहेसम्म कक्रोच प्रदर्शनले त्यहाँ नेपालको भदौ २३ र २४ को जस्तो अवस्था नआउने विश्लेषकहरू बताउँछन् । कक्रोच नेता अभिजित दिपके र रास्वपा सभापति रवि दुवै संरा अमेरिका बसेको भन्ने मिल्दो छ ।

# करको भारी बोकाएर जनता चुस्ने काम !




**शुक्र**

नेपालको संविधान २०७२ मा मावि तहको शिक्षा र आधारभूत स्वास्थ्य उपचार निःशुल्क हुने उल्लेख छ । तर, रास्वपा सरकारले साउन १ गतेदेखि लागू हुने गरी शिक्षा र स्वास्थ्यमा ३-३ प्रतिशत समता कर लगायो ।

हाल देशभर १३ हजार निजी विद्यालय, चार सय निजी अस्पताल, १९ निजी मेडिकल कलेज, ३० हजार निजी स्वास्थ्य क्लिनिक छन् । नेपालको कूल विद्यार्थीमध्ये करिब २५ प्रतिशत निजी विद्यालयमा पढ्छन् भने विशिष्टीकृत स्वास्थ्य उपचारको करिब ५५ प्रतिशत सेवा निजी स्वास्थ्य संस्थाले दिइरहेको तथ्याङ्क छ ।

सरकारले भएका सरकारी विद्यालय र अस्पताल सुधारमा ध्यान नदिएर निजी विद्यालय र अस्पतालको सेवामा समता शुल्क लगाएर जनताको ढाड भाँच्ने काम गर्दै छ । निजी अस्पतालले उपचार गर्ने बिरामीबाट टिकट, एम्बुलेन्स, शववाहन र रगतको प्रयोगदेखि डायलाइसिस र क्यान्सरको उपचार तथा मृत्युपछि शवगृहमा शव राखेबापत पनि ३ प्रतिशतका दरले स्वास्थ्य समता कर सुरु गऱ्यो ।

देशभरका पाँच हजार तीन सय एम्बुलेन्समध्ये ४४३ निजी अस्पतालका छन् । ५५६ शववाहनमध्ये करिब १०० शववाहन निजी अस्पतालका छन् । जनस्वास्थ्य सेवा ऐन, २०७५ ले एम्बुलेन्स र शववाहनलाई आकस्मिक स्वास्थ्य सेवाको अभिन्न अङ्गका रूपमा लिएको छ । तर, सरकारले यस्तो सेवामा पनि ३ प्रतिशत कर लगाउँदै छ ।

सरकारले विपन्न, गरिब र बेवारिसे बिरामीका लागि अस्पतालले छुट्याएको १० प्रतिशत निःशुल्क शय्यामा पनि उपचार कर लिने भन्दै छ । जनताको सङ्घर्षले पाएको १० प्रतिशत निःशुल्क सुविधा पनि रास्वपाको बालेन सरकारले खोस्ने काम गर्दै छ । स्वास्थ्य बीमा रकम पनि अर्बौं भुक्तानी नहुँदा जनता उपचारबिना मर्ने अवस्था छ ।

निजी विद्यालयले पनि १० प्रतिशत विद्यार्थीलाई निःशुल्क पढाउनुपर्ने नियम छ । निःशुल्क पढ्ने विद्यार्थीको ३ प्रतिशत कर कसले तिर्छ ?

दीर्घरोगी, नियमित उपचार गराइरहेका बिरामी तथा महँगो उपचार गर्नुपर्ने बिरामीहरूमा सरकारको यो करको भारले जनतामा मानसिक समस्या बल्झने विज्ञहरूको मत छ । बिरामीलाई उपचार नगरी मृत्यु शय्यामा पुऱ्याउने करको सर्वत्र विरोध गर्नै पर्दछ ।

गरिब, विपन्न, निमुखा जनतालाई सुविधा दिन नसक्ने सरकारले करको भारी बोकाएर जनता चुस्ने काम गर्दै छ । गरिब जनतालाई झन् झन् गरिब बनाउने रास्वपाको बालेन सरकार नेपाली जनताको सरकार नभएको स्पष्ट हुन्छ ।

# संविधान संशोधनबारे व्यापक छलफलको आवश्यकता

✍ विवेक

नेपालको संविधान जारी भएको ११ वर्ष भयो । २०६२/६३ को जनआन्दोलनको जगमा बनेका दलहरूको सरकारले २०७२ असोज ३ गते नयाँ संविधान जारी गरेको थियो । सामान्य अवस्थामा समेत हरेक दश वर्षमा एक पटक संविधान वा कानुनहरूको संशोधन आवश्यक हुने गर्दछ । तर, नेपालमा आन्दोलन वा विद्रोह नहोउन्जेल संविधान संशोधनबारे कसैले कुरा उठाउँदैनन् । एक समयमा असाध्य महत्त्व राख्ने विषय अर्को समयमा त्यसको औचित्यता समाप्त भैसकेको हुन सक्छ । समयअनुसार संविधान वा कानुनको परिवर्तन आवश्यक छ । संविधानका हरेक धारा समयको माग र जनताको आवश्यकता पूरा गर्ने हुनुपर्छ । नत्र त्यो जतिसुकै राम्रो भए पनि कार्यान्वयनमा आउन सकिँदैन ।

२०८२ भदौ २३ र २४ गतेको घटनापछि देशमा फरक दृश्य देखियो । फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा रास्वपाले प्रतिनिधिसभामा झण्डै दुई तिहाइ मत हासिल गरेपछि संविधान संशोधनको माग जोडले उठ्यो । प्रधानमन्त्री बालेन शाहको सल्लाहकार असिम शाहको नेतृत्वमा संविधान संशोधन बहसपत्र तयार गर्ने कार्यदल नै गठन गर्यो । तर, त्यो कार्यदलले सबै राजनीतिक दलहरूसँग व्यापक छलफल र अन्तरक्रियाहरू गरी काम गर्न सकेन र कार्यदलको औचित्य पुष्टि हुन सकेन ।

संसद्का प्रमुख प्रतिपक्ष दल नेकाले कार्यदलमा कुनै प्रतिनिधि नपठाई कार्यदललाई अस्विकार गर्यो भने प्रतिनिधि पठाइएको एमालेले प्रतिनिधि तोकेर पनि बैठकमा सहभागी नभई कार्यदललाई असहयोग गर्यो । नेकपा, लोसपा, जसपा नेपाल, राष्ट्रिय जनमोर्चाका प्रतिनिधिहरू पनि कार्य पूरा नहुँदै समितिबाट बाहिरिए । दलीय व्यवस्थामा राजनीतिक दलका प्रतिनिधिहरूको प्रतिनिधित्व बिनाको कार्यदलको कुनै अर्थ हुँदैन । दलहरूले आन्दोलन गरेर ल्याएको यस व्यवस्थामा प्रमुख दलहरूको सहभागिताविनाको कार्यदलले पेश गरेको प्रतिवेदन कागजको खोस्टाबाहेक केही अर्थ राख्दैन ।

अहिले प्रतिनिधि सभामा रहेका वा नरहेका राजनीतिक दलहरूले देशको राजनीतिक परिवर्तनमा कुनै न कुनै समयमा महत्त्वपूर्ण भूमिका खेलेका थिए र अहिले पनि खेल्दै छन् । एक पटक निर्वाचन जित्दैमा अरूको योगदानलाई अवमूल्यन गर्नु हुँदैन । सबै मानिस राजनीतिक दलमा लाग्छन् भन्ने पनि होइन । राजनीतिक दलमा नलागेर स्वतन्त्र बुद्धिजीवीका रूपमा रहेका कैयौँ कानुनका विज्ञहरू र धेरै बौद्धिक व्यक्तित्वहरू पनि समाजमा छन् । संविधान संशोधन वा पुनर्लेखनमा त्यस्ता व्यक्तित्वहरूको विचारलाई पनि समेट्न सक्नुपर्दछ । त्यस्ता व्यक्तित्वहरूको राय, सल्लाह र सुझाव लिन पनि कार्यदल वा आयोग पछि पर्नु हुन्न । जति बढी मानिसहरूको सहभागिता त्यति नै बढीले संविधानमा अपनत्व महसुस गर्छन् । जति धेरै मानिसहरूले अपनत्व ग्रहण गर्छन् संविधानको सफलता पनि त्यसैमा निर्भर रहन्छ ।

कुनै पार्टीले निर्वाचनमा दुईतिहाइ जित्दैमा त्यो सरकार चिरस्थायी हुन्छ भन्ने होइन । भदौ २३ र २४ गतेअघि केपी ओलीले आफ्नो नेतृत्वको सरकार तोप पड्काए पनि ढल्दैन भनेका थिए । एमाले र नेकासमेतको त्यो संयुक्त सरकार पनि दुई तिहाइ बहुमतकै थियो । तर, दुई दिनमै ढल्यो । अहिलेको रास्वपाको सरकार पनि ५ वर्षसम्म जाने कुनै सुनिश्चितता छैन । जति राजनीतिक दलहरूसँग सहकार्य र समन्वयमा काम गर्न सक्यो त्यति सरकारको आयु बढी लामो हुनेछ । अहिले दुईतिहाइको दम्भ रास्वपाका नेताहरूमा देखिँदै छ । त्यो उनीहरूको पतनको बाटो हो । समयमा विचार पुयाउन सकिएन भने उनीहरूको पतनलाई कसैले रोक्न सक्दैन ।

संविधान संशोधन सबैको चाहना हो । त्यो समयअनुसार हुन पनि पर्छ । संविधानका कुन कुन धाराहरूमा संशोधन गर्ने भन्ने विषयले महत्त्वपूर्ण अर्थ राख्छ । शिक्षा र स्वास्थ्य उपचार जस्ता जनताका आधारभूत आवश्यकताहरू निःशुल्क हुनुपर्छ, प्रत्येक व्यक्तिलाई रोजगारीको सुनिश्चितता, व्यक्तित्व विकासमा समान अवसर, घरवारविहीनका लागि बसोबासको सुनिश्चितता, स्वच्छ हावा, पानी र वातावरणमा बाँच्न पाउने हक र खानाको सुनिश्चितता सबै नागरिकहरूका लागि अनिवार्य आवश्यकताहरू हुन् । प्रत्येकको लागि योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको बन्दोबस्तले नेपाली युवाहरू देश छोडेर विदेशमा जानेहरूको सङ्ख्यामा कमी ल्याउनेछ । यस्ता विषयहरूका लागि संविधान संशोधन जरुरी छ । व्यापक जनताको हित चाहने सरकारले यी र यस्ता विषयहरूलाई संविधान संशोधनमा समेट्ने गर्छ । संविधान संशोधन कार्यदलमा यी कुनै पनि विषयहरू समेतिएको पाइँदैन ।

प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख, प्रदेश खारेजी, पूर्ण समानुपातिक निर्वाचन प्रणालीजस्ता राजनीतिक विषयवस्तुहरूमा व्यापक छलफलको आवश्यकता छ । ती विषयहरूले देशको दीर्घकालीन हितमा असर पर्ने भएको हुँदा कुनै दल विशेषको माग हुँदैमा संशोधनमा समेटिहाल्नुपर्छ भन्ने होइन । संसदीय प्रणालीमा निर्वाचित प्रधानमन्त्री संसद्प्रति उत्तरदायी हुन्छ, संसद्मा उपस्थित भएर सांसदहरूले सोधेका प्रश्नहरूमा जवाफ दिनुपर्छ । प्रत्यक्ष निर्वाचित राष्ट्रपतिमा त्यो जिम्मेवारी पूरा गर्नुपर्छ भन्ने हुँदैन । नेपालमा पनि अमेरिकाको ट्रम्प वा युक्रेनका जेलेन्स्की जस्तै राष्ट्रपति वा प्रधानमन्त्री निर्वाचित भएमा देशको हालत के हुन्छ ? यसबारे बौद्धिक जगतमा चर्चा छ ।

बालेन्द्र साह संसद्बाट निर्वाचित प्रधानमन्त्री हुन् । उनले संसद्को सम्मान गरेनन् । राष्ट्रपतिले नीति तथा कार्यक्रम वाचन गरिरहेका बेला संसद्बाट बाहिरिनु, संसद्मा प्रधानमन्त्रीले जवाफ दिनुपर्ने समयमा एकजना मन्त्रीलाई जवाफ दिन लगाउनु, सभामुखलाई समेत जानकारी नदिई अचानक संसद्मा उपस्थित भएर देशघाती अभिव्यक्ति दिनु यसका उदाहरणहरू हुन् । प्रधानमन्त्रीको व्यवहारले बालेन्द्र साह आफू संसद्बाट निर्वाचित होइन, बरु जनताबाट प्रत्यक्ष निर्वाचित भएको ठानिरहेको जस्तो देखाउँछ । कतिपयले प्रधानमन्त्रीको व्यवहार प्रत्यक्ष कार्यकारी प्रमुख ल्याउने पूर्वाभ्यासको रूपमा पनि लिएका छन् ।

प्रतिनिधिसभामा नेका, एमाले र नेकपा कमजोर भए पनि राष्ट्रियसभा, प्रदेशसभा र स्थानीय तहमा भने उनीहरू अत्यन्त शक्तिशाली छन् । तर ती पार्टीहरूले अहिले पनि राम्रो काम गर्न सकिरहेका छैनन् । प्रदेशसभा खारेजीको माग भइरहेकै बेला प्रदेश सरकारहरू परिवर्तनका फोहरी खेलहरू भइरहेका छन् । एमाले, नेका, नेकपा जस्ता शासक दलहरू सरकारको निम्ति जस्तोसुकै अनैतिक कार्य पनि गर्छन् भन्ने सन्देशकै कारण गत निर्वाचनमा जनताले रास्वपालाई भारी मत दिएका हुन् । यो कुरा ती पार्टीहरूले अहिले नै बिर्सी सकेका छन् । २०७९ सालको निर्वाचनपछिको बितेका चार वर्षमा कोसी प्रदेशमा ६ पटक, मधेसमा ५ पटक, गण्डकी, लुम्बिनी र सुदूरपश्चिममा ४/४ पटक, वाग्मतीमा ३ पटक तथा गण्डकीमा २ पटक सरकारहरू परिवर्तन भइसकेका छन् । यसले व्यापक जनतामा असन्तुष्टि ल्याएको छ । शासक दलहरूमा भने अझै चेत आइसकेका छैनन् । सर्पको मुखमा परेको भ्यागुटोले फट्याङ्ग्रा टिपेझैँ प्रतिनिधिसभामा नगन्य प्रतिनिधित्व भइसक्दा पनि प्रदेश सरकारहरू परिवर्तनका लागि कुकुर झगडा गर्दै छन् । यो लज्जास्पद विषय हो । यही अवस्था रहिरहने हो भने नेका, एमाले, नेकपाको प्रदेशसभामा उपस्थिति पनि प्रतिनिधिसभामा भन्दा कम हुन बेर लाग्दैन ।

राप्रपाले राजसंस्था, हिन्दुधर्म, सङ्घीयता खारेजीजस्ता मागलाई उठाइरहेको छ । नेकपा, जसपा नेपाल, जनमत पार्टी प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख र पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा जोड दिँदै छन् । नेका र एमालेको पनि आआफ्ना धारणाहरू छन् । विचार मिल्नेहरू एक ठाउँमा बसेर संविधान संशोधनको बारे छलफल गर्ने वातावरण सरकारले बनाउन आवश्यक छ । संविधान कुनै पार्टी विशेषको घोषणापत्र होइन । त्यो त तीन करोड जनताको भाग्य र भविष्य निर्माण गर्ने दस्तावेज हो । जति बढी छलफल र अन्तरक्रिया हुन्छ त्यति नै बढी संविधानका धाराहरू परिमार्जित हुन्छन् । ढिलो भएर केही बिग्रिँदैन तर हतारमा निर्णय गरेर पछि पछुताउन नपरोस् ।

संविधान संशोधनमा अलिकति मात्रै तलमाथि भएमा त्यसले देशमा अर्को आन्दोलनको जन्म दिन सक्छ । २०६२।६३ को जनआन्दोलनपश्चात् बनेको अन्तरिम संविधानमा सङ्घीयता राख्नुपर्ने माग राखेर मधेसी दलहरूले आन्दोलन गरे । संसद्मा रहेका मधेसी दलका सबै सांसदहरू राजीनामा दिएर आन्दोलनको नेतृत्व गर्न पुगे । मधेसमा अशान्ति छायो । त्यसलाई सम्बोधन गर्न तत्कालीन गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारले संविधान संशोधन गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्र थप गर्नुपरेको थियो । त्यो इतिहासलाई बिर्सने नगरौँ ।

त्यतिबेला धेरै सांसदहरूलाई सङ्घीयता के हो ? कुन कुन देशमा लागू भएको छ ? त्यसको सकारात्मक र नकारात्मक पक्षमा कुनै छलफल नै भएन । नेताहरूको लहडमा आएको हुँदा अहिले सङ्घीयता संविधानमा व्यवस्था भएको २० वर्ष भइसक्दा पनि त्यसको राम्रो कार्यान्वयन हुन सकेको छैन । सङ्घीयताप्रति जनतामा नकारात्मक धारणाको बिकास हुनु पनि त्यसैको कारण हो । बहुमतको नाउँमा जबरजस्ती संविधान संशोधन गर्न खोजियो भने त्यसले कार्यान्वयनमा समस्या ल्याउन सक्छ । यसबारे सचेत भएर मात्र संविधान संशोधनको बाटोमा अघि बढ्नु बुद्धिमानी हुनेछ ।

## सन्दर्भ : दलाई लामाको ९१ औं जन्मोत्सव

# साम्राज्यवादीहरूको 'छद्म युद्ध' अध्ययन - ३२

✍ रामरतन चौधरी

सन् १९४९ मा जनवादी क्रान्ति हुनुभन्दा अगाडि चीनको तिब्बतमा करिब ३२ लाख जनसङ्ख्या थियो । त्यसमध्ये २० लाख तिब्बती जनता दासको रूपमा जीवन गुजार्न बाध्य थिए भने १२ लाख दास मालिकहरू थिए । दलाई लामा 'धर्मराज' को नाममा ती नै दासमालिक तथा सामन्तहरूका नेता हुन् । सन् १९४९ मा चिनियाँ कम्युनिस्ट पार्टीले जनवादी क्रान्ति सम्पन्न गरेसँगै तिब्बतमा भूदास प्रथाको अन्त्य भयो । तर, दलाई लामाले संरा अमेरिकाको सहयोगमा सन् १९५० देखि १९६० सम्म तिब्बतमा सशस्त्र विद्रोह गरेर आफ्नो गुमेको स्वर्ग फिर्ता लिने दुस्प्रयास गरे । विद्रोह असफल भएपछि अमेरिका र बेलायतकै सहयोगमा दलाई लामा तिब्बतबाट भागेर भारत प्रवासमा गए । अहिले पनि उनले संरा अमेरिकी र युरोपेली साम्राज्यवादीहरूको संरक्षणमा प्रवासमा सरकार गठन गरेर तिब्बतलाई चीनबाट अलग गराउने षड्यन्त्र गर्दै छन् ।

**नेपालमा दलाई लामाको जन्मोत्सव**

नेपालमा पनि २०८३ असार २२ (६ जुलाई २०२६) गते काठमाडौँ, नागार्जुन नगरपालिका-२ स्वयम्भूमा रहेको नामग्याल आवासीय निम्न माध्यमिक विद्यालयमा तिब्बती शरणार्थी र बौद्ध अनुयायीहरूले १४ औँ दलाई लामा तेन्जिङ ग्यात्सोको ९१ औँ जन्मोत्सव मनाए । समारोहमा तिब्बती ओपेरा सङ्घ र विभिन्न तिब्बती विद्यालयका विद्यार्थीहरूले सांस्कृतिक नृत्य, गीत तथा झाँकीहरू प्रस्तुत गरे । जन्मोत्सव कार्यक्रम काइरोङ त्सेरिङ चोलिङ ननरी (Kyirong Tsering Choling Nunnery) का खेन्पो जाम्पा लोबसाङ रिन्पोछे (Khenpo Jampa Lobsang Rinpoche) को प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो ।

उक्त जन्मोत्सव कार्यक्रममा तिब्बती समुदायका लगभग ७०० सदस्य, संयुक्त राज्य अमेरिका, फ्रान्स, अस्ट्रेलिया र युरोपेली सङ्घका राजदूतहरू, नेपालस्थित संयुक्त राष्ट्र सङ्घ शरणार्थी उच्चआयोग (United Nations High Commissioner for Refugees) का अधिकारीहरू, नेपालस्थित मानव अधिकार सङ्गठनका प्रतिनिधिहरू, हिमाली बौद्ध समुदायका सदस्यहरू, वर्तमान र पूर्व तिब्बती सांसदहरू, स्थानीय तिब्बती बसोबास प्रशासनका वर्तमान र पूर्वअधिकारीहरू, वर्तमान तिब्बती बसोबास अधिकारीहरू, स्थानीय तिब्बती सभाका अध्यक्षहरू, क्षेत्रीय बोड रंगवाङ डेनपाई लेगुलका अध्यक्ष, स्नोलायन (Snow Lion Foundation) फाउन्डेसनका निर्देशक र कर्मचारीहरू, आर्थिक सहयोग गर्ने दाताहरू, तिब्बती विद्यालयका प्रधानाध्यापक तथा वरिष्ठ शिक्षकहरू र मठ तथा सामुदायिक संस्थाका प्रतिनिधिहरू सहभागी थिए । हेर्दा सो कार्यक्रम धार्मिक र सांस्कृतिक अनुष्ठान जस्तो देखिन्छ । तर, त्यसभित्र मुख्यभूमि चीनबाट तिब्बत टुक्र्याउने कुत्सित मनसाय लुकेको छ ।

काठमाडौँमा दलाई लामाको जन्मोत्सव उनका अनुयायीहरूले पहिले पनि मनाउने गर्थे । तर, पहिले गोप्य रूपमा भएका गतिविधि बाहिर आएका थिएनन् । अहिले भिडियो, फोटो, समाचारमार्फत बाहिर आएका छन् । पहिले जन्मोत्सवको निम्ति नेपालको प्रशासनबाट अनुमति दिइएको थिएन । यसपटक काठमाडौँ जिल्लाका प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेलको अध्यक्षतामा बसेको जिल्ला सुरक्षा समितिको बैठकले सार्वजनिक र्‍याली, सभा, पोस्टर प्रदर्शन नगरी भित्री उत्सव मनाउन अनुमति नै दियो । जिल्ला सुरक्षा समितिको बैठकमा गृहमन्त्री सुधन गुरुङ आफै सहभागी भएर प्रजिअलाई धम्काएको भन्ने आरोप विश्लेषक भरत दाहालले लगाएका छन् । उनका अनुसार प्रजिअ पौडेलले अनुमति दिन नमानेपछि सहायक प्रमुख जिल्ला अधिकारीले माइन्युट उठाएर निर्णय गरेका हुन् । यसमा नेपाली सेना पनि संलग्न रहेको देखिन्छ ।

**जन्मोत्सव अनुमतिको विरोध**

चीनका लागि नेपालका सातजना पूर्वराजदूत राजेश्वर आचार्य, महेन्द्र पाण्डे, टङ्क कार्की, महेश मास्के, लीलामणि पौडेल, विष्णु पुकार श्रेष्ठ र कृष्णप्रसाद ओलीले संयुक्त वक्तव्य प्रकाशित गरेर सरकारले दिएको उक्त अनुमतिको विरोध गरे । यो विषय प्रतिनिधिसभा बैठकमा पनि उठ्यो । एकजना सांसद प्रमेशकुमार हमालले सरकारसँग स्पष्टीकरण नै मागे । उनले नेपाल एक चीन नीति र असंलग्न परराष्ट्र नीतिबाट बाहिरिएको हो कि होइन भन्ने प्रश्न गरे ।

अर्का सांसद ऐनबहादुर महरले नेपालमा दलाई लामाको जन्मदिन सार्वजनिक रूपमा मनाउन अनुमति दिएर पश्चिमा देशहरूले नेपाललाई चीनविरुद्ध प्रयोग गर्न खोजेको बताए । एक पूर्वपरराष्ट्रमन्त्रीले नेपालले विश्वव्यापी शक्तिहरूको रणनीतिक स्वार्थसँग आफूलाई उभ्याएको र यसले नेपालको सार्वभौमसत्तालाई कमजोर बनाउने चेतावनी दिए ।

**चीनको प्रतिक्रिया**

नेपालमा भएको दलाई लामाको जन्मोत्सवबारे काठमाडौँस्थित चिनियाँ दूतावासले कुनै प्रतिक्रिया जनाएको छैन । बरु परराष्ट्र मन्त्री शिशिर खनालले २०८३ जेठ ३१ गतेदेखि असार ३ सम्म चीनको औपचारिक भ्रमण गर्दा चीनका विदेशमन्त्री वाङ यीले परराष्ट्र मन्त्रीसँगको वार्तालापमा "नजिकको छिमेकी टाढाको आफन्तभन्दा उपयुक्त हुने" धारणा राखे । यो अमेरिकी लहलहैमा नेपालले चीनविरोधी गतिविधि गर्नेहरूलाई ठाउँ दिन नहुने चीनको स्पष्ट धारणा हो ।

१४ औँ दलाई लामा र उनका समर्थकहरूले आफूहरू तिब्बतमा धार्मिक शासन पुनःस्थापना गर्नका लागि नभई तिब्बती जनताको सुखका लागि काम गरिरहेको बताउँछन् । तर, उनीहरू तिब्बती इतिहासकै अँध्यारो र क्रुर व्यवस्था धार्मिक सत्तालाई पुनःस्थापित गरेर चिनियाँ जनतालाई पुनः दास बनाउन चाहन्छन् । दलाई लामा सामान्य भिक्षु मात्र होइनन् । चीनले दलाई लामालाई एक धार्मिक गुरुमात्र नभई तिब्बतलाई चीनबाट अलग गर्न खोज्ने राजनीतिक तथा विखण्डनकारी शक्तिका रूपमा हेर्दै आएको छ ।

चीनको १४ औँ राष्ट्रिय जन काङ्ग्रेसको चौथो सत्रको समापन बैठकले १ जुलाई २०२६ देखि लागु हुने गरी "जातीय एकता तथा प्रवर्द्धन कानून (Ethnic Unity and Progress Law)" पारित गर्‍यो । यो कानूनको धारा ६३ मा "चिनियाँ मुख्यभूमिभन्दा बाहिर चीनको जातीय एकता र प्रगतिलाई कमजोर पार्ने वा विभाजन गर्न उक्साउने व्यक्ति वा संस्थाहरूलाई कानुनबमोजिम जिम्मेवार बनाएर कारबाही गरिने" उल्लेख छ ।

**दलाई लामालाई अमेरिकी सहयोग**

सन् १९६० को दशकमा अमेरिकी गुप्तचर निकाय (सीआईए) को आर्थिक तथा सैन्य सहयोगमा नेपालको मुस्ताङ क्षेत्रलाई आधार बनाएर खम्पाहरूले चीनविरुद्ध सशस्त्र गतिविधि सञ्चालन गरेका थिए । सन् १९७४ (वि.सं. २०३१) मा नेपाली सेनाले मुस्ताङमा विशेष अपरेसन सञ्चालन गरी खम्पा विद्रोहीहरूलाई पूर्णरूपमा निःशस्त्र पार्दै आत्मसमर्पण गराएको थियो । अहिले अमेरिकी साम्राज्यवाद नेपालमा पुनः खम्पा विद्रोहको तयारी गर्दै छ । भदौ २३ र २४ गते जेनजीको नाउँमा भएको उपद्रोमा देखिएको TOB को भूमिकाले त्यस्तै सङ्केत गर्छ ।

सन् २०२५ को निम्ति अमेरिकाको NED Board ले चिनियाँ प्रशासनले अस्वीकार गरेका तथा दलाई लामाले नियुक्त गरेका ११ औँ पञ्चेन लामा गेधुन चोएकी न्यिमा (Gedhun Choekyi Nyima) लाई 'लोकतन्त्र सेवा पदक' प्रदान गरेर पृथकतावादीहरूलाई उक्साउने काम गर्‍यो ।

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले ३ फेब्रअरी २०२६ मा (Consolidated Appropriations Act H.R. 7148) कानुनमा हस्ताक्षर गरे । सो कानुनअनुसार आव २०२७ को निम्ति तिब्बती समुदायहरूसँग काम गर्ने विभिन्न गैर-सरकारी संस्थाहरूलाई संरा अमेरिकाले सांस्कृतिक परम्पराको संरक्षण र दिगो विकास, शिक्षा र वातावरणीय संरक्षण प्रवर्द्धन गर्ने नाममा १० मिलियन डलर, शरणार्थी र प्रवासमा रहेका तिब्बती समुदायहरूको संस्कृति र भाषाको प्रवर्द्धन र संरक्षण तथा विकासको निम्ति ८ मिलियन डलर, तिब्बती प्रशासनको क्षमता सुदृढीकरण गर्ने कार्यक्रमका लागि ५ मिलियन डलर बजेट छुट्याएको छ । जसमा भारत र नेपालमा आश्रय लिएर बसेका तिब्बती शरणार्थीहरूको आधारभूत आवश्यकता पूरा गर्न मद्दत गर्ने विषय पनि उल्लेख छ । तिब्बती शरणार्थीहरूलाई गरिने अमेरिकी सहयोग 'छद्म युद्ध' कै एक अंश हो ।

**नेपालको "एक चीन नीति"**

नेपालले तिब्बतीहरूलाई मानवीय आधारमा शरण दिने तर कुनै पनि राजनीतिक गतिविधि गर्न नदिने पहिलेदेखिको नीति हो । सन् १९५६ मा नेपाल र चीनबिच कूटनीतिक सम्बन्ध सुदृढ गर्ने क्रममा भएको ऐतिहासिक सम्झौतामा नेपालले औपचारिक रूपमा तिब्बतलाई चीनको अभिन्न अङ्गका रूपमा स्वीकार गरेको थियो ।

नेपाल सरकारले सन् १९९५ देखि नेपालभित्र प्रवेश गर्ने नयाँ तिब्बतीहरूलाई 'शरणार्थी परिचयपत्र' वितरण गर्न बन्द गरेको थियो । सन् २००५ (वि.सं. २०६१) मा काठमाडौँमा रहेको दलाई लामाको आधिकारिक सम्पर्क कार्यालय कानुनी रूपमा बन्द गरेको थियो । तर, गैरकानुनी रूपले नेपाली नागरिकता लिएका तिब्बतीयनहरू पनि छन् । तीमध्ये केही व्यक्ति नेपालको उच्च पदमा पुगेको पनि विश्लेषकहरू बताउँछन् ।

सन् २००८ मा बेइजिङ ओलम्पिकको पूर्वसन्ध्यामा काठमाडौँमा तिब्बती शरणार्थीहरूले 'फ्री तिब्बत' को प्रदर्शन गरेका थिए । सो प्रदर्शनमा केही तिब्बतीहरूले आत्मदाहको प्रयाससमेत गरे । त्यसपछि नेपाल सरकारले सन् २००८ (वि.सं. २०६४/६५) देखि नेपाली भूमिमा चीनविरोधी राजनीतिक गतिविधि, जुलुस र प्रदर्शन सञ्चालन गर्न पूर्णरूपमा रोक लगाएको थियो । अहिले फेरि भदौ २३ र २४ गतेको उपद्रोपछि सरकारकै संरक्षणमा तिब्बतीयन पृथकतावादीहरूको गतिविधि नेपालमा बढ्दो छ । नेपालको 'एक चीन नीति' धरमराउन थालेको छ । यसले नेपालको हित गर्दैन ।

# रोहितका जेल, प्रवास, भूमिगत र पुस्तक प्रेमबारेका थप सस्मरण



नारायणमान बिजुक्छें (रोहित) अध्यक्ष, नेमकिपा

**जेल यात्रा**

२०२०-२२ सालमा भएको विद्यार्थी आन्दोलनको सिलसिलामा काठमाडौँ, पाटन र भक्तपुरका चारजना शिक्षक पनि पक्राउ परेका थिए। काठमाडौँबाट विष्णुबहादुर श्रेष्ठ (अङ्ग्रेजी र गणितका शिक्षक), डिल्लीबजारका रघु गुरु, पाटनका रामबहादुर श्रेष्ठ र भक्तपुरबाट म पक्राउ परेँ। नख्खु जेलमा लगेर मेरो पक्राउ पुर्जीमा 'नजर बन्द' लेखिएकोले जेलमा ठूली फुपू भेट्न आउनुहुँदा जेल प्रशासनले भेट्न दिएको थिएन।

त्यसबेला मैले येनान गोष्ठीमा 'कला र साहित्यमा माओ त्सेतुङको प्रवचन' बारे चीनको एक अङ्ग्रेजी म्यागेजिन (पत्रिका) को जनमुक्ति सेनाको पत्रिकाको एक लेख (अप्रिसियसन) को अनुवाद (त्यसबेलासम्म नेपाली भाषामा अनुवाद छापिसकेको थिएन) नेपालीमा गरेको थिएँ।

पछि सो लेखको अनुवाद 'श्रमिक' मा दुई-तीन पटक छापिएको अनुभव हुन्छ।

***

सानोठिमीको प्राविधिक शिक्षा तालिम केन्द्रमा म श्री पद्म हाइस्कूलको तर्फबाट सचिवालय विज्ञान (सेक्रेटरियल साइन्स) को तालिममा थिएँ। त्यस अमेरिकी प्रोजेक्टमा १३ अञ्चलका शिक्षकहरू थिए। अमेरिकी पर्यटकहरू मात्र आए पनि उठ्नुपर्ने र नेपाली मन्त्रीहरू निरीक्षणमा आए प्रशिक्षार्थीहरू उठ्नु नपर्ने परिस्थितिमा शिक्षकहरूमा असन्तुष्ट हुनु स्वाभाविक थियो। त्यसको विरोधमा हडताल हुँदा म दोस्रोपटक पक्राउ परेँ। पछि म नख्खु जेलमा लगिएँ।

त्यसबेला जेलको स्थिति र बन्दीहरूबारे कथाहरू लेखेको सम्झन्छु।

***

भक्तपुर दरबार चोकमा अमेरिकी दूतावासले चन्द्रमामा रकेट पठाएको बारे एक फोटो प्रदर्शन हुँदै थियो। त्यसबेला युवा, विद्यार्थी, शिक्षक र किसानहरूबाट भियतनाममाथि अमेरिकी आक्रमणको विरोधमा फोटो प्रदर्शनी र विरोध प्रदर्शन भएको थियो। त्यसबेला पक्राउ हुनेहरूमा म पनि परेँ, अरू साथीहरू छुटे र म पुन: नख्खु जेल पठाइएँ।

त्यसबेला मैले सिधासादा बन्दीहरूलाई पढाउने काम गरेँ। रुसी लेखक टल्स्टाएका निर्दोष व्यक्तिहरू हत्याको मुद्दामा लामो समयसम्म अमानवीय सजाय भोगिरहेका कथाहरूबाट म प्रभावित थिएँ।

त्यसबेला मैले नेपाली, युरोपेली र अमेरिकी इतिहास र साहित्यहरूको अध्ययनमा समय खर्च गरेँ। सोअनुसार केही लेखहरू 'मजदुर' पत्रिकामा धारावाहिक रूपमा छापिए।

***

चाँगुमा एक ठूलो जग्गा धनीले मोहियानी हक नदिँदा किसान सङ्घर्ष भड्किएको थियो। संयोगले म त्यसबेला काठमाडौँमा थिएँ। फर्किँदा बाटैमा पक्राउ परेँ। मेरो प्रस्ट उत्तर थियो - सङ्घर्षको निर्णय किसान सङ्गठनले गर्छ, म किसान सङ्गठनको सदस्य होइन। जोताहा किसानहरूको माग जायज छ, कानुनसम्मत छ र म त्यसको पक्षमा छु।

प्रशासकहरूसँग पटकपटक छलफलपछि भक्तपुरमै प्रहरीले छोड्न ल्यायो।

यसरी अनेक घटनाहरूमा पक्राउ गर्ने र छोड्ने गर्थ्यो प्रशासनले।

***

**भूमिगत**

भक्तपुरमा नवदुर्गा सहकारी संस्थामा भ्रष्टाचार भएकोमा बचतकर्ता किसानहरूले सहकारी सदस्य भएका जनतालाई हिसाब-किताब देखाउन अस्वीकार गर्ने सभापतिलाई उल्टो टोपी लगाई नगर घुमाउने सङ्घर्षमा धेरै साथीहरू पक्राउ परे र म सङ्गठनको निर्णयअनुसार पहिलोचोटि भूमिगत भएँ।

नेपालको भूमि सुस्तामा भारतीय अतिक्रमणको विरोधमा र भ्रष्टाचारविरोधी सङ्घर्षको कारण म भूमिगत अवस्थामा जनताको सेवामा लागेँ।

भक्तपुर नगरपालिकामा जनताका प्रतिनिधिहरूको बहुमत थियो। त्यसकारण, सरकारको थिचोमिचो थियो। अर्कोतिर भियतनाममा अमेरिकी साम्राज्यवादको आक्रमणको विरोधमा दरबार स्क्वायरमा राष्ट्रपति जोनसन र अमेरिकीमन्त्री म्याकन माराको विरोधमा जनताले विरोध गर्दा पुन: भूमिगत जान बाध्य भएँ। त्यसैबेला मैले एउटा कविता लेखेको थिएँ - 'साथी, म भियतनाम जान्छु।' त्यो कविता शशिकला शर्माद्वारा सम्पादित 'स्वास्नीमान्छे' त्रैमासिक पत्रिकामा छापिएको थियो। त्यो कविता शारदा माविको सभा भवनमा आयोजित कविता गोष्ठीमा पाठ गरेको थिएँ।

**१० वर्ष भारत प्रवास**

सन् १९७० देखि १९८० सम्म म सङ्गठनको निर्णयअनुसार भारत प्रवासमा गई नेपाली जनताको सेवामा लागेँ। प्रगतिशील साहित्य र कम्युनिस्ट आन्दोलनको सैद्धान्तिक स्पष्टताको निम्ति काम गरेँ। जस्तै :-

क) 'जनताको साहित्य' साहित्यिक प्रकाशन चालू राखेँ।

ख) 'जनताको साहित्य र साहित्यकार' एक सरल पुस्तक लेखेँ र समयमै प्रकाशित भयो।

नेपाल र भारतको सीमामा रहेका जनताका निम्ति केही भारतीय प्रगतिशील र साथीहरूसँग मिलेर 'आधार', 'समाचार संसद्', 'ध्रुवतारा' र 'नेपाल तराई' हिन्दी भाषामा प्रकाशित गरियो। पछि 'आधार' नेपाली भाषामा पनि प्रकाशित गरियो।

नेपालमा बस्दा आफ्नो नामबाट पुस्तक प्रकाशित गर्न नमिल्ने हुँदा 'हरिबहादुर श्रेष्ठ' को नामलाई प्रयोग गरेँ। प्रवासमा बस्दा केन्द्रीय समितिमा 'रोहित' को नामबाट काम गर्थेँ। त्यस्तै 'रामबहादुर ज्यापु' र अन्य उपनामहरू पनि प्रयोग गर्ने गर्थेँ।

**कम्युनिस्ट आन्दोलनबारे**

१) नेपालको कम्युनिस्ट आन्दोलनमा देखापरेका खोटा विचारहरूको खण्डन (मुख्य शत्रुको पहिचान र आन्दोलनबारे अवसरवादको विरोधमा)

२) रुसी-संशोधनवाद सामाजिक - साम्राज्यवादमा पतन

३) नेपाल भारत सम्बन्ध र भारत

४) विश्वका प्रसिद्ध मजदुर आन्दोलनहरू

५) नेपालको तराईको किसान आन्दोलनबारे (ऐतिहासिक किसान आन्दोलन : एक अध्ययन (बारा, रौतहट, धनुषा, सिराहा र सप्तरी )

६) समाज विकासको एक झलक (१५-२० वर्षपछि मात्र यो पुस्तक नेपालमा प्रकाशित भयो।)

भारत प्रवासको अन्तिम समयमा पार्टी ( नेमकिपा) भित्र घुसेका त्रोत्स्कीवादी र आतङ्कवादीहरूको गोली प्रहारमा परेँ र बाँचेँ।

**जनमतसङ्ग्रहको आह्वान र नेपाल प्रवेश**

२०४२ सालमा ५ वाम आन्दोलनमा पाटनको सत्याग्रहमा म पक्राउमा परेँ। नख्खु जेलमा ५ महिना राखियो।

२०४५ सालमा राज्यस्तरबाट गरिएको षड्यन्त्रमा २० महिनाको जेल जीवनमा दुई चार महिना काठमाडौँको केन्द्रीय कारागारमा राखिएको र देशमा बहुदलको पक्षमा आन्दोलन चर्केपछि 'कोर्ट गार्ड' (चौबीसै घण्टा प्रहरीको निगरानीमा) गुप्त रूपमा प्रहरीको केन्द्रीय कारागारमा राखियो। फेरि म नख्खु जेलमा लगिएँ।

त्यसबेला परिवार र खासगरी शोभालाई भक्तपुरबारे साह्रै थोरै जानकारी भएको, आफ्नो मानिस र अरू परचक्रीहरूबारे केही थाहा थिएन। त्यस्तो जानकारी दिने समय र अवस्था नै भएन। उनी नख्खुमा भेट्न आउँदा उनको मुखले आफ्नो मनको सुख दु:ख बताउनुभन्दा पनि आँखाको आँसुको अभिव्यक्तिबाट बुझेर मैले उनको मन र मस्तिष्कलाई सान्त्वना दिन, मेरो र दलको उद्देश्यप्रति कुनै भ्रम र अस्पष्टता नहोस् भनी पत्रको सहारा लिने उपाय रोजेँ। एकातिर तत्कालीन दु:ख र पीडाबाट म र परिवारको चासो, अनि शोभाकै मनलाई ढाडस दिनु थियो। हामीबाट कुनै पनि गल्ती र नराम्रो काम भएको छैन र हामी कुनै पनि रूपमा पछि हट्नुपर्ने कुरा होइन। हामी देश र जनताको नि:स्वार्थ रूपले सेवामा लागेका छौँ।

त्यसैको निम्ति विद्यार्थीलाई विज्ञान प्रयोगशालामा आवश्यक सामग्रीहरू (आप्रटस) देखाएर शिक्षकले प्रस्ट पारेजस्तै भक्तपुर र भक्तपुरका जनताको देशप्रतिको योगदानबारे एकएक वस्तुलाई परिचय गराएजस्तै मैले भक्तपुरको भूगोल, इतिहास, कला-संस्कृति र हाम्रो निश्छल भावनालाई छर्लङ्ग पार्न खोजेँ। मनमा केही कुरा नपाउनु भनेको दु:ख हो, जानकारी पाउनु सुखको अनुभूति हो। त्यसमाथि व्यक्तिको गहिरो अध्ययनले उनीमा साहस र लड्ने आँटको सिर्जना होस् भन्ने हो। हाम्रो जेल मुक्तिको समय ढिलो भए पनि बालबच्चालाई हुर्काउनेबारे विषयवस्तुको स्पष्टताले हिम्मतमा वृद्धि हुन्छ। पछि २-४ वर्षपछि उनको शान्त मुद्रा हेरी पत्रको कुरा उप्काउँदा उनले भनिन् - "मैले पत्रलाई दोहोर्याई तेहर्याई पढेँ, मलाई एक प्रकारले मनलाई सान्त्वना दिने र सङ्घर्ष गर्न ठूलो भूमिका खेल्यो।"

पहिलेका जेलका यात्राहरूमा चिठी लेखेरै बताउनुपर्ने केही थिएन, आमा, भाइ र बहिनीहरूलाई ! बरु अरू विषय थाहा पाउने अन्य विषय लेख्नमा ध्यान जान्थ्यो।

नेपाली साहित्यमा विश्वका विभिन्न देशका बारेमा थोरै मात्र पुस्तकहरू थिए। यसकारण, म पहिलो र दोस्रो विश्वयुद्धका चर्चित व्यक्तिहरूको बारे आलोचनात्मक अध्ययन प्रस्तुत गर्न चाहन्थेँ। तर, शत्रुहरूको निरन्तर प्रहार हुँदा उत्तर पनि तत्काल दिनुपर्ने कारणले हामी सदा तयार रहनु जरुरी थियो। यसकारण, सेन्सरबाट समेत स्वीकार हुने गरी शोभालाई जानकारी दिनु अनि दिदीबहिनी र महिलाहरूसम्म पुग्ने अनुमानमा चिठीहरू लेखिएका थिए। सायद, निर्णय सही थियो।

धेरै पटकको जेल जीवनको कारण व्यक्तिगत चिन्ताभन्दा पनि हाम्रो समय खेर नजाओस् भन्ने चिन्ता मनमा रहिरहन्थ्यो। तर, शत्रुहरूको झूटा आरोप र लान्छनाहरूको उत्तर जरुरी थियो जो हामी सबै तत्काल र प्रतिकार गर्न सफल भयौँ। आफूसहित ६७ जना साथीहरूलाई सर्वस्वसहित ज्यान सजाय हुने मुद्दा थियो।

**घरमा बन्दी**

प्रजातन्त्रको पुन:स्थापनापछि पनि फेरि दुईपटक 'घरमै बन्दी' (हाउस आरेस्ट) मा परेँ।

प्रजातन्त्र पुन:स्थापनापछि पनि सरकारहरूको वक्रदृष्टि हामीबाट हटेन। त्यसको उदाहरण घरमै गरेको नजरबन्द थियो।

१) १८ असोज २०५६ (४ अक्टोबर २००२) मा सुकुलढोकामा दुई हप्ता प्रहरी तैनाथ रह्यो।

२) १९ माघ २०६१ (१ फेब्रुअरी २००५) कमलविनायकमा तीन हप्ता घरमै प्रहरीको पहरा रह्यो।

हाम्रो जीवन भने आज पनि खुला पुस्तकजस्तै छ।

यस चिठीको चिनियाँ भाषाको अनुवादले साधारण चिनियाँ जनताले तत्कालीन नेपालका कला-संस्कृति, नेपाली जनताका सुख-दु:ख र समाजबारे प्रत्यक्ष देखेको अनुभव गर्नेछन्। चिनियाँ जनताले आफ्नै भाषामा वर्तमान नेपालबारे लेखिएका पुस्तकहरू कमै होलान् भन्ने म ठान्छु। यस चिट्ठीबाट चीनको नयाँ पुस्ताले पनि नेपालबारे मात्र होइन आफ्नै देशको हिजोको सुख-दु:खबारे पनि जिज्ञासा राख्ने सम्भावना छ। यसले नेपाली र चिनियाँ जनतामा आपसको सामाजिक र राजनीतिक विषयमा प्रत्यक्ष जानकारी हुनेबारे कुनै दुविधा हुनेछैन।

यस कार्यमा अनुवाद कार्य गर्ने चिनियाँ साथी श्रीमती चाङ हङवेई (ZHANG HONGWEI) र नेपाली साथी प्रणय चित्रकारलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु। यसको प्रभाव १० वर्षपछि अझ धेरै गुणा बढी महत्त्वपूर्ण र सत्कार्य गरिएको साबित हुनेछ। यसको निम्ति प्रकाशनको मुख्य भूमिका खेल्ने बाल विकास विद्यालयका सहयोगी सञ्चालक समितिलाई धन्यवाद दिन चाहन्छु।

तर, नेपाली जनतामा प्राचीन चीनको आध्यात्मिक प्रभाव थियो भने नयाँ युगको प्रभाव अझ व्यापक र प्रकाशमय छ। नेपाल र चीनको प्राचीन साहित्यको अनुवादले पनि दुई देशको जनतामा ठूलो अल्हाद (आनन्द) को अनुभूति हुनेछ।

**पुस्तकहरू लेख्ने मेरो तलतल**

२०२२-२३ सालमै 'भियतनाम एक परिचय' भन्ने सानो पुस्तिका लेखेर मातृभूमि प्रेसमा दिएँ। पुस्तिका छाप्यो तर सहायक अञ्चलाधीशले प्रस्टै भने - "पुस्तिका स्वीकृत हुनेछैन, त्यसमा मित्रराष्ट्र अमेरिकी राष्ट्रपतिलाई निन्दा गरिएको छ।"

मैले भनेँ- "यो मेरो विचार हो, नेपालमा प्रेस स्वतन्त्रता छ र वाक् स्वतन्त्रता पनि छ। यो मेरै पैसा हो।"

त्यसको भोलिपल्ट हाम्रै परिवारका एक नातेदार 'सरकार समर्थक' व्यक्ति आएर भने "तिमीलाई सरकारले एक प्रेस र कागजको रकमसमेत पुर्‍याउँछ, तिमीले सरकारको एउटा पत्रिका चलाऊ।" मैले उत्तर दिएँ - "गोरखापत्र र अरू पत्रपत्रिका छन् नि, मैले किन नयाँ पत्रिका चलाउने ?"

केही दिनपछि म प्रेसमा पुग्दा प्रेसका मालिकले भने - "यहाँ रहेका तपाईंका दुई पुस्तक अञ्चलाधीश कार्यालयबाट प्रहरीहरू आएर सबै पुस्तक लगेर जलाइदियो भने सुन्छु; मैले लेखकको निम्ति प्रुफ हेर्न एक-एक कपी तपाईंको निम्ति राखेको दिन्छु।"

म पुस्तकहरू लिएर फर्केँ र पुस्तकलाई अन्तै साथीहरूकहाँ पठाएँ। पछि ती नै पुस्तकहरूमध्ये 'चीन भ्रमण' केही सम्पादनपछि छापियो र 'भियतनाम परिचय' मा भने आजको भियतनाम, होचि मिन्ह र संसारमा प्रथम महिला सेना नेतृबारे तथा अन्य विषय पनि गाँसेर प्रकाशित गर्ने विचारमा छु। त्यसमा भियतनाम, लाओस र कम्बोडियाको बारे पनि जानकारी दिने मनमा राख्दै आएको छु। समयले साथ दिएमा त्यसबाट पनि नेपाली भाषाको सेवा हुने भन्ठान्छु।

आयोजक मित्रहरू, अनुवादक साथीहरू र सहभागी सबै साहित्यप्रेमी साथीहरूप्रति आभार प्रकट गर्न चाहन्छु।

***(नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले शुक्रबार बाल विकास इङलिस सेकेन्डरी स्कूलद्वारा आयोजित चिनियाँ भाषामा अनुदित 'जेलका चिट्ठीहरू' पुस्तक सार्वजनिकीकरण कार्यक्रममा व्यक्त मन्तव्यको सार-सं)***




# चीनको गरिबीविरुद्धको लडाइँमा विजयको एउटा कथा

✍ समा

गरिबीविरुद्धको लडाइँ चीनको लागि क्रान्तिपछिको क्रान्ति बन्यो। आफ्नो उद्देश्यअनुरूप सन् २०२० सम्ममा चीनले गरिबी उन्मूलनको पहिलो शताब्दी लक्ष्य हासिल गर्‍यो। अत्यन्त पिछडिएको र गरिबीको दुःख भोगिरहेका प्रान्तहरूलाई सम्पन्नता र सुखको बाटोमा हिँडाउन सफल भयो। छोटो समयमा एकैपटक ९ करोडभन्दा बढी जनतालाई गरिबीको रेखामुनिबाट माथि उठाउनु चमत्कारभन्दा कम थिएन। विश्व मानव इतिहासमा यस्तो चमत्कार पहिलो पटक सम्भव भयो।

गरिबी निवारणका लागि लक्ष्य या उद्देश्यसँगै नेतृत्व जरुरी हुन्छ। अथक प्रयास र निरन्तरको मेहनत जरुरी हुन्छ। आर्थिकरूपले पिछडिएका प्रान्तहरूमा पुगेर इमानदारी र लगनका साथ लक्ष्यप्रति कटिबद्ध भई काम गर्ने पार्टी कार्यकर्ता र सरकारी अधिकारी या कर्मचारीहरूको आवश्यकता हुन्छ भन्ने सन्देश चीनमा गरिबी निवारणको एउटा महत्त्वपूर्ण क्रान्तिले दिन्छ। चीनमा गरिबीविरुद्ध लडाइँको एउटा दृष्टान्त प्रस्तुत गर्ने पुस्तक 'गरिबीलाई बिदाइ' (Up and Out of




Poverty) मा पढ्न पाइन्छ। चीनको फुचिआन प्रान्तको उत्तरपूर्वी तटीय क्षेत्रमा अवस्थित एउटा गाउँ (अहिले सहर) निङ्त (Ningde) कसरी गरिबीको दलदलबाट माथि उठ्यो ? चिनियाँ सरकार र चिनियाँ कम्युनिस्ट पार्टीले कस्तो नीति र योजना बनाए ? निङ्तले अँध्यारोबाट उज्यालोतर्फको यात्रा कसरी तय गर्‍यो ? यी प्रश्नहरूको उत्तर पुस्तकमा छ। मिनतोङ नामले पनि चिनिने निङ्त सहरमा गरिबी उन्मूलनको विराट शब्दचित्र पुस्तकले प्रस्तुत गर्छ। चीनमा गरिबी उन्मूलनको क्रान्तिकारी अभियानको एउटा प्रतिनिधि कथा मात्रै हो निङ्तेइ। निङ्तेइतिर हेरेर समग्र चीनमा भएको क्रान्ति महसुस गर्न सकिन्छ। विभिन्न समयमा राष्ट्रपति सी चिनफिङले निङ्त र त्यहाँका गाउँहरूमा गरिबी उन्मूलनका निम्ति कार्यकर्ता, कर्मचारी र जनतालाई मार्गनिर्देश गर्न दिनुभएका मन्तव्यहरू पुस्तकमा सङ्ग्रहित छन्। सन् १९८८ सेप्टेम्बरदेखि सन् १९९० मे महिनासम्मका करिब २९ वटा मन्तव्यहरू यस पुस्तकमा सङ्कलित छन्। प्रत्येक मन्तव्यहरूले निङ्तको गरिबी उन्मूलनका निम्ति बाटो मात्र देखाएको छैन बरु काम गर्नेहरूलाई ऊर्जा र उत्साह पनि प्रदान गरेको अनुभूति हुन्छ।

नेपालमा गरिबी निवारणको नारा धेरै पुरानो हो। तर, दिन प्रतिदिन गरिबी दर बढ्दो छ। नेपालको सन्दर्भमा पनि क्षेत्रक्षेत्र छुट्याएर गरिबी उन्मूलनको कार्यक्रम या योजना बन्नुपर्ने हो। यो पुस्तकले सानो क्षेत्र या भेगलाई छुट्टाछुट्टै विकेन्द्रीकृत रूपमा कसरी आत्मनिर्भरतातिर लान सकिन्छ भन्ने दृष्टान्त प्रस्तुत गर्छ। नेपाल जस्तो गाउँ नै गाउँ र भौगोलिकरूपमा चुनौतीपूर्ण क्षेत्रहरूले भरिएको देशका लागि चीनको अनुभव राम्रो शिक्षा बन्न सक्दछ। यो पुस्तकको अध्ययन र चर्चा नेपाली समाजका लागि अझ सान्दर्भिक र सामयिक महसुस हुनेछ।

निङ्तको प्रशासनिक क्षेत्र र सहरहरू फुचिआनकै सबैभन्दा पिछडिएको र गरिब क्षेत्र थियो। निङ्तका जनताले दैनिक जीविकोपार्जन पनि गर्न नसक्ने अवस्था थियो। निङ्त चीनका अल्पसङ्ख्यक जनताको बाहुल्य रहेको ठाउँ थियो। भौगोलिकसँगै सांस्कृतिक र अन्य समस्याहरूको कारण पनि निङ्त पछाडि थियो। चिनियाँ सरकारले गरिबी उन्मूलनका लागि क्षेत्रहरू छुट्याई योजना बनाएको थियो। उक्त ठाउँमा स्वयम् नेता सी चिनफिङ पार्टीका कार्यकर्ता र सरकारको प्रशासक या अधिकारीको रूपमा खटिनुभएको थियो। फुचिआनमा काम गरिरहँदाकै समयमा नेता सीले निङ्तको अवस्थाबारे जानकारी लिनुभएको थियो। उहाँलाई त्यहाँ खटाइएपछि निङ्तको मुहार फेरिन सुरु भयो। अहिले अर्थात् पुस्तक प्रकाशन गरिएको समय, आजभन्दा ६ वर्षअघि नै निङ्त स्वर्गको एउटा टुक्रा बनिसकेको छ। करिब ३ दशकको छोटो समयमा निङ्तेइको जनजीवनमा कायापलट भयो। दैनिक आवश्यकता पूरा गर्ने आर्थिक स्थिति पनि नभएको निङ्तबाट आज कृषि र हस्तकलाका उत्पादनहरू निर्यात गरिन्छ।

नेता सीको नेतृत्वमा सुरुआती दिनमै तल्लो तहबाटै चारवटा महत्त्वपूर्ण अगुवाइहरू थालिए। निङ्तको वस्तुस्थितिलाई सघन अध्ययन गरी समस्या र सम्भावना पहिचान गरियो। निङ्तको आर्थिक विकास प्रमुख मुद्दा बनाइयो। "एउटा केन्द्रीय काम र दुईवटा प्राथमिक केन्द्रहरू" निर्माणको शैली अपनाइयो। निङ्तको आर्थिक या भौगोलिक बेफाइदा भनेको यो ताइवान र प्रशान्त महासागरको छेवैमा अवस्थित टापु सहर हो। नेता सीले निङ्तमा बलियो सुधार खुलापनको आवश्यकता महसुस गर्नुभयो। उहाँले घरेलु सहकार्य र विदेशी लगानीमा जोड दिनुभयो। बाहिरी आर्थिक स्रोत र प्रविधिको प्रयोग गरी स्थानीय स्रोतसाधनको विकास गर्न हिच्किचाउन नहुने तर्क उहाँको थियो। विशेषत: निङ्तको मरिन, ढुङ्गा र लम्बरका स्रोतहरू सम्भावनाका स्रोतहरू थिए। सुधार र खुलापनलाई व्यापक बनाउन सके मात्र गरिबी निवारण र सम्पन्नताको यात्रा सम्भव हुन्छ। निङ्तको विकास पहाड पन्छाउनु जत्तिकै कठिन हुने देखियो। त्यस्तो बेला नेता सी भन्नुहुन्थ्यो, 'चट्टानबाट पानीका थोपाहरू निचोर्नु जत्तिको कठिन काम सम्हाल्नु नै चिनियाँ कम्युनिस्ट पार्टी कार्यकर्ताको कर्तव्य हो।'

गरिबीबाट डराउने होइन, गरिबीलाई हटाउने हो। गरिबी आर्थिक समस्यामात्र नभएर मानसिकता पनि हो। जन-मानसपटलबाट 'हामी गरिब छौँ' भन्ने मनस्थिति हटाउनु पनि सरकारी अधिकारीहरूको कर्तव्य हो। गरिबी उन्मूलनको यात्रा दीर्घकालीन हो। गरिबीको दलदलमा परेको समाजलाई मुक्त गर्न कार्यकर्ताहरू 'पहाड पन्छाउने मूर्ख बुढो' पनि बन्नुपर्ने हुन्छ। उनको जस्तो धैर्य, मेहनत र आत्मविश्वाससहित निङ्तको मुहार फेर्ने अभियानमा दत्तचित्त हुन आफ्ना सहयोगी र समकालीनहरूलाई ऊर्जा दिइरहनुहुन्थ्यो नेता सी।

हामी देख्छौँ, चराहरू आकाशमा स्वतन्त्र माथिमाथि उड्छन्। तर, भर्खर कोरलेको चरालाई उड्न निकै गाह्रो हुन्छ। यद्यपि, त्यो चराको पहिलो उडान निकै महत्त्वपूर्ण हुन्छ। नेता सीले निङ्तलाई भर्खर कोरलेको चराको उपमा दिनुभएको थियो। निङ्तको उडान गाह्रो थियो तर असम्भव थिएन। त्यो प्रथम उडान कसरी सम्भव बनाउने भन्ने विषयमा नेता सीको चिन्तन पुस्तकमा छ। निङ्त आफैँमा एउटा बेग्लै संसार थियो। त्यहाँको जानकारी बाहिर नजाने र बाहिरको जानकारी भित्र नआउने अवस्था थियो। सानो आकारको खेती-किसानीमा बाँचिरहेको थियो निङ्त। निङ्तको नाम लिनेबित्तिकै मानिसको दिमागमा पुरानो, जातीय अल्पसङ्ख्यक, विकट, टापु, विपन्न" भन्ने शब्द आइहाल्थ्यो। त्यस्तो ठाउँलाई आर्थिक सम्पन्नताको उडान दिने जिम्मेवारी थियो। नेता सी भन्नुहुन्थ्यो, "आर्थिकरूपमा गरिब ठाउँ आदर्श र विचारमा गरिब हुन्छ भन्ने होइन।" सरकारको अनुदान कुर्ने, वित्तीय सहयोग र गरिबीको राहत आशा गर्ने र गरिबीको कारण अरूलाई आक्षेप लगाउने गरिब मानसिकतालाई फोहोर फाल्ने टोकरीमा फाल्नुपर्छ भन्नुहुन्थ्यो। निङ्तलाई धनी बनाउन सरकारी प्रशासन संवेदनशील भई निकै सक्रिय रहनुपर्ने तर्क उहाँको थियो।

निङ्तमा कच्चापदार्थको आपूर्ति आफ्नै ठाउँबाट गर्नु विकासको पहिलो तयारी साबित भयो। मानिसको जीविकोपार्जनको मूल्य अर्थात् खर्च कटौती गर्नु, विशेष र महत्त्वपूर्ण क्षेत्र पहिचान गरी त्यहाँ लगानी गर्नु महत्त्वपूर्ण पाइला बन्यो। निङ्तका लागि वस्तुको बजार र बजारको प्रतिस्पर्धा निकै नौलो विषय थियो। नेता सी निङ्तलाई एउटा सफल 'वस्तु बजार' बनाउन आतुर हुनुहुन्थ्यो। अर्थतन्त्र राजनीतिबाट अलग हुन सक्दैन। चिकपाको सैद्धान्तिक र वैचारिक आधारमा स-साना अर्थतन्त्रहरूको एउटा कोरस तयार गर्नु नै चीनको सपना थियो।

पार्टीको कामभन्दा देशको अर्थतन्त्र निर्माण पनि प्राथमिक कार्य हुन्छ र ? दुनियाँले यही प्रश्न गरे तर चिकपाले एउटा समयावधिमा प्रत्येक प्रान्तको आर्थिक उन्नयन या विकासलाई प्राथमिकतामा राख्नु भन्ने निर्देशन दिएको थियो। क्वानतुङ प्रान्त सबैभन्दा पहिला खुला भएको प्रान्त थियो। छोटो समयमै अद्वितीय सफलता हासिल गर्‍यो। यदि कसैले उड्ने इच्छासँगै इफोर्ट अर्थात कोसिस जारी राख्छ भने ऊ उड्न जरुर सफल हुन्छ, क्वानतुङ त्यसको उदाहरण बन्यो। निङ्त पनि एकदिन आफ्नो उत्पादनसहित समुद्रपारि उड्नेछ, अन्तर्राष्ट्रिय बजारको आँधीबेहरीबीच उड्नेछ र आफ्नो वस्तु बजारले विश्वमा चिनिनेछ भन्ने विश्वास नेता सीको थियो। निङ्तले कृषिमा आत्मनिर्भरताको बाटो खोज्यो। स-साना उद्योग र व्यवसायलाई जोड दियो। पानी, ऊर्जा, ग्यास, बाटोघाटो र पुलपुलेसा निर्माणको हकमा अन्य प्रान्तहरूसँग प्रतिस्पर्धा गर्ने स्थिति थिएन तर ती आवश्यक वस्तुको सुगम आपूर्ति महत्त्वपूर्ण थियो।

चीनमा लगानी गर्ने विदेशी कम्पनीहरूको भरोसा जित्नसके पुँजी निर्माण हुन्थ्यो। निङ्तले लगानीकर्ताहरूका निम्ति सरल प्रक्रिया र प्रावधान, शुल्क न्यून गर्दै सेवालाई चुस्त बनाउनुका साथै एकद्वार प्रणाली नीति अवलम्बन गर्‍यो। निङ्तको हार्डवेयर सेवा त राम्रो थियो नै सफ्टवेयर सेवालाई पनि ध्यान दिइँदा विदेशी लगानीकर्ताहरू आउन सुरु गरे।

उचाइमा उडानको निम्ति बलियो पखेटा जरुरी हुन्छ। पखेटा बलियो बनाउन आफ्नो धरातल या आधारशीला बलियो हुनुपर्छ। स्थानीय बाटो या माटो भुल्ने कोही पनि माथि माथि उड्न सक्दैन। निङ्तका दुई पखेटामध्ये एक कृषि र अर्को उद्योग थियो। बाँच्नको लागि कृषिबाट समृद्धिका लागि कृषिको नारालाई व्यवहार बनाउन मेहनत थालियो। पहाड पहाडकै कारण र समुद्र समुद्रकै कारण धनी हुनुपर्छ भन्ने मान्यता स्थापित गर्न नेता सीले निकै मेहनत गर्नुभयो। कृषि, वनजङ्गल, पशुपालन, मत्स्यपालन, नगदेबाली, चिया खेती, फलफुल खेतीलाई बढावा दिइयो। निङ्तमा मानवीय, श्रम या श्रमिकमा आधारित अर्थतन्त्र विस्तारै अघि बढ्यो जसले बेरोजगारी समस्या, काम नगर्ने प्रवृत्ति पनि हट्दै गयो। समृद्धितर्फको यात्रालाई अघि बढाउन सामूहिक श्रमको अवधारण कतै अनि कहिल्यै असफल भएको छैन। स्थानीय स्रोतसाधनको अत्यधिक उपयोग गरी स्थानीय मागपूर्ति गर्नुका साथै वस्तुको बजार स्थापना र फाइदाको बाटो उपयुक्त साबित हुँदै गयो।

उहाँले सन् १९८८ को सेप्टेम्बरमा राख्नुभएको मन्तव्यमा भन्नुभएको छ, "आर्थिक विकासका लागि गीतमा जस्तै कोरसको जरुरी हुन्छ।" समाजवादी आर्थिक विकासका निम्ति एकमनको एकता र भावना महत्त्वपूर्ण हुन्छ। जसरी एउटा गीत सङ्गीत, शब्द, गायनको समस्त स्वरूप हो। त्यसरी नै आर्थिक विकास विचार, योजना, खोज, उत्पादन, यातायात, सञ्चार, बिक्रीवितरण र सेवाको एकमुष्ट रूप हो। उत्पादन, बजार र सेवामध्ये एउटा क्षेत्रमात्र कमजोर भयो भने आर्थिक गतिविधि नै कमजोर हुन्छ। 'आर्थिक कोरस' सहकार्य र साझेदारी विना सम्भव हुँदैन। नेता सीका अनुसार आर्थिक कोरस १+१ = २ जस्तो सरल छैन यो १+१=२ अर्थात् १ र १ जोड्दा २ भन्दा बढी उपलब्धि हासिल हुनुपर्छ। सहकार्य र एकताको उद्देश्य यसैका लागि हो। व्यक्तिको सीप र कामभन्दा पनि सामुहिक भूमिका या कामले बढी उपलब्धि दिएको हुन्छ। जसरी फुटबलमा कुनै एक खेलाडीको खेल राम्रो हुँदैमा खेल जितिन्न त्यसरी अर्थतन्त्र बनाउन एक व्यक्ति सीपवान भएर पुग्दैन। एउटै उद्देश्य, एकीकृत क्षमता या शक्ति, एकताबद्ध आवाजले कर्णप्रिय र सुन्दर गीत बनेजस्तै एउटा समृद्ध सहर पनि बन्न सक्दछ भन्ने उदाहरण बनेको छ, निङ्त।

नेता सी भन्नुहुन्छ, "सरकारी कर्मचारी या पार्टी कार्यकर्ताको आधारभूत कर्तव्य भनेको जनतासँगै नजिकको सम्बन्ध कायम गर्नु हो।" गरिबी उन्मूलनको अभियानका दुई प्रमुख आधार भनेकै पार्टी नेतृत्व र जनताको शक्ति हो। पार्टीको सिद्धान्त र नीति आत्मसात् गरी जनतालाई पार्टीसँग जोड्ने काम कार्यकर्ताले गर्दछ। नेतृत्वलाई जनतामाझ स्थापित गर्ने र जनतालाई नेतृत्वसँग जोड्ने पुल हुन्छन् कार्यकर्ता। चीनको महान् क्रान्ति सफलता जनताकै शक्तिका कारण भयो। सन् १९२८ तिर चीनको ठूलो पार्टी कोमिन्ताङ थियो। त्यसको नेतृत्व पुरानो र जनतासँग टाढा हुनुको कारण पार्टी नै खत्तम भयो। चिकपा जनतासँग जोडियो र जनताकै बलमा क्रान्तिमा होमियो। त्यसकारण, आज नेतृत्वमा छ। तसर्थ, कुनै पनि क्रान्ति सफलताको आधार जनता हुन्छन्। आर्थिक विकासका एजेण्डालाई जनताबाट छुट्याउनै मिल्दैन भन्ने तर्क नेता सीको हो। अध्यक्ष माओ त्सेतुङको भनाइ -'पूर्ण हृदयले जनताको सेवा गर' चिकपाको विधानमै लेखिएको छ। आफूलाई केन्द्रमा राख्ने प्रवृत्ति, कर्मचारीतन्त्र, व्यक्तिवाद, औपचारिकतावादविरुद्ध लडेर जनताको सेवा गर्नु प्रत्येक कार्यकर्ता या कर्मचारीको कर्तव्य हो। नेता चाउ एनलाइले ५०-५५ वर्षअघि भन्नुभएको थियो, "लडाइँमा हार्नुसँग नडराऊ जनताको नजरमा गिर्नु र नैतिकरूपले जनताको नजरबाट झर्नुसँग डराऊ।" तसर्थ, जनताको सामाजिक, आर्थिक र राजनीतिक स्थिरता जोगाउनु कार्यकर्ताको प्राथमिकता हुनुपर्छ। सुशासनविना आर्थिक उन्नयन सम्भव हुँदैन। त्यसकारण, पार्टीको कडा अनुशासनको भट्टीबाट खारिएका कार्यकर्तामात्र विकेन्द्रीकृत जिम्मेवारी सम्हाल्न सक्षम हुन्छन्। जनताको लाइन समातेर जनताको लागि काम गर्नु नै जीवनपर्यन्तको प्रतिबद्धता हुनुपर्छ। भ्रष्टाचार नगर्ने र इमानदार मेहनतीहरूमात्र यस्तो कार्यमा चुनिन्छन्। कुनै पनि समस्यालाई भौतिकवादी आँखाले हेर्नु र वस्तुस्थितिअनुसारको समाधान खोज्नु कार्यकर्ताको विशेषता हुनुपर्छ। तत्काल गर्नुपर्ने र दीर्घकालीन समयमा प्रभाव पार्ने कार्य छुट्याउनेजस्ता व्यवस्थापन सिकेको हुनुपर्छ। त्यतिमात्र होइन पार्टी कक्षामा देशभक्ति, समाजवाद, सामूहिकता र पार्टी सिद्धान्त तथा नीतिबाट दीक्षित कार्यकर्ता मात्रै जस्तोसुकै परीक्षामा पनि खरो उत्रन सक्ने हुन्छन् भन्ने विश्वास नेता सीको हो।

नेता सीले निङ्तको गौरव बोल्नुभएको छ। त्यहाँको सभ्यता र संस्कृति चीनकै निम्ति ठूलो गौरव हो। निङ्त आर्थिकरूपले मात्र गरिब थियो संस्कृतिमा धनी थियो। सांस्कृतिक सम्पदा र गौरवलाई आर्थिक विकासको माध्यम बनाउन तयारी निङ्तले सुरु गर्‍यो। जनताको आत्मविश्वास, काम, दयालु व्यवहार, इमानदारी र सादापन निङ्तको गौरव थियो। निङ्तका पहाड र झरना खोलाहरू प्राकृतिक गौरव थिए। ती गौरवहरूसँगै जनताको सांस्कृतिक स्तर उठाउनु पनि नेता सीको उद्देश्य थियो। निङ्तमा सांस्कृतिक जात्राहरूको आयोजना गरी लोपोन्मुख नाच, गीत, वाद्यवादनलाई पर्यटनसँग जोडियो। लोकगीत, कला, संस्कृति, लोकनाच, कथा, चित्रकला, हस्तकला र सम्पदाहरूको जगेर्नालाई आर्थिक परिवर्तनको यात्रासँग जोडियो। त्यति मात्र होइन निङ्तलाई चीन र विश्वसँग परिचित बनाउन टीभी कार्यक्रम सुरु गरियो। टीभी वृत्तचित्रमार्फत निङ्तको प्राकृतिक र सांस्कृतिक सम्पदा प्रदर्शन गरियो। त्यसले निङ्तको आर्थिक विकासमा टेवा पुर्‍याउनुका साथै विश्वको ध्यान खिच्न सफल भयो। नेता सी भन्नुहुन्छ, "सफा अर्थात् कलङ्करहित सरकार निर्माण कम्युनिस्टहरूको ऐतिहासिक लक्ष्य हो।" जसले जनताको मन जित्छ उसले साम्राज्य जित्ने सामर्थ्य राख्छ भन्ने भनाइ मनमा लिएर कम्युनिस्ट कार्यकर्ता देखिने र नदेखिने भ्रष्टाचारको जरा उखेल्न प्रतिबद्ध नभए चीनको गरिबी उन्मूलनको सपना साकार हुन्नथ्यो।

चीनको सपना चीनको विकासमात्र होइन भ्रष्टाचार, हिंसा, अपराधरहित बलियो र व्यवस्थित सुशासन पनि हो। केही स्वार्थ नराखी समाजको गह्रुङ्गो जिम्मेवारी उठाउने साधारण कार्यकर्ता या कर्मचारीहरूका कारण चीनमा समाजवाद निर्माणको अर्को क्रान्ति जारी छ।

देशभरिका ३ हजारभन्दा बढी काउन्टीहरूलाई एक अर्कासँग जोड्ने नट्सको भूमिका साधारण कर्मचारीले खेलेका हुन्छन्। पुस्तकमा युवा कार्यकर्ता र साधारणदेखि उच्च ओहोदाका सरकारी प्रतिनिधिहरूको काम कर्तव्य र व्यवहारले कुनै पनि क्षेत्रको सामाजिक, आर्थिक तथा राजनीतिक प्रगति प्रभावित हुने तथ्यबारे चर्चा छ। सचिवले सामान्य कर्मचारीलाई गर्ने व्यवहार, नेताले कार्यकर्तालाई गर्ने व्यवहारबारे उल्लेख छ। एकजना इमानदार अफिसर बन्न आफ्नो कामलाई महत्त्व दिने, कठिन परीक्षाबाट नआत्तिने, जटिल परिस्थितिमा छिटो र सही निर्णय गर्ने क्षमता पनि जरुरी हुन्छ भन्नुहुन्छ, नेता सी। पार्टीको विचार, अफिसरहरूको व्यवहार र काम, जनतासँग पार्टी र सरकारको सम्बन्धका आधारमा कुनै पनि क्षेत्र आर्थिक र सांस्कृतिकरूपमा अघि बढ्ने गर्दछ। निङ्त त्यसको एउटा उदाहरण हो। नेता सीका महत्त्वपूर्ण मन्तव्यबारे बाँकी चर्चा अर्को अङ्कमा गरिनेछ।

# भियतनामबाट सिकौं, सार्वभौमिकताको निम्ति सङ्घर्ष गरौं

✍ लुना ङुएन

सन् १९७५ अप्रिल ३० गते । भियतनामी कम्युनिस्टहरूले ठुलो विजय हात पारे । उनीहरूले अमेरिकी साम्राज्यवादविरुद्ध लडिरहेको प्रतिरोध युद्ध जिते । आज ५१ वर्षपछि पनि भियतनामको मुक्ति तथा उत्तर र दक्षिण भियतनामको एकीकरण भएको दिन हाम्रा लागि उत्तिकै महत्त्वपूर्ण छ । यो हर्षोल्लासको क्षण मात्र होइन, हाम्रो लागि एउटा शिक्षा पनि हो ।

सन् १९६५ देखि १९७२ सम्म अमेरिकाले भियतनाममा ३० लाख सैनिक पठायो । युद्धको अन्त्यसम्ममा २० लाखभन्दा बढी भियतनामी जनता तथा १० लाखभन्दा बढी भियतनामी योद्धाको मृत्यु भयो । भियतनामी जनताविरुद्ध अमेरिकाको क्रूरता र नृशंसताको कुनै सीमा थिएन । आज पनि हामी त्यसको परिणाम भोग्दै छौँ । आज पनि भियतनाम, लाओस र कम्बोडियामा गरेर अमेरिकाले फालेको एजेन्ट ओरेन्ज नामक रासायनिक हतियारका कारण ४० लाखभन्दा बढी पीडित छन् । यो अपराध गरेकोमा अमेरिकालाई कहिल्यै जवाफदेही बनाइएन ।

**आर्थिक थिचोमिचो**

अमेरिकी प्रभुत्व खालि सैन्य अखडाहरूको छरिएको सञ्जाल, सशस्त्र द्वन्द्व र कब्जाबाट मात्र निर्माण हुँदैन । मूलतः यो सौम्य शक्ति, आर्थिक दबाब र कूटनीतिक चलखेलबाट निर्माण हुन्छ । आज भियतनामलाई सैन्य कब्जाभन्दा पनि पश्चिमा साम्राज्यको 'नरम शक्ति' बाट खतरा छ । यो वर्ष भियतनामी कम्युनिस्ट पार्टीले हाम्रो राष्ट्रिय सुरक्षाका निम्ति वैदेशिक कूटनीति सैन्य प्रतिरक्षा जत्तिकै महत्त्वपूर्ण छ भनी औपचारिक घोषणा गर्‍यो । हामीलाई थाहा छ, एक सार्वभौम मुलुकमा हस्तक्षेप गर्न अमेरिका, उसका साझेदार र भरौटे देशहरूले गोली वा मिसाइल हानिरहनुपर्दैन । भन्सार कर, आर्थिक प्रतिबन्ध र (गुप्त प्रतिक्रान्तिकारी गतिविधि गरेर मच्चाइने) अस्थिरता जस्ता चालबाजी गोली र बमजत्तिकै प्रभावकारी हुन्छन् । सन् १९७५ मा युद्ध टुङ्गिए पनि अमेरिकी साम्राज्यवादसँगको सङ्घर्ष अझै जारी छ । युद्धलगत्तै अमेरिकाले भियतनामविरुद्ध कठोर आर्थिक प्रतिबन्ध लगायो । हामी आर्थिक रूपमा एक्लियौँ । खासगरी सोभियत सङ्घ कमजोर हुँदै विघटन भएपछि हामी एक्लो भयौँ । भियतनाम युद्धले क्षतविक्षत थियो । हाम्रा भौतिक पूर्वाधार र उद्योगधन्दालाई बमबारी गरेर अमेरिकाले धुलोपिठो पारेको थियो । प्रतिबन्धका कारण धेरै देशसँग हामीले व्यापार गर्न सकेनौँ । सन् १९८० को दशकको अन्त्यतिर भियतनाम देशव्यापी भोकमरीको डिलमा पुग्यो । लाखौँ जनता मृत्युको मुखमा पुगे । सोभियत सङ्घ हामीलाई सहयोग गर्ने स्थितिमा थिएन ।

यिनै कारणले सन् १९८६ मा भियतनामले डोइ-मोइ (नवीकरण) नीति अघि सार्‍यो । अन्तर्राष्ट्रिय मुद्राकोषबाट वित्तीय सहयोग लिन भियतनामले सीमित क्षेत्रमा निजीकरण गर्न अनुमति दियो र एउटा बजार अर्थतन्त्र निर्माण गर्‍यो । सोही अवधिमा अमेरिकाले भियतनामविरुद्ध आर्थिक हस्तक्षेप र प्रतिबन्ध चर्कायो । त्यसयता पश्चिमा साम्राज्यवादले भियतनामी जनताविरुद्ध प्रयोग गर्दै आएको मूल अस्त्र यही हो । अमेरिकासँग सम्बन्ध सामान्य बनाउन भियतनामलाई पुरानो ऋण तिर्न बाध्य पारियो । सन् १९७५ सम्म दक्षिण भियतनाममा कब्जा जमाएको अमेरिकाको फासिवादी कठपुतली सरकारले अचाक्ली ऋण लिएको थियो । अमेरिकाले हामीलाई त्यो सबै ऋणको भारी बोकायो । युद्धको बेला हामी भियतनामी जनताको नरसंहार गर्नका लागि अमेरिकासँग लिइएको पैसा र हतियारको सट्टाभर्ना गर्न हामीले उसलाई साढे १४ करोड डलर तिर्नुपर्‍यो । भियतनामसँग अर्को विकल्प थिएन । त्यसैले हामीले साम्राज्यवादको सर्त स्वीकार्नुपर्‍यो । त्यो ऋण तिर्न हामीलाई २० वर्षभन्दा बढी समय लाग्यो । आजभन्दा सात वर्ष अघिसम्म पनि हामीले त्यो अन्यायी युद्ध-ऋण तिरिरहेका थियौँ ।

**राजनीतिक विध्वंस**

कुरा आर्थिक आक्रमणमा मात्र सीमित छैन । भियतनामलाई राजनीतिक रूपमा ध्वस्त पार्न अमेरिकाले यहाँ आफ्नो 'नरम शक्ति' पनि निर्माण गरेको छ । उसले देखिने र नदेखिने गरी अरबौं रकम खर्च गर्दै छ । यो रकम उसले खासगरी विभिन्न गैरसरकारी संस्था (ल्न्इ) तथा युएसएड (ग्क्बक्ष्म), मानवअधिकार वाच, रेडियो फ्रि एसिया र भ्वाइस अफ अमेरिका जस्ता संस्थालाई दिने गर्छ । यी सङ्घसंस्थाले भियतनामबारे गलत सूचना प्रसार गर्छन् र देशभित्रै प्रतिक्रान्तिकारी बिउ रोप्छन् । यस्ता हस्तक्षेपहरूको सिकार हुने देशमा भियतनाम एक्लो छैन । सन् २०१० को दशकमा एसिया र पूर्वी युरोपका धेरै देशमा लगालग रङ्गीन क्रान्तिहरू भए । पश्चिम एसियामा अरब वसन्त भयो भने युक्रेनमा मैदान विद्रोह भयो । यी हस्तक्षेपहरूले प्रभावित देशको राजनीतिक अर्थतन्त्रमा ठुलो हेरफेर ल्यायो । धेरै देशमा सामाजिक विघटन र विध्वंस मच्चियो । भियतनामको समाजवादी सरकार ढलेको हेर्न चाहन्छ अमेरिका । सन् २०१४ देखि २०१९ सम्म भियतनामभरि विरोध प्रदर्शन र राजनीतिक तोडफोडको लहरै चल्यो । यसको पछाडि अमेरिकाको हात थियो । जतिसुकै दुःखकष्ट भए



पनि यी रङ्गीन क्रान्तिहरू सफल हुन सकेनन् । भियतनामी जनता र हाम्रो समाजवादी सरकारको एकताले गर्दा यी हत्कण्डा सफल भएनन् ।

**चार नकार**

दशकौँ लामो आर्थिक युद्ध र पश्चिमाहरूको चलखेलविरुद्ध भियतनामले लगातार रचनात्मक प्रतिरोध गर्दै आएको छ । अमेरिकी साम्राज्यवाद भनेको कब्जा र सैन्यबल मात्र होइन; आर्थिक र राजनीतिक शक्ति पनि हो । यी दुई शक्ति अरुलाई दबाबमा राख्ने उसका मुख्य औजार हुन् । यी औजार ट्याङ्क र युद्धबेडाजत्तिकै विनाशकारी हुन्छन् । राजनीतिक र आर्थिक रूपमा हामीमाथि लगातार प्रहार भइराखेको छ । त्यसैले अन्य देशसँग वैरभाव राख्ने स्थिति छैन । धेरै अर्थमा हामी युद्ध र नाकाबन्दीले मच्चाएको विध्वंसबाट बौरिन खोजिरहेको अवस्था हो । त्यसैले जनतालाई सरसहयोग गर्न र अर्थतन्त्रको विकास गर्नमा नै आफ्ना सीमित स्रोतसाधन खर्च गर्दै छौँ ।

शान्ति र स्थायित्व चाहिएको हुनाले हामीले सन् १९९० को दशक यता विभिन्न नीति अपनाउँदै आएका छौँ । यसमा कूटनीतिक रणनीति पनि जोडिन्छ । यिनैलाई हामी 'चार नकार' नीति भन्छौँ । सन् २०१९ मा रक्षा श्वेतपत्रमार्फत यो नीति सार्वजनिक गरिएको थियो ।

१.कुनै पनि देशसँग सैन्य गठबन्धन गर्दैनौँ : भियतनामले धेरै युद्ध लड्यो । युद्ध कति विनाशकारी हुन्छ भन्ने कुरा हामीलाई थाहा छ । त्यसैले अर्को युद्ध छल्न हामीले सकेको सबथोक गर्नेछौँ ।

२. एकदेशविरुद्ध अर्को देशसँग घाँटी जोड्दैनौँ : भियतनाम कुनै पनि देशको कठपुतली बन्न चाहन्न । हामी अरु कुनै पनि देशलाई जिस्क्याउन चाहन्नौँ । हामी मिलेसम्म यो धर्तीका सबै देशसँग साथी बन्न चाहन्छौँ ।।

३. हाम्रो भूमिमा विदेशी सैन्य अखडाबनाउन दिन्नौँ : कुनै पनि देशलाई भियतनामी भूमिमा सैन्य अखडा राख्न अनुमति छैन । एउटा देशविरुद्ध युद्ध छेड्न हामी अर्को देशलाई आफ्नो भूमि प्रयोग गर्न दिन्नौँ । विदेशी सैन्य अखडाका कारण अखडा राख्ने देश आक्रमणको तारो बन्नुपरेको वा युद्धदौरान उसले एक न एक पक्ष लिनुपरेको इतिहास साक्षी छ । (इरानविरुद्ध अमेरिकी आक्रमणका क्रममा पनि यस्तै स्थिति दोहोरियो ।) सैन्य अखडा खुफिया चलखेलका केन्द्र पनि बन्न सक्छन् । यसले गर्दा अखडा राख्ने देश भित्रैबाट अस्थिर बन्छ । तथ्य त के हो भने अमेरिकाले वर्षौंदेखि भियतनाममा आफ्ना सैन्य अखडानिर्माण गर्न दबाब दिँदै आएको छ । खासगरी हाम्रा तटवर्ती क्षेत्रमा उसले जलसेनाका अखडा बनाउन अनुमति चाहेको छ । हामी जहिल्यै 'हुँदैन' भन्छौँ ।

४. अन्तर्राष्ट्रिय सम्बन्धका मामिलामा बलप्रयोग चाहन्नौँ : भियतनामले हिंसाको भाषा बोल्दैन । स्वार्थहरू बाझिँदा हामी वार्ता र सम्झौता गर्छौं । यो नीति सेनाको आधुनिकीकरण वा भियतनामी सशस्त्र बलको मूल मिसनसँग बाझिन्न । तिनको लक्ष्य देशको सुरक्षा हो । आवश्यक परे मात्र बलप्रयोग हुन सक्छ ।

**सङ्घर्ष जारी छ**

बितेको सय वर्षभरि पश्चिमले एसियाका विभिन्न देशलाई आपसी द्वन्द्वमा फसायो । यहाँयुद्ध र द्वन्द्व नयाँ होइनन् । हामीमध्ये कतिपय देशबिच धेरै पुराना मनमुटाव पनि छन् । कति त अमेरिका बन्नुभन्दा पहिलेका पनि छन् । तर, चालु द्वन्द्वहरूलाई चर्काउन अमेरिकाले चलखेल गर्दै आएको सत्य हो । एसियाली मुलुकहरूले मिलेर आफ्नो क्षेत्रलाई अझ बलियो र शान्त बनाएको उसलाई पच्दैन । त्यसैले उनीहरूलाई लडाइँमा फसाउन उसले नयाँ-नयाँ द्वन्द्वको आगो सल्काएको पनि सत्य हो । सन् १९९० को दशक यता भियतनाम आफ्ना छिमेकी देशहरूसँग द्वन्द्व छल्न अरुभन्दा सफल रह्यो । परिस्थिति जहिल्यै भनेजस्तो हुँदैन । तर, हाम्रो 'चार नकार' नीतिअरुको दाँजोमा सफल भएको छ । यो नीतिलाई जोकोहीले अपनाउन सक्छ ।

विश्वको जुनसुकै कुनामा युद्धविरोधी आन्दोलन चलाइन्छ भने आर्थिक जगलाई बुझ्नैपर्छ; पुँजी, मुद्रा र प्राकृतिक स्रोतसाधनको सम्बन्धलाई बुझ्नैपर्छ । यो मार्क्सवाद लेनिनवादको मूल गुदी हो । एकपल्ट आर्थिक आधार बुझेपछि हामीले झूटको पर्दापारि के छ भनी बुझ्न सक्छौँ । अमेरिकाले अरुमाथि आक्रमण गर्न स्वतन्त्रता र लोकतन्त्रलाई आवरण बनाउँछ । इरानविरोधी युद्ध कसैलाई बचाउनका लागि होइन । यो त तेल र सो क्षेत्रमा अमेरिकी नियन्त्रणका लागि हो ।

हो चि-मिन्हले हामीलाई सिकाउनुभयो, सिद्धान्त जहिल्यै अभ्याससँग आउँछ । पहिलो पाइलामा - पुँजीवाद र साम्राज्यवादको सत्य सिकौँ । दोस्रो पाइलामा - आफ्नो कार्ययोजना बनाऔँ । भियतनामले यही गर्‍यो । लाओसले यही गर्‍यो । क्युबाले यही गर्‍यो । चीनले यही गर्‍यो । सङ्घर्ष जारी छ ।

एसियामा जहाँसुकै भए पनि, जुन देशमा रहे पनि, जुन संस्कृतिको भए पनि आशा छ - तपाइँले भियतनामको 'चार नकार' नीतिको अध्ययन गर्नुहुनेछ; आफ्नो देशमा पनि यस्तै कार्यक्रम निर्माण होस् भनेर पैरवी गर्नुहुनेछ । हाम्रो यो भेगबाट अमेरिकी सेना र उसको खुफियातन्त्रलाई बाहिर धपाउन एसियाका प्रत्येक देशले हातेमालो गर्न जरुरी छ । बाहिरियालाई हामीबिच फाटो ल्याउन दिनुहुन्न । साम्राज्यको सेवामा हामी उसको हतियार बन्नुहुँदैन । साम्राज्यवाद, एसियाबाट हात हटा !

***(लुना ङुएन भियतनामी कन्टेन्ट क्रियटर तथा अनुवादक हुन् । भियतनामी समाजवादको पक्षमा उनले साम्राज्यवादविरुद्ध शैक्षिक कन्टेन्ट बनाउँदै आएकी छिन् ।)***

***(स्रोत : एमआर अनलाइन । सम्यक)***

# साम्राज्यवाद र पश्चिमाहरूको नैतिक सडाइ

✍ एटिलियो बोरोन

अमेरिकी साम्राज्यको विश्वव्यापी प्रभुत्व अब पहिलेको स्थितिमा फर्किन सम्भव छैन । उसको यो पतन आर्थिक वा प्राविधिक मुद्दा मात्र होइन । हामीले यस्तो सुत्रबद्ध दृष्टिकोण राख्नु हुँदैन । यसरी हेर्नाले अमेरिकाको यो सुस्त तर अवश्यम्भावी पतनको पूर्ण आयामलाई केलाउन सकिन्न । अमेरिकाको यो पतन सैन्य मुद्दा पनि हो । अब अमेरिकाले युद्ध जित्न सक्दैन भनेर आज अमेरिकी विश्लेषकहरू भन्दै छन् । इरानविरुद्ध युद्धमा वासिङ्टन (र उसको लठैत देश इजरायल) ले खाएको हारबाट यो निष्कर्षमा बल पुगेको छ ।

अमेरिकाको पतन राजनीतिक मुद्दा पनि हो । साम्राज्य पुँजीको तर्क अनुसार चल्छ; साम्राज्य पुँजीको अधिनायकवाद हो । यसले गर्दा अहिले पुँजीवादी लोकतन्त्रप्रति असन्तुष्टि बढ्दै छ । पुँजीवादी लोकतन्त्रले धनीहरूलाई अचाक्ली धनी बनाउँदै छ भने बहुसङ्ख्यक अमेरिकीहरूलाई गरिबीको भासमा खसाल्दै छ । गरिबहरू शिक्षा, स्वास्थ्यसेवा र आवास सुविधाको पहुँचबाट टाढिँदै छन् । उनीहरू श्रमिक तथा सामाजिक अधिकारबाट पनि वञ्चित हुँदै छन् । त्यसैले अमेरिकाका कतिपय गरिबगुरुवाले प्रगतिशील र वामपन्थी उम्मेदवारहरूलाई मत दिँदै छन् । गत जुलाई ४ को भाषणमा तिनै उम्मेदवारलाई डोनाल्ड ट्रम्पले 'कम्युनिस्ट' भनेर निन्दा गरेका थिए ।

अमेरिकाको पतन नैतिक मुद्दा पनि हो । यो अमेरिकाको लागि मात्र होइन, पश्चिमा समाजकै लागि एउटा नैतिक प्रश्न हो । इजरायलको नवफासिवादी सत्ताले जातिसंहार, जातीय सफाया र भूमिको लुटपाटजस्ता नृशंस अत्याचार गर्दा समेत पीडितहरूमाथि दयाभाव राखिएन । असहाय सर्वसाधारणमाथि बमवर्षा भइरह्यो; पश्चिमा समाज उदासीन रह्यो । अमेरिका र इजरायलले मिलेर इरानी जनतामाथि बमबारी गरे; इरानको धार्मिक र राजनीतिक नेतृत्वलाई छ्यानीछ्यानी मारे । पश्चिमा समाज उदासीन रह्यो । अमेरिकाले असहाय काराकस




सहरमाथि बमबारी गर्‍यो; भेनेजुयलाका राष्ट्रपति निकोलस मादुरो र सभामुख सिलिया फ्लोरेसलाई अपहरण गर्‍यो । पश्चिमा समाज उदासीन रह्यो । एडोल्फ हिटलर जस्तै राक्षसी कर्तुतहरू गरियो । यस्तो कर्तुत गर्दा कुनै बेला सारा संसारले हिटलरको निन्दा गरेको थियो । आज यी कर्तुतलाई 'सामान्य' बनाइयो; सर्वसाधारणले त्यसलाई चुपचाप स्वीकारे । यसको पछाडि कपटी मिडियाकर्मी, अलगोरिदम जगतका मालिक तथा मान्छेको बोध क्षमतामाथि नियन्त्रण जमाएका शासकहरूको हात छ । जनतालाई नाकमा नत्थी लाउने र आफ्नो वर्चस्व सुदृढ पार्ने यस्ता उपकरणमा यति बेला शासक वर्गको बलियो पकड छ ।

आजभोलि जातिसंहार गर्ने तरिका फेरिएको छ । नाजी बर्बरताले हिजो युरोपका यहुदीहरूविरुद्ध होलोकस्ट गरेको थियो । आज प्यालेस्टिनी जनताविरुद्ध र त्यसमा पनि महिला एवम् बालबालिकाविरुद्ध नरसंहार चालु छ । यी दुईमा समानता देखिए पनि अमेरिका र उसका युरोपेली दलालहरूले विश्वका अगणित जनताविरुद्ध गर्ने 'आर्थिक प्रतिबन्ध' बाट हुने मानवसंहार छद्म खालको छ । हालै शिकागो विश्वविद्यालयमा प्रोफेसर जोन मेर्सहाइमरले एउटा प्रवचन दिनुभयो । प्रवचनमा उहाँले प्रतिष्ठित बेलायती जर्नल 'द ल्यान्सेट' लाई उद्धृत गर्नुभयो । सो जर्नलमा प्रकाशित एक अध्ययनपत्रमा सन् १९७१ देखि २०२१ सम्म संसारका १५२ देशमाथि थोपरिएको 'एकतर्फी दबाबकारी नीति' ले जनस्वास्थ्य तथा समाजमा पारेका असर केलाइएको थियो । अध्ययनका लेखक थिए, फ्रान्सिस्को रोड्रिगेज, सिल्भिया रेन्डन र मार्क वाइजब्रोट । ती लेखकले अध्ययनको सार खिच्दै लेखे, 'एकतर्फी प्रतिबन्धहरूका कारण बर्सेनि ५ लाख ६४ हजार २५८ सर्वसाधारणको मृत्यु हुन्छ' । अर्को शब्दमा बितेका ५० वर्षमा वासिङ्टनले थोपरेका आर्थिक 'प्रतिबन्धहरू' का कारण संसारका २ करोड ८० लाख जनताले ज्यान गुमाए । दोस्रो विश्वयुद्धमा मारिएका कूल जनताको एकतिहाइ हिस्सा हो यो ! यसरी हामी एउटा सुस्त, अदृश्य र अविरल जातिसंहारका साक्षी भइरहेका छौँ । यो जातिसंहार चलिरहँदा यसको निन्दा गर्नेहरूको सङ्ख्या एकदम कम छ । त्यसैले मेर्सहाइमरले पश्चिमा नीतिका कारण हुने 'आमसंहार' बारे मुख खोले ।

पश्चिमा नीतिका कारण सकस भोग्ने देशमा पर्छन्, क्युबा र भेनेजुयला । सन् २०१५ यता ऊ ती नीतिको सिकार हुँदै आएको छ । क्युबाले सन् १९६० देखि लगातार मार भोग्दै छ । अमेरिकाको आइजनहावर सरकारले क्युबाली क्रान्तिविरुद्ध पहिलोपल्ट नाकाबन्दी लगाएको थियो । यो नाकाबन्दी चालु छ । आज डोनाल्ड ट्रम्प र उनका विदेशमन्त्री मार्को रुबियोको आदेशले क्यबाविरुद्ध नाकाबन्दी अचाक्ली चर्काएको अवस्था छ । यो एक देशविरुद्ध गर्न सकिने हदैसम्म अपराध हो । दशौँ वर्षदेखि संयुक्त राष्ट्रसङ्घका बहुमत सदस्य देशले यो नाकाबन्दी अन्त्य गर्न बर्सेनि मतदान गर्दै आएका छन् । तर, त्यसको सार लाएको छैन । अझ साम्राज्यका आउरेबाउरेहरूले नाकाबन्दी सामान्य भएको ढिपी गर्दै आएका छन् ।

ओरालो लाग्दै गर्दा साम्राज्यवादको नृशंसता बढ्दै छ । उसले क्युबाली जनतामाथि 'सामूहिक दण्ड' को कोर्रा लगाउन छोडेको छैन । नाकाबन्दी हटाउनुपर्ने आवाजलाई सुनेको नुसन्यै गर्दै छ । परिणाम, उपचारको अभावमा बसेका कतिपय बिरामीहरूले असह्य सास्ती व्यहोर्दै छन् । उपचारको प्रतिक्षामा कतिपयले ज्यान गुमाइसकेको अवस्था छ । अर्कोतर्फ नाकाबन्दीका कारण इन्धनको आपूर्ति हुन सकेको छैन । लामो लोडसेडिङ, यातायातमा समस्या, उपभोग्य सामानको अभाव तथा विद्यालय, विश्वविद्यालय र अस्पतालजस्ता सरकारी संस्थानहरू ठप्प हुँदा क्युबाली जनताको दैनिक जीवन झन्झन् कष्टकर बन्दै छ ।

***बाँकी पृष्ठ १० मा***

# अमेरिकी सर्वेक्षणले चीनको लोकप्रियता बढ्दै गएको देखाउनु कुनै अचम्म होइन

जब ३६ मध्ये २७ देश र क्षेत्रहरूले सर्वेक्षण "चीनलाई रोज्ने" निर्णय गरे, यो केवल चीनले "जित्यो" भन्ने मात्र होइन। समान र व्यवस्थित बहुध्रुवीय विश्व र विश्वव्यापी रूपमा लाभदायक र समावेशी आर्थिक भूमण्डलीकरणको सिद्धान्तसहित मानवताको साझा भविष्य भएको समुदाय निर्माण गर्ने दृष्टिकोण प्रबल थियो।

प्यू रिसर्च सेन्टरले बुधबार सार्वजनिक गरेको विश्वव्यापी सर्वेक्षणले अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा चर्को बहस मच्चाएको छ। सर्वेक्षण गरिएका ३६ देश र क्षेत्रमध्ये २७ मा अमेरिकाभन्दा चीनको पक्षमा रहेको थियो। क्यानडा, अष्ट्रेलिया, फ्रान्स र जर्मनी लगायतका परम्परागत अमेरिकी सहयोगी देशहरूमा पनि धेरै मानिसहरूले चीनलाई "मत दिए"। धेरै देशहरूमा चीनको अनुकूल दृष्टिकोण रेकर्डमा उच्चतम स्तरमा पुगेको छ। के यो साँच्चै अचम्मको कुरा हो कि अमेरिकी सर्वेक्षणमा चीनको लोकप्रियता बढ्दै गएको छ ?

वर्षौंदेखि, अन्तर्राष्ट्रिय जनमत चीनको बारेमा नकारात्मक रटान र हल्लाले भरिएको छ। यद्यपि यस प्रमुख अमेरिकी अनुसन्धान संस्थाले जारी गरेको निष्कर्षले चीनको बारेमा केही विकृत कथाहरूलाई चुनौती दिन्छ र तिनीहरू एक अलग मामलाबाट टाढा छन्। गत वर्षको अन्त्यमा, ग्लोबल टाइम्सले आफ्नो २०२५ को चीनको प्रभाव र बुझाइको विश्वव्यापी सर्वेक्षण प्रकाशित गर्‍यो, जसले नयाँ युगका लागि चिनियाँ विशेषतासहितको समाजवादसम्बन्धी सी चिनफिङको विचारलाई उच्च अन्तर्राष्ट्रिय मान्यता प्राप्त भएको देखाएको छ, चीनप्रति विश्वव्यापी अनुकूलता बढ्दै गएको छ र विश्वभरका मानिसहरूले चीनले अझ ठुलो भूमिका खेल्ने अपेक्षा गरेका छन्। यस वर्षको सुरुदेखि, ग्यालप, आसियान थिङ्क ट्याङ्क र ग्लोबल सफ्ट पावर इन्डेक्सद्वारा गरिएका धेरै सर्वेक्षणहरूले पनि विश्वव्यापी रूपमा चीनको अनुकूल विचारहरूमा उल्लेखनीय वृद्धि भएको पत्ता लगाएको छ। सँगै, यी सर्वेक्षणहरूले एकअर्काको विश्वसनीयतालाई सुदृढ पार्छन्, सुझाव दिन्छ कि प्यू निष्कर्षहरू "दुर्घटना" बाहेक अरू केही हुन्।

चीनको बढ्दो लोकप्रियताले प्रमाणित गर्छ कि "उचित कारणले प्रशस्त समर्थन पाउँछ" भनाइ खाली नाराभन्दा बढी हो। चीनले एक बलियो देशले प्रभुत्व खोज्नुपर्छ भन्ने कुरामा विश्वास गर्दैन, खेमा भिडन्तको टकरावको पछि लाग्दैन र औद्योगिक र आपूर्ति शृङ्खलाको विघटन वा अवरोधको वकालत गर्दैन। यसको सट्टा, यसले निरन्तर रूपमा आफूलाई विश्व शान्तिको निर्माता, विश्वव्यापी विकासमा योगदानकर्ता र अन्तर्राष्ट्रिय व्यवस्थाको रक्षकको रूपमा प्रस्तुत गरेको छ। यो निरन्तर नीति अभिमुखीकरण हो जसले विश्वभर बढ्दो मान्यता र समर्थन कमाएको छ।

पेइचिङमा साउदी अरेबिया र इरानबिचको कूटनीतिक सम्बन्धको पुनर्स्थापना, युक्रेन सङ्कट समाधानका लागि शान्ति पहल प्रस्ताव गर्नेदेखि मध्यपूर्वमा युद्धविरामका लागि सक्रिय मध्यस्थतासम्म चीन शान्तिको पक्षमा उभिएको छ। उच्च गुणस्तरीय बेल्ट एण्ड रोड सहकार्यमार्फत चीनले धेरै देशहरूलाई पूर्वाधार र जनताको जीविकोपार्जनमा सुधार गर्न, सहयोगलाई अगाडि बढाउन र सबै राष्ट्रहरूसँग समृद्धि साझा गर्न मद्दत गरेको छ। चीनले एपेक, जी-२०, ब्रिक्स र साङ्घाई सहयोग सङ्गठनजस्ता प्लेटफर्महरूमार्फत बहुपक्षीयतालाई समर्थन गर्दै र विश्वव्यापी शासन सुधार गर्दै संयुक्त राष्ट्र सङ्घसँग अन्तर्राष्ट्रिय प्रणालीलाई दृढतापूर्वक समर्थन गरेको छ। चीनद्वारा प्रस्तावित चारवटा



विश्वव्यापी पहलहरूले समयका चुनौतीहरूलाई जवाफ दिएका छन्, विश्वव्यापी शासनका लागि व्यवस्थित चिनियाँ दृष्टिकोण प्रस्तुत गरेका छन् र अन्तर्राष्ट्रिय समुदायमा व्यापक रूपमा प्रतिध्वनि गरेका छन्।

चीनको विश्वव्यापी अनुकूलतामा भएको वृद्धि पनि मानिसहरू-जनताबिचको घनिष्ठ आदानप्रदानको माध्यमबाट निर्मित सद्भावनाबाट उत्पन्न भएको हो। चीनले उच्च स्तरको खुलापनको माध्यमबाट विश्वलाई अँगालेको छ र विश्वले ठुलो उत्साहका साथ प्रतिक्रिया दिएको छ। "चाइना ट्राभल" को निरन्तर लोकप्रियताले विश्वभर देशको बारेमा बढ्दो जिज्ञासा जगाएको छ। ट्राभल ब्लगरहरूद्वारा कब्जा गरिएको प्रामाणिक चीन र चिनियाँ र विदेशी नेटिजन्सहरू बिचको अनलाइन "क्रस-चेकिङ" ले अनजानमा जानकारीका बुलबुलाहरू तोड्न र मानिसहरूबीचको आपसी समझदारीलाई गहिरो बनाउन मद्दत गरेको छ। लाबुबु विश्वव्यापी बेस्टसेलर बनेको छ, ब्ल्याक मिथ: वुकोङले राष्ट्रिय सिमानाहरूमा फ्यानहरू जितेको छ र डियर यूले दक्षिणपूर्वी एशियाभरका दर्शकहरूलाई मोहित पारेको छ।

प्रत्येक सफलताले सांस्कृतिक अनुसरणको भावना जगाउँछ जुन समय र स्थानलाई पार गर्दछ। चिनियाँ निर्मित ड्रोनहरूले देशहरूलाई कृषि दक्षता सुधार गर्न मद्दत गरिरहेका छन्, चिनियाँ एयर कन्डिसनरहरूले गर्मीबाट ग्रस्त युरोपमा राहत ल्याइरहेका छन् र चीनको खुला स्रोत ठुला भाषा मोडेलहरूले डिजिटल अवरोधहरू कम गर्दै छन् र विश्वसँग अत्याधुनिक प्रविधिको विकास साझा गरिरहेका छन्। चीनले जानाजानी "अनुग्रह जित्ने" प्रयास गरेको छैन। यसको सट्टा, यसले आफ्नो काम राम्रोसँग गर्न, विकासका फाइदाहरू धेरै देश र मानिसहरूमा पुग्ने सुनिश्चित गर्न र अनगिन्ती दैनिक आदानप्रदानहरूमार्फत विश्वास कमाउनमा केन्द्रित भएको छ।

चीनको बढ्दो लोकप्रियताले यो पनि देखाउँछ कि आधुनिकीकरणले पश्चिमीकरणको बराबरी गर्दैन। फाइव-जी, आर्टिफिसियल इन्टेलिजेन्स र नयाँ-ऊर्जा टेक्नोलोजीहरूमा उन्नत चीन अग्रणी विकास प्रवृत्ति; एउटा आकर्षक चीन जहाँ लामो इतिहास र भव्य सभ्यताले एकअर्कालाई बलियो बनाउँछ र रचनात्मक र दयालु, द्रुतगतिमा तर न्यानोपन कायम राख्ने चीनले पश्चिमी मोडेलको नक्कल नगरी समृद्धि र प्रगति असम्भव छ भन्ने मिथकलाई चुनौती दिएको छ। चीनको विकासले देखाउँछ कि जनसङ्ख्या भएको गैरपश्चिमी देशले पनि आफ्नै राष्ट्रिय परिस्थिति अनुरूप औद्योगिकीकरण, प्राविधिक प्रगति, गरिबी न्यूनीकरण र सामाजिक शासनलाई अगाडि बढाउन सक्छ। आफ्नो सांस्कृतिक पहिचान जोगाउँदै विश्वमा पनि एकीकरण हुन सक्छ। आधुनिकीकरणको लागि त्यहाँ एकभन्दा बढी मार्गहरू छन् र प्रत्येक देशका मानिसहरूलाई आफ्नो परिस्थितिमा सबैभन्दा उपयुक्त प्रणाली र विकास मार्ग छनौट गर्ने अधिकार छ।

सर्वेक्षणले केही पश्चिमी देशहरूको भ्रामक र पुरानो चीन नीतिहरूलाई उजागर गर्दै ऐनाको रूपमा पनि काम गर्दछ। अमेरिकी सरकारको चीन नीति र चीनप्रतिको जनभावनाबिच स्पष्ट खाडल हुँदा यसले नीति देशका जनताको वास्तविक भावनाबाट विच्छेद भएको देखाउँछ। इतिहासले बारम्बार देखाएको छ कि जनमतको विरुद्धमा चल्ने नीतिहरू न दिगो हुन्छन् न त सफल नै हुन्छन्। इतिहासको ज्वारभाटाको प्रतिरोध गर्नेहरू अन्ततः यसबाट पछि हट्नेछन्। केही प्रमुख शक्तिहरूले अनियमित नीतिहरू पछ्याउँछन्, बारम्बार सैन्य बल वा ट्यारिफहरू जबरजस्तीको औजारको रूपमा प्रयोग गर्छन्, मानवीय प्रकोपहरू र आर्थिक उथलपुथललाई बारम्बार उक्साउने गर्छन्। यसको विपरीत, चीनको नीतिहरूको स्थिरता र भविष्यवाणीले विश्वभरका मानिसहरूलाई आश्वासन दिन्छ।

वस्तुनिष्ठ जनमत सर्वेक्षणहरू तिनीहरूको समयको महत्त्वपूर्ण प्रतिबिम्ब हुन्। प्यू सर्वेक्षणले चीनको अन्तर्राष्ट्रिय छविमा सुधार मात्र होइन, शान्ति, विकास, सहयोग र पारस्परिक लाभका लागि विश्वको साझा आकाङ्क्षालाई पनि औँल्याउँछ। जब ३६ मध्ये २७ देश र क्षेत्रहरूले "चीनलाई रोज्ने" सर्वेक्षण गरे, यो केवल चीनले "जित्यो" भन्ने मात्र होइन।

समान र व्यवस्थित बहुध्रुवीय विश्व र विश्वव्यापी रूपमा लाभदायक र समावेशी आर्थिक भूमण्डलीकरणको सिद्धान्तसहित मानवताको साझा भविष्य भएको समुदाय निर्माण गर्ने दृष्टिकोण प्रबल थियो। चीनले सही विकासको मार्ग पछ्याइरहेको छ र धेरैभन्दा धेरै देश र जनताले यसको साथमा यात्रा गर्न रोजिरहेका छन् भन्ने कुराको निष्कर्षले हाम्रो विश्वासलाई सुदृढ बनाउँछ।

*-सिन्हवा*

**अनुवाद : प्रकाश**

## ग्लोबल टाइम्स सम्पादकीय

# दक्षिण चीन सागर विवादमा फाइभ आइज एलायन्सको कुनै स्थान छैन

**✍ ली किछियान**

संयुक्त विज्ञप्ति जारी गरेर १४ देशले तथाकथित साउथ चाइना सी आर्बिट्रेसन अवार्ड जारी गरेको १० वर्ष पूरा भएको छ। हस्ताक्षरकर्ताहरूमध्ये, "फाइभ आइज एलायन्स" का सबै सदस्यहरू सूचीबद्ध छन्। तैपनि यी देशहरूसँग दक्षिण चीन सागरको मामिलामा हस्तक्षेप गर्ने न त अडान छ न त कुनै वैध कारण छ, आफूलाई न्यायाधीशको रूपमा नियुक्त गर्ने अझै कम छ।

पहिलो, संयुक्त राज्य अमेरिका, बेलायत, क्यानडा, अष्ट्रेलिया र न्यूजील्याण्डजस्ता फाइव आइज (पाँच आँखा) गठबन्धन देशहरू न त दक्षिण चीन सागरको तटीय राज्यहरू हुन् न त क्षेत्रीय सार्वभौमसत्ता र सामुद्रिक सिमानामा सम्बन्धित विवादहरूमा प्रत्यक्ष रूपमा चिन्तित छन्। तिनीहरूमध्ये कुनै पनि दक्षिण चीन सागरमा क्षेत्रीय सार्वभौमसत्ता वा समुद्री अधिकार र हितहरूको दावीकर्ता होइन।

दक्षिण चीन सागर विश्वको सबैभन्दा सुरक्षित समुद्री मार्गमध्ये एक हो। चीनले अन्तर्राष्ट्रिय कानुनबमोजिम सबै देशहरूले उपभोग गरेको नेभिगेसन र ओभरफ्लाइटको स्वतन्त्रताको सम्मान गर्दछ। तथापि, त्यस्ता स्वतन्त्रताहरूले कुनै पनि देशलाई टापुहरू र चट्टानहरूमाथिको सार्वभौमसत्तासम्बन्धी प्रश्नहरूमा हस्तक्षेप गर्ने, समुद्री अधिकार र हितहरूमा विवादहरूमा निर्णय गर्ने वा प्रत्यक्ष रूपमा सम्बन्धित देशहरूले कसरी आफ्ना मतभेदहरू समाधान गर्ने भनेर निर्देशन दिने अधिकार दिँदैनन्।

दक्षिण चीन सागरमा पक्षहरूको आचरणसम्बन्धी घोषणापत्र (म्इत्रृ) ले क्षेत्रीय र क्षेत्रीय विवादहरूलाई प्रत्यक्ष सरोकारवाला सार्वभौम राज्यहरूबिच मैत्रीपूर्ण परामर्श र वार्ताद्वारा शान्तिपूर्ण रूपमा समाधान गर्नुपर्ने कुरा स्पष्ट गरेको छ। फाइभ आइज एलायन्सको "पुरस्कार" लाई आह्वान गरेर सामूहिक दबाब दिने प्रयासमा कारण र वैधता दुवैको अभाव छ। अमेरिका अझैसम्म सामुद्रिक कानुनमा संयुक्त राष्ट्र सङ्घीय महासन्धिको एक पक्ष बन्न सकेको छैन, तर लामो समयसम्म कन्वेंशनको छनोट गरी व्याख्या र लागू गरिरहेको छ। यसले उसको हैसियतको आधारलाई अझ कमजोर बनाउँछ।


दोस्रो, फाइभ आइज एलायन्सको सामूहिक हस्तक्षेपले यस क्षेत्रमा सुरक्षाकरण र खेमा भिडन्त टकरावलाई बढाइरहेको छ। यो गठबन्धन एक खुफिया-साझेदारी गठबन्धन हो जुन घनिष्ठ सुरक्षा सहयोगद्वारा आधारित छ। बेलायती संसदको आधिकारिक प्रतिवेदनमा भनिएको छ कि यसको सहयोग सबै प्रकारका खुफिया सङ्कलन र मूल्याङ्कन, साथै औपचारिक खुफिया साझेदारी, संयुक्त परिचालन कार्य र संयुक्त क्षमता विकासमा विस्तार गरिएको छ।

दक्षिण चीन सागर विवादमा गठबन्धनको समन्वित हस्तक्षेपले प्रभावकारी रूपमा विशेष गुप्तचर र सुरक्षा समूहको आन्तरिक समन्वयलाई सामूहिक कूटनीतिक दबाबमा परिणत गर्छ। चीनको बारेमा आफ्नो कथालाई पङ्क्तिबद्ध गरेर र चुनिएका सहयोगी र साझेदारहरूलाई चित्रण गरेर, तिनीहरूले आफ्नो आवाजलाई विस्तार गर्न र अन्तर्राष्ट्रिय समुदायको तथाकथित सहमतिको रूपमा देशहरूको सानो समूहको नीति प्राथमिकताहरू चित्रण गर्न खोज्छन्।

तिनीहरूको कथित कानूनी समर्थन एक्लोसनमा अवस्थित छैन। यसले सैन्य तैनाथी, गठबन्धन समन्वय र क्षेत्रीय प्रतिरोधका साथ काम गर्दछ। २०२५ मा, उदाहरणका लागि, अमेरिकाले अष्ट्रेलिया, जापान र फिलिपिन्ससँग दक्षिण चीन सागरमा नियमित समुद्री गतिविधिहरू सञ्चालन गरिरहेको बताएको थियो। यसले देखाउँछ कि "पुरस्कार" खेल्नुले दक्षिण चीन सागर विवादलाई थप सुरक्षा, समूह र विभाजित गर्न काम गर्दछ, बाह्य शक्तिहरूलाई आफ्नो सैन्य उपस्थिति विस्तार गर्न, गठबन्धन प्रतिबद्धताहरूलाई सुदृढ गर्न र चीनलाई समावेश गर्ने बहाना प्रदान गर्दछ।

अन्तमा, बाह्य हस्तक्षेपले "दक्षिण चीन सागर मध्यस्थता पुरस्कार" अवैध, अर्थ हीन छ, र यसको कुनै बाध्यकारी शक्ति छैन भन्ने तथ्यलाई परिवर्तन गर्न सक्दैन।

चिनियाँ विदेश मन्त्रालयले भनेको छ, अङ्ग्रेजीमा दक्षिण चीन सागरका



graphic by Lindsey Burrows

टापुहरू भनेर चिनिने नानहाइ झुडाओमा चीनको सार्वभौमसत्ता छ र दक्षिण चीन सागरमा सम्बन्धित सामुद्रिक अधिकार र हितहरू छन्। यी सार्वभौमसत्ता, अधिकार र हितहरू इतिहासको लामो कालखण्डमा स्थापित भएका छन् र चीनले निरन्तर समर्थन गर्दै आएका छन् र यसको ठोस ऐतिहासिक र कानुनी आधार छ।

मध्यस्थ न्यायाधिकरणको क्षेत्रीय सार्वभौमसत्तामा कुनै अधिकार थिएन। यस्तो न्यायाधिकरणले जारी गरेको कागजको टुक्राले दक्षिण चीन सागरमा चीनको क्षेत्रीय सार्वभौमसत्ता र सामुद्रिक अधिकार र हितलाई परिवर्तन गर्न सक्दैन। १४ देशहरूको संयुक्त वक्तव्यले न्यायक्षेत्र र राज्यको सहमतिसम्बन्धी न्यायाधिकरणको आधारभूत त्रुटिहरूलाई सुधार गर्न सक्दैन, न त राजनीतिक घोषणाले चीनको लागि नयाँ अन्तर्राष्ट्रिय कानुनी दायित्वहरू सिर्जना गर्न सक्छ।

चीन र दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको सङ्घ (आसियान) का देशहरूले सन् २००२ मा समझदारीमा हस्ताक्षर गरे। मे २०२६ मा, चीन र आसियान राष्ट्रहरूले मलेसियाको क्वालालम्पुरमा समझदारी कार्यान्वयनमा २६ औँ आसियान-चीन वरिष्ठ अधिकारीहरूको बैठक आयोजना भयो। सहभागीहरूले संवाद र परामर्शलाई सुदृढ गर्न, आत्मसंयम अपनाउनुपर्ने र मतभेदलाई सही ढङ्गले व्यवस्थापन गर्नुपर्नेमा जोड दिए। यसले क्षेत्रीय देशहरू स्थापित क्षेत्रीय संयन्त्रहरूमार्फत दक्षिण चीन सागर विवादलाई सम्हाल्न इच्छुक र सक्षम छन् भन्ने देखाउँछ।

दक्षिण चीन सागर न त फाइव आइज गठबन्धनका लागि आन्तरिक ऐक्यबद्धता प्रदर्शन गर्ने राजनीतिक मञ्च हो न त बाहिरी शक्तिहरूका लागि चीनलाई घेर्ने सिमाना। क्षेत्रीय देशहरूले अन्ततः दक्षिण चीन सागर विवाद समाधान गर्नुपर्छ।

फाइव आइज गठबन्धन देशहरूले शीतयुद्धको मानसिकता र ब्लक राजनीति त्याग्नुपर्छ, र अवैध र अवैध "पुरस्कार" को प्रयोग गरी टकराव सिर्जना गर्न, बाधा पुर्‍याउन र महासागरबाट सैन्य दबाब दिन बन्द गर्नुपर्दछ, जसले गर्दा चीन र आसियान देशहरूलाई वार्ता र परामर्शको माध्यमबाट मतभेदहरू व्यवस्थापन गर्नबाट रोक्छ।

*(सम्पादकको नोट: सिजिटिएनको लागि विशेष कमेन्टेटर ली किछियान, नेशनल इन्स्टिच्युट अफ इन्टरनेशनल स्ट्राटेजी, चाइनिज एकेडेमी अफ सोसल साइन्सेसमा सहायक अनुसन्धान फेलो हुनुहुन्छ।)*

**अनुवाद : प्रकाश**

# नेपाली संस्कृतिको रुख सदावहार रहोस् र आफ्नो 'कारागार' मा दृढ रहने सबै आत्माहरू स्वतन्त्रताको किनारमा पुगून्

एक महिनाअघि एक साहित्यिक स्रष्टा सम्मान कार्यक्रममा काठमाडौँ विश्वविद्यालयको कन्फ्युसियस इन्स्टिच्युटका प्रोफेसर झाङ होङवेईले मलाई 'जेलका चिट्ठीहरू' (लेटर्स फ्रम प्रिजन) को चिनियाँ संस्करण देखाउनुभयो। यो उहाँ र कन्फ्युसियस इन्स्टिच्युटका शिक्षक प्रणयले संयुक्त रूपमा अनुवाद गरेको बताउनुभयो। म छक्क परेँ, किनभने धेरै वर्षदेखि नेपालमा बसेको हुनाले मैले नेपाली लेखकका कृतिहरू चिनियाँ भाषामा अनुवाद गरिएको विरलै देखेको थिएँ। त्यसैले, मलाई तुरुन्तै ती कृतिहरू पढ्ने तीव्र इच्छा जाग्यो।

म पुस्तकको शीर्षक 'जेलका चिट्ठीहरू' बाट गहिरो रूपमा आकर्षित भएँ, जसले मलाई शाङ राजवंशको अन्त्यमा झोउका राजा वेनको सम्झना गरायो। उनलाई राजा झोउले सबैभन्दा गहिरो जेलमा कैद गरे तर उनले गुनासो गरेनन् वा दयाको याचना गरेनन्। बरु, उनले जेलको सबैभन्दा अँध्यारो कुनामा सबैभन्दा उज्यालो प्रकाश चम्काइदिए। त्यसैगरी नेपोलियन, सुकरात, येशु ख्रीष्ट र गान्धीले जेलमा फरक-फरक तरिकाले समय बिताए। यसले देखाउँछ कि सानो जेलले भौतिक शरीरलाई सीमित गर्न सक्छ तर मानवताको भाग्यको बारेमा सोच्ने महान् मनलाई सीमित गर्न सक्दैन।

रोहित पनि उस्तै हुनुहुन्छ; जेलमा भए पनि उनको हृदयमा सम्पूर्ण राष्ट्रको भाग्य थियो। उहाँले भन्नुभयो, "साहित्य समाजको ऐना हो; समाजलाई बुझ्नको लागि पहिले त्यसको साहित्य बुझ्नुपर्छ।" म यो भनाइसँग पूर्ण रूपमा सहमत छु। मेरा लागि नेपाल सुरुमा भूगोलका किताबहरूमा केवल एउटा नाम थियो, हिमालयको दक्षिणी भिरालोमा रहेको देश, बुद्धको जन्मस्थल तर 'जेलका चिट्ठीहरू' भन्ने यो पुस्तकमार्फत मैले साँच्चै यो देशको नाडी महसुस गर्न थालेँ। यसको सांस्कृतिक चिन्ता, यसको साहित्यिक आत्म-जागरुकता, यसको सङ्घर्ष र आधुनिकीकरणको सामना गर्ने दृढता। जेलमा रोहितले लेखेका यी लेखहरू जसलाई पारिवारिक पत्रहरू भनिन्छ, वास्तवमा नेपाली रीतिरिवाज र परम्पराहरूको विश्वकोश हो र नेपाली संस्कृतिको भाग्यको प्रतिबिम्ब हो।

आफ्नो पत्रमा रोहितले नेपालको साहित्यको वर्तमान अवस्थाको बारेमा आफ्नो अन्योल र अपेक्षाहरू बारम्बार व्यक्त गर्नुभयो। म अन्ततः बुझ्छु, कविता वाचन नेपालको हरेक साहित्यिक जमघटको एक अपरिहार्य भाग हो।

नेपाल एउटा यस्तो देश हो जहाँ पहाड, नदी, झरना र जङ्गलहरू एकअर्कासँग मिसिएका छन्। "पहाडहरूले हरेक फुसफुसको जवाफ दिन्छन्, झरनाहरूले आफ्ना अनन्त गीतहरू गाउँछन् र चराहरू जङ्गलमा दिनरात गाउँछन्", यस्तो प्राकृतिक वातावरणले काव्यात्मक मानिसहरूलाई हुर्काउने नियत राख्छ। आफ्नो पत्रमा रोहितले नेपालका विविध प्राकृतिक परिदृश्य लामो समयदेखि यसका विभिन्न जातीय समूहहरूको आत्मामा कुँदिएको र उनीहरूको खुसी र दुःखको प्रतिबिम्बको रूपमा उनीहरूको गीतमा बगिरहेको कुरालाई गहिरो रूपमा औँल्याउनुभयो। विशेषगरी, मिटिलियनहरू 'गीतबाट जन्मेका र गीतमै मर्ने मानिसहरू हुन्। यसले मलाई चिनियाँ गीतहरूको पुस्तकमा रहेको परम्पराको सम्झना गराउँछ, "भोकाहरूले आफ्नो खानाको गीत गाउँछन्, मजदुरहरूले आफ्नो कामको गीत गाउँछन्।" पहाड र नदीले कवितालाई पोषण दिन्छन् र कठिनाइले गीतहरूलाई पोषण दिन्छन्। कविता लामो समयदेखि नेपाली जनताको रगतमा बसेको छ, उनीहरूका लागि आफ्नो खुसी र दुःख व्यक्त गर्ने र विश्वका घटनाहरू रेकर्ड गर्ने सबैभन्दा वास्तविक माध्यम बनेको छ। कविताले जनतामा गहिरो जरा गाडेको छ, त्यसैले नेपाली साहित्यले यसलाई धेरै महत्त्व दिन्छ।

म सोधिरहन्थेँ, "नेपालले आजसम्म किन विश्वस्तरीय लेखक वा कविहरू उत्पादन गर्न सकेको छैन ?" भारतका ट्यागोर, आयरल्यान्डका यीट्स र डेनमार्कका एन्डरसनजस्तै साना भूभाग भएका ती देशहरू जसले साहित्यिक दिग्गजहरूलाई हुर्काएका छन्। यस प्रश्नको पछाडि हामी सबैले विचार गर्नुपर्ने एउटा प्रश्न छः विश्व साहित्यको नक्सामा हामीले आफ्नो स्थान कसरी पाउने ?

रोहितले स्पष्ट रूपमा भन्नुभएझैँ, "हामीसँग मेहनती किसान, कामदार र सिपाहीहरूको कमी छैन; लाखौँ नेपाली शारीरिक श्रम गरेर जीविकोपार्जन गर्न विदेश गएका छन् तर 'मानसिक कामदार' धेरै कम छन्।" उहाँले अफसोचका साथ लेख्नुभयोः "दुई हजार पाँच सय वर्षपहिले सिद्धार्थपछि यस भूमिमा कुनै पनि महान् दार्शनिकको जन्म भएका छैनन्। विदेशीहरूको अगाडि हामीलाई गौरवान्वित पार्ने कवि देवकोटाको निधन भएको छ; 'नेपालका शेक्सपियर' भनेर सम्मानित बालकृष्ण सम पनि बितेका छन्। हामीसँग एडम स्मिथ, आइन्स्टाइन, डार्बिन र मार्क्सजस्ता बौद्धिक दिग्गजहरूको अभाव छ।"

यो पढेर म अत्यन्तै भावुक भएँ। बौद्धिक दिग्गजहरूको अनुपस्थितिमा यो विलाप धेरै विकासशील देशहरूका बुद्धिजीवीहरूमाझ एउटा सामान्य भावना हो। हामी सबैलाई थाहा छ कि साहित्य र संस्कृतिको विकासको लागि दीर्घकालीन सञ्चय, पालनपोषण र पुस्ताका बुद्धिजीवीहरूको प्रयास आवश्यक पर्दछ। जेलमा हुँदा पनि अध्यक्ष रोहितलाई के कुरा राम्ररी थाहा थियो भने साहित्यको उचाइले राष्ट्रको भावनाको उचाइ निर्धारण गर्छ। उहाँले भन्नुभएझैँ, "राष्ट्र र यसका जनतालाई ध्यानमा राखेर सोच्ने व्यक्ति, नाफा कमाउने अवसरवादी होइन।"

उहाँले दोस्तोएभ्स्कीको 'अपराध र सजाय' Dostoevsky's 'Crime and Punishment' लाई नेपालीमा अनुवाद गर्ने प्रयास पनि गर्नुभयो - यो विवरणले गहिरो रूपमा मन छुनेछ। एक कैदीको विश्व साहित्यको क्लासिकलाई आफ्नो मातृभाषामा अनुवादमार्फत परिचय गराउने इच्छा - 'नेपाली भाषा र साहित्यको क्षेत्रमा आफ्नो विनम्र प्रयासलाई योगदान पुऱ्याउने' यो इच्छा - लेखकको सबैभन्दा सरल तर उत्कृष्ट आत्म-जागरुकतालाई प्रतिनिधित्व गर्दछ। एक कैदीको विश्व साहित्यिक क्लासिक्सलाई आफ्नो मातृभाषामा अनुवाद गर्ने इच्छा - यो 'नेपाली भाषा र साहित्यको क्षेत्रमा आफ्नो विनम्र प्रयासलाई योगदान' गर्ने इच्छा - एक लेखकको सबैभन्दा सरल तर महान् आत्म-जागरुकता हो।

यस पुस्तकको बारेमा मलाई सबैभन्दा बढी प्रभावित पार्ने कुरा भनेको अध्यक्ष रोहितको जेल कोठरीमा भएको मानसिक अवस्था हो। "जेलमा पनि उहाँ स्वतन्त्रताको लागि, आफ्नो आत्माको उडानको लागि तिर्खाएर बस्नुभयो।" उहाँले आफ्नो कोठरीलाई विचारको उदगमस्थानमा परिणत गर्नुभयो, आफ्नो परिवारको लागि आफ्नो चाहनालाई आफ्नो राष्ट्रको भाग्यको लागि चिन्तामा परिणत गर्नुभयो।

उहाँले आफ्नो विश्वविद्यालयका दिनहरूमा शेली, बायरन, किट्स र वर्डस्वर्थका रोमान्टिक कविताहरू पढेको सम्झनुभयो र चेखभको 'द बेट' र आफ्नो मृत्युअघि चर्चमा बाल्जाकको आफ्नो प्रेमीसँगको विवाहको बारेमा सोच्नुभयो।

रोमान्टिकवादका बारेमा छलफल गर्ने, अरूले 'रित्त' मान्न सक्ने कुराहरूमा छलफल गर्ने कैदीको कार्य नै स्वाभाविक रूपमा तनावपूर्ण छ तर अध्यक्ष रोहितको रोमान्टिकवाद पलायनवाद होइन, देखावटी होइन तर कठिनाइको बिचमा आध्यात्मिक आदर्शहरूको दृढ पालना हो। यो साहित्यले उहाँलाई दिएको एक शक्तिशाली आध्यात्मिक शक्ति पनि हो। उहाँले आफ्नो युवावस्थामा विश्व गुरुहरूका धेरै कृतिहरू पढेकाले, उहाँको मन धेरै धनी छ र उहाँको आत्मा धेरै बलियो छ, जीवनमा धेरै कठिनाइहरू सहने क्षमता पर्याप्त छ। त्यसकारण, निन्दा, मानहानि र विश्वासघातको सामना गर्नुपर्दा पनि उहाँले दृढतापूर्वक आफ्नो विश्वासलाई कायम राखे, उनी कहिल्यै हार मान्नुभएन र आफ्नो दयालु हृदयको रक्षा गर्नुभयो। निस्सन्देह, रोहित नेपाली राष्ट्रको प्रगतिमा एक दुर्लभ 'प्रकाशस्तम्भ' हुनुहुन्छ।

मलाई अझ गहिरो रूपमा सोच्न बाध्य पार्ने कुरा भनेको निःस्वार्थताको


गु झिकाओ

शक्तिमा उहाँको विश्वास हो। जेलमा, उहाँले सामाजिक परिवर्तनका सम्भावनाहरू विचार गर्दै मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन र माओ त्सेतुङका कृतिहरू पढ्नुभयो। "यदि कुनै व्यक्तिमा साहस, रचनात्मकता र दृढ सङ्कल्पको कमी छ, अन्वेषण गर्ने, प्रयास गर्ने र प्रयास गर्ने ऊर्जाको कमी छ, मित्रता र परिवर्तन बुझ्दैन र सिक्न इच्छुक छैन भन्ने, भनाइअनुसार, 'साहित्य, कला वा सङ्गीतबिना कोही पनि मानिस जनावरभन्दा फरक हुँदैन।" यी शब्दहरूले मलाई विस्मयले भरिदिए।

रोहितले आफ्नो पुस्तकमा, लेख्नुहुन्छः "नेपाली भाषामा एउटा शब्द छ, 'सिंहावलोकन' (जसको अर्थ 'सिंहले पछाडि फर्केर हेर्छ'), जसरी सिंह हिँड्दा प्रायः पछाडि फर्केर हेर्छ - 'पछाडि फर्केर हेर्नु' भनेको विगतलाई ध्यानपूर्वक जाँच गर्नु हो। अर्को शब्दमा, म आफ्नै हृदयलाई प्रश्न गरिरहेको छु।"

अध्यक्ष रोहितले आफ्नो जेल कोठरीमा जे हासिल गर्नुभयो त्यो ठ्याक्कै यस्तै प्रकारको प्रतिबिम्ब थियो : उहाँको आफ्नै विकासको प्रतिबिम्ब, नेपालको संस्कृतिको प्रतिबिम्ब र मानव सभ्यताको आध्यात्मिक वंशको प्रतिबिम्ब। उहाँले कावाबाटा यासुनारीको 'स्नो कन्ट्री' र हेमिङ्वेको 'द ओल्ड म्यान एन्ड द सी' पढ्नुभयो। यी पठनहरू फुर्सदको लागि थिएनन् बरु मानव सभ्यतासँग कुराकानी गर्ने माध्यमको खोजीमा एक्लो आत्मा थिए।

यो पढेर म गहिरो भावुक भएँ। २० औँ शताब्दीको जेलमा थुनिएका एक नेपाली कैदीले पश्चिमी सिया र लोलान राजवंशहरूको लोपको बारेमा छलफल गर्छन्, भौतिक सम्पदाभन्दा बढी आधारभूत प्रश्न - आत्माको प्रसारणमा विचार गर्छन्। वास्तवमा, साहित्य र संस्कृति, त्यो आत्माबिना, तिनीहरूको अर्थ र अस्तित्वको कारण के हो ?

त्यसकारण, जबसम्म मानवतालाई संस्कृतिको पोषण र आत्माको प्रश्नको आवश्यकता पर्दछ, तबसम्म यी 'अव्यावहारिक' देखिने आदर्शहरूमा सबैभन्दा व्यावहारिक शक्ति हुन्छ। रोहितको जेल कोठरी उहाँको झ्याल थियो जसबाट उहाँले सम्पूर्ण नेपाली समाजलाई हेर्नुहुन्थ्यो र उहाँका शब्दहरू प्रकाशका किरण हुन् जसबाट हामी पाठकहरूले त्यो संसारको झलक हेर्न सक्छौँ।

नेपाली संस्कृतिको रुख सदावहार रहोस् र आफ्नो 'कारागार' मा दृढ रहने सबै आत्माहरू स्वतन्त्रताको किनारमा पुगून्।

***(यो मन्तव्य बाल विकास इङलिस सेकेन्डरी स्कूलद्वारा शुक्रबार आयोजित चिनियाँ भाषामा अनुदित 'जेलका चिट्ठीहरू' पुस्तक सार्वजनिकीकरण कार्यक्रममा चिनियाँ प्राध्यापक गु झिकाओले व्यक्त गर्नुभएको हो-सं)***

# 'जेलका चिट्ठीहरू' पुस्तक धेरैभन्दा धेरै पाठकहरूको मनसम्म पुग्न सफल होस्

आज म अनुवादकको रूपमा यहाँ उभिएर जेलका चिट्ठीहरू पुस्तकको चिनियाँ संस्करण औपचारिक रूपमा तपाईँहरूमाझ सार्वजनिक भएको यस खुसीको क्षणको साक्षी बन्न पाएकोमा अत्यन्त हर्षित छु। सर्वप्रथम, यस पुस्तकका लेखक अध्यक्ष रोहितज्यू तथा यस पुस्तकको अनुवाद र प्रकाशनलाई सम्भव बनाउन धेरै मेहनत गर्नुहुने सुरेन्द्रराज गोसाईप्रति मेरो हार्दिक सम्मान र धन्यवाद व्यक्त गर्दछु। मेरा सहअनुवादक प्रणय चित्रकारप्रति पनि हार्दिक धन्यवाद व्यक्त गर्दछु। यस कृतिलाई अझ राम्रो बनाउन बहुमूल्य सुझाव दिनुहुने सम्पूर्ण मित्रहरू, चिनियाँ शिक्षकहरू वाङ लियान, च्याओ चवन, फाङ होङ्यु ,याओ यीफान तथा नेपाली शिक्षकहरू विनय, नवीन र तालोङप्रति पनि म हार्दिक धन्यवाद व्यक्त गर्दछु।

गत वर्षको जनवरीमा बाग्मती प्रदेशका प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाई अङ्ग्रेजी संस्करण Letters from Jail लिएर काठमाडौँ विश्वविद्यालयको कन्फ्युसियस इन्स्टिच्युटको कार्यालयमा आउनुभयो र मलाई यस पुस्तकको चिनियाँ अनुवाद गर्ने जिम्मेवारी लिन आग्रह गर्नुभयो। मैले त्यो जिम्मेवारी स्वीकार गरेको क्षणदेखि नै आफ्नो काँधमा ठुलो जिम्मेवारी आएको महसुस गरेको थिएँ। मेरो लागि यो अनुवाद भाषाको परिवर्तन मात्र थिएन; यो त एक प्रकारको लामो, शान्त तर निरन्तर मन छुने आत्मिक संवाद थियो। जब मैले पहिलोपटक जेलका चार पर्खालभित्र लेखिएका यी पत्रहरूमा एक-एक शब्द पढ्न थालेँ। मैले सबैभन्दा पहिले जेल-जीवनको अँध्यारो र कठिनाइ होइन, बरु कागजका प्रत्येक पानाबाट देखिने जीवनको बलियो ऊर्जा महसुस गरेँ। यी पत्रहरूमा मैले रोहितज्यूले जेलभित्र न्याय, लोकतन्त्र र समाजका लागि गरेको सङ्घर्ष, उहाँका विचार, दृढ सङ्कल्प र आत्मविश्वास देखेँ। तर, पुस्तकभरि कतै पनि गुनासो छैन, निराशामा हार मानेको भावना छैन। प्रत्येक हरफमा परिवारप्रतिको गहिरो माया, जीवनप्रतिको साँचो सोच र कठिन परिस्थितिमा पनि आफ्नो आत्मा, मानवता, नेपाली संस्कृति तथा वास्तुकलाप्रतिको स्पष्ट सोच र आशाको भावना देखिन्छ। यस पुस्तकले पति-पत्नीबिचको प्रेममात्र होइन, राजनीतिक सीमालाई पनि पार गर्दै जीवन, समाज र आशाबारेको गहिरो मानवीय भाव प्रस्तुत गरेको छ।

अनुवादको क्रममा मैले सधैँ गहिरो सम्मान र जिम्मेवारीको भावना बोकेको थिएँ किनभने मैले केवल शब्दहरू होइन, ती शब्दहरूको पछाडि लुकेको भावनालाई पाठकसम्म पुऱ्याउनुपर्ने थियो। त्यो भावना, जसले जेलको कठिन वातावरणमा पनि आफ्नो सद्भावना जोगायो, अन्धकारका बिच पनि जीवनप्रतिको प्रेम गुमाएन। रोहितज्यूले अत्यन्त सरल भाषामा उत्कृष्ट विचार व्यक्त गर्नुभएको छ। पत्नीप्रतिको स्नेह, छोराप्रतिको चिन्ता, विगतका सम्झना र आफ्ना आध्यात्मिक मूल्यहरूप्रतिको अटल निष्ठा, यी सबै भावना कुनै शब्दावलीबिना अत्यन्त प्रभावशाली ढङ्गले प्रस्तुत भएका छन्।

त्यसैले, मैले प्रत्येक शब्द, प्रत्येक वाक्य र प्रत्येक भावलाई अत्यन्त सावधानीपूर्वक चयन गर्ने प्रयास गरेँ ताकि ती पत्रहरूमा रहेको निष्कपटता र कठिन परिस्थितिमा पनि निभ्न नदिइएको आशाको ज्योति कतै कमजोर नहोस्। मेरो चाहना यही हो कि चिनियाँ पाठकहरूले पनि यो पुस्तक पढ्दा भाषाको सीमालाई पार गर्दै लेखकको सबैभन्दा साँचो भावना महसुस गर्न सकून् र प्रेम तथा उज्यालोको खोजी गर्ने यस यात्रालाई अनुभव गर्न सकून्।

हामी प्रायः साहित्यको कुनै सीमा हुँदैन भन्छौँ। वास्तवमा समय र स्थानको सीमाभन्दा पर पुगेर मानिसको मन छुने शब्दहरू परिस्थिति, पहिचान वा हैसियतसँग सम्बन्धित हुँदैनन्; तिनीहरू मानवताको न्यानोपन र आत्मिक शक्तिसँग सम्बन्धित हुन्छन्।

'जेलका चिट्ठीहरू' पुस्तकको सबैभन्दा ठुलो महत्त्व कुनै असाधारण घटनाको वर्णन गर्नुमा छैन बरु प्रत्येक पाठकलाई यो सम्झाइदिनुमा छ कि


चाङ होङवेइ

जीवनमा जति नै कठिन समय आए पनि यदि हाम्रो मनमा राम्रो भावना र आशा जीवित रह्यो, यदि हाम्रो आत्माले अन्धकारसँग कहिल्यै हार मानेन भने हामीलाई कुनै पनि कठिनाइले हराउन सक्दैन। जेलभित्र लेखिएका यी शब्दहरू दुःखले कमजोर भएका छैनन्; बरु ती आफैँ एउटा उज्यालो बनेका छन्, जसले लेखकको आफ्नै मन उज्यालो बनाउनुका साथै जीवनमा अन्योल, कठिनाइ र जिम्मेवारीको भार बोकेर अघि बढिरहेका प्रत्येक व्यक्तिलाई पनि हौसला दिन्छन्।

आज यो कृति अझ धेरै पाठकसम्म पुग्न लागेको छ। एक अनुवादकको रूपमा मेरो सबैभन्दा ठुलो इच्छा यही हो कि यी न्यानोपन र शक्तिले भरिएका शब्दहरू अझ धेरै मानिसहरूले पढून्, बुझून् र सम्झिरहून्। यी पत्रहरू पढ्ने क्रममा हामीले कठिन परिस्थितिमा पनि अडिग रहन सक्ने शक्ति र कोमलतामात्र होइन, आफ्नै जीवनलाई पनि फर्केर हेर्न सकौँ; अहिलेको उज्यालो र स्वतन्त्रताको मूल्य बुझ्न सकौँ; साधारण जीवनमा पनि आफ्नो मनको उज्यालो जोगाइराख्न सकौँ र जीवनका चुनौतीहरूको सामना गर्ने साहस र आत्मविश्वास सधैँ कायम राख्न सकौँ।

यस पुस्तकको अनुवादबारे छोटो जानकारी दिन चाहन्छु। रोहितज्यूका मूल पत्रहरू नेपाली भाषामा लेखिएका थिए। गत वर्ष तिनको अङ्ग्रेजी संस्करण प्रकाशित भइसकेको थियो। यसपटक चिनियाँ अनुवाद अङ्ग्रेजी संस्करणलाई आधार मानेर गरिएको हो। विभिन्न भाषामा रूपान्तरण हुँदै आएको यस प्रक्रियामा भाषागत भिन्नता तथा चिनियाँ भाषामा अनुवादका कारण कतिपय स्थानमा मूल नेपाली भाव पूर्ण रूपमा व्यक्त हुन नसकेको हुन सक्छ। यदि कुनै त्रुटि, कमजोरी वा अपूर्णता रहेको भए, पाठकवर्गबाट सहृदयतापूर्वक क्षमाको अपेक्षा गर्दछु।

अन्त्यमा, यस पुस्तकलाई प्रकाशित गर्न र पाठकसम्म पुऱ्याउन योगदान गर्नुहुने सम्पूर्ण व्यक्तिहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु। यहाँ उपस्थित सम्पूर्ण अतिथि तथा मित्रहरूलाई समय दिएर सुन्नुभएकोमा धन्यवाद दिन्छु।

'जेलका चिट्ठीहरू' पुस्तक धेरैभन्दा धेरै पाठकहरूको मनसम्म पुग्न सफल होस् र यसलाई पढ्ने प्रत्येक व्यक्तिको हृदयमा आशा, साहस र उज्यालोको किरण फैलियोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

*(यो मन्तव्य बाल विकास इङलिस सेकेन्डरी स्कूलद्वारा शुक्रबार आयोजित चिनियाँ भाषामा अनुदित 'जेलका चिट्ठीहरु' पुस्तक सार्वजनिकीकरण कार्यक्रममा पुस्तकका अनुवादक चाङ होङवेइले व्यक्त गर्नुभएको हो-सं)*

# बालेन र रवि के राजनीतिक प्राणी हुन् !



रामप्रसाद प्रजापति

**बालेन र रवि**

करिब ९ वर्षअघि र्‍याप गीतलाई नेपालमा नेपप बनाउँदै टोल, चोक र रेष्टुरामा गाउँदै हिँडेका बालेन अहिले नेपालको प्रधानमन्त्री पदमा छ । त्यसैगरी भक्तपुरको जात्राहरूका बिच हुने साङ्गीतिक कार्यक्रमका उद्घोषक रवि लामिछाने शासक दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को सभापति पदमा छ । बालेनलाई रास्वपाको वरिष्ठ नेता मानिएको छ ।

दुवैका काम गर्ने तौरतरिका हेर्दा केही आधारभूत भिन्नता देखिए तापनि सारमा दुवै जनालाई राजनीतिक मानिस मान्न सकिने आधारहरू निकै कमजोर छ ।

नेपालको शासन सत्तामा कसरी र किन अराजनीतिक मानिसहरू आए त ? प्रश्न उठ्नु स्वाभाविक हो । युक्रेनमा पनि एक जादुगरको काम गर्ने कलाकारलाई निकै चर्चामा ल्याएर राष्ट्रपतिको पदमा पुर्‍याइए । अहिले ऊ नै राष्ट्रपति संरा अमेरिकी राष्ट्रपतिबाट अपमानित हुनु परेको र युक्रेन रुससँग युद्धमा रहेको अवस्था विद्यमान छ ।

त्यस्तै केही समयअघि बङ्गलादेशमा पनि एउटा प्रोफेसर डा. युनिसलाई एक्कासि राष्ट्रप्रमुखको पदमा ल्याइएको स्मरणीय छ ।

एक जना कलाकार/गायक बालेन र अमेरिकी बैङ्क तथा वित्तीय संस्थाहरूलाई तिर्नुपर्ने ऋण चुक्ता नगरी नेपाल आएका, नेपाली नागरिकता अध्यावधिक अर्थात् सक्रिय नगरी चुनाव लडी सांसद पद र गृहमन्त्री पद गुमाएका रबि लामिछाने के राजनीतिक मानिस हुन् ?

**बालेन राजनीतिक मानिस होइनन् !**

बालेन र रविलाई सामान्य जानकारहरू राजनीतिक मानिसको रूपमा मान्दैनन् । बालेन यसअघि काठमाडौँ महानगरपालिकामा स्वतन्त्र उम्मेदवारका रूपमा विना कुनै राजनीतिक दर्शन, विचार, सिद्धान्त वा मार्गचित्रविना प्रमुख (मेयर) पदमा जितेका मानिस हुन् ।

काठमाडौँ महानगरपालिकाको मेयर छँदा पनि सामाजिक सञ्जाल र होहल्लाकै भरमा विश्वका १०० मेयरको सूचीमा पर्नु, अहिले प्रधानमन्त्री हुँदा पनि १०० दिन नबित्दै विश्वका १०० प्रभावशाली व्यक्तिको सूचीमा नाम प्रकाशित गरिनु सामान्य होइन, योजनाबद्ध रूपमा भित्रभित्र खिचडी पाक्दै गरेको सबैले महसुस गरेकै हो ।

त्यस्तै रवि लामिछाने सभापति भई रास्वपा दर्ता भएको ६ महिनै नबित्दै जुन परिणाम आयो, त्यो स्वाभाविक थिएन किनभने रास्वपा कुन राजनीतिक दर्शन, विचार, सिद्धान्त र कार्यक्रममा प्रतिबद्ध व्यक्तिहरूको दल हो भन्ने प्रस्ट छैन, थिएन ।

त्यस्तै राजनीतिक दलले बोकेको राजनीतिक विचारधारा, दर्शन र कार्यक्रम कुन वर्ग अर्थात् धनी पुँजीपति वर्गको पक्षपाती हो वा काम गरी खाने व्यापक गरिब किसान, मजदुर वर्गको पक्षपाती हो प्रस्ट हुनु जरुरी छ ।

रास्वपाले आफूले केही नभने पनि वर्तमान सरकारको नीति तथा कार्यक्रम र बजेटलाई अध्ययन गर्दा पुँजीपति वर्गकै सेवा गर्ने सरकार र दलको रूपमा रास्वपालाई हेर्न सकिन्छ ।

यस मानेमा न रवि लामिछाने राजनीतिक मानिस हुन्, न त बालेन । हो राजनीतिक विश्लेषकहरूले तुलना गर्दा बालेन पटक्कै राजनीतिक व्यक्ति होइनन् तर रवि लामिछानेले अलि अलि राजनीतिक कुराकानी गर्ने गरेको बताउँछन् ।

स्मरणीय छ, नेपालको संविधानको धारा २६९ मा राजनीतिक दलको गठन, दर्ता र सञ्चालनसम्बन्धी संवैधानिक व्यवस्था छ । जसमा समान राजनीतिक विचारधारा, दर्शन र कार्यक्रममा प्रतिबद्ध व्यक्तिहरूले धारा १७ को उपधारा (२) बमोजिम कानुनको अधिनमा रही राजनीतिक दल गठन गर्न सकिने र दलको विचारधारा, दर्शन र कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्न आवश्यक काम गर्न सक्ने उल्लेख गरेको पाइन्छ ।

**कानुनको विकल्प अध्यादेश हुन सक्दैन**

बालेन सरकारले वैशाख ८ गतेको मन्त्रीपरिषद्को बैठकबाट वैशाख १७ गतेदेखि सङ्घीय संसद्को बैठक (अधिवेशन) आह्वान गर्छ । दुई दिनपछि १० वैशाखमा अर्को निर्णय गर्दै अधिवेशन स्थगित गर्छ ।

अधिवेशन स्थगित मात्र होइन, आधा दर्जनभन्दा बढी अध्यादेशहरू भटाभट जारी गर्दछ । जनप्रतिनिधिमूलक संस्था संसद्को बैठक आह्वान गर्ने निर्णय गरिसकेपछि कानुन निर्माण गर्ने संसद्लाई छलेर आफू अनुकूलका कानुनहरू अध्यादेशमार्फत जारी गर्दै अघि बढ्न खोज्ने सरकारलाई जनउत्तरदायी सरकार मान्न सकिन्न ।

साथै एउटै निर्णयबाट १५ सयभन्दा बढी पद खारेज गरी अनिर्णयको बन्दी बनाइन्छ । न्यायालयमा अस्वाभाविक दबाब सृजना गरेको महसुस सबैले गर्दछन् । रवि लामिछानेलाई रिहा गर्ने न्यायाधीशलाई विशेष अदालतमा ल्याइन्छ ।

जनपक्षीय कानुन निर्माण नगरी हचुवा, आवेग र रहरमा ठुलठुला कुरा, सामाजिक सञ्जालमा स्टाटस् राखेर देश र जनताको जनजीविकामा कुनै परिवर्तन हुँदैन । काम गरी खाने जनताको दैनिक जीवन कस्तो छ, कस्तो कानुन जरुरी छ, किसानका समस्या के हो ? कस्तो कानुनी प्रावधानले किसानको हकहित र जीवन रक्षा गर्दछ भन्ने तर्फ वास्ता नगरी हा हु ले देश चल्दैन, नेपाली जनताको जीवन बदलिँदैन ।

**बालेनका १०० दिन !**

बालेन सरकारको १०० दिनको कार्यकालमा राम्रा र सहजभन्दा असजिला र अप्ठेरा काम कुराहरू सतहमा आउन थालेको सर्वत्र महसुस गरिँदै छ ।

सरकार गठन अघि निर्वाचनमा अनावश्यक खर्च कटौतीका कुरा गर्ने मानिसहरू अहिले सांसदहरूका स्वकीय सचिवहरूलाई तलब भत्ता दिने बिन्दुमा पुगेका छन् ।

मन्त्रीहरूका सुविधा कटौती गर्ने भाषण दिने मन्त्रीहरू अहिले दर्जनौँ सल्लाहकारहरू राखेर राजनीतिक सल्लाह राजनीतिक गतिविधिमा भन्दा सन्टबाजी, नवदुर्गा दर्शन, अनुगमन, हातखुट्टा भाँची दिने धाँक धम्की दिने काममा लागेको सबैले देख्दै र सुन्दै छन् ।

हिजो परिवर्तनका लागि भनी अमूल्य मत दिने मतदाताहरू सरकारमा पुगेको दल र दलबाट प्रतिनिधित्व गर्ने मन्त्रीहरूको तालबाल हेर्दै दिक्क मान्दै छन् ।

बालेन सरकार गठन भएको १०० दिन नबित्दै रास्वपाभित्र नेतृत्व, मन्त्रिपरिषद् (सरकार) र प्रधानमन्त्रीको सल्लाहकार समूहलाई लिएर असन्तुष्टि सतहमा आएको छ ।

गत असार २८ गते रवि लामिछाने र बालेनको बिचमा करिब ४ घण्टा चलेको छलफलमा प्रधानमन्त्री बालेनले अर्थमन्त्री स्वर्णिम वाग्ले, कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोविता गौतम तथा महान्यायाधिवक्ता नारायणदत्त कँडेललाई पदबाट हटाउनुपर्ने प्रस्ताव राखेको र रविले बालेनको सल्लाहकार समुहका मुख्य मान्छे कुमार बेन र असिम शाहलाई हटाउनुपर्ने प्रति प्रस्ताव राखेको बताइन्छ ।



सो कुराको पृष्ठभूमिमा प्रधानमन्त्री बालेनले पछिल्लो समय सरकारका महत्त्वपूर्ण निर्णयहरू सर्वोच्च अदालतबाट लगातार बदर वा रोक्का हुँदै गरेको विषयलाई लिएको र सम्बन्धित मन्त्रालय र महान्यायाधिवक्ताको कमजोरीको रूपमा दाबी गरेको बताइन्छ ।

सम्पत्ति छानबिन आयोगसम्बन्धी सरकारी प्रक्रिया, नेपाल वायुसेवा निगमसँग सम्बन्धित नियुक्ति तथा अन्य प्रशासनिक निर्णयहरू अदालतबाट प्रभावित भएको घटनालाई उदाहरणको रूपमा लिएको बताइन्छ ।

त्यस्तै राहदानी छपाइसम्बन्धी अनुसन्धानका क्रममा अख्तियारका पदाधिकारीलाई प्रधानमन्त्री कार्यालयमा बोलाइएको विषय तथा जर्मन राजदूतसँग सम्बन्धित विवादबारे पनि रवि र बालेनको मतभिन्नता रहेको बताइन्छ ।

रास्वपाकै सांसदहरू सरकारको सार्वजनिक रूपमा आलोचना गरिरहेको कारण पनि बालेन असन्तुष्ट रहेको र संसद् विघटन गर्ने शक्ति प्रधानमन्त्रीमा रहेको स्मरण गराएको पनि बताइन्छ ।

यी त भए रवि र बालेनका अराजनीतिक दबाब समूहका कुराकानी । खासमा राज्य सञ्चालनको प्रक्रिया जसलाई राजनीति भनिन्छ, केटाकेटीको खेल होइन ।

कुन देश, विश्वको कुन भूगोलसँग कस्तो सम्बन्ध थियो, छ र कस्तो सम्बन्ध कायम गर्ने, नियमित भूराजनीतिक एवं कूटनीतिक संवाद जरुरी हुन्छ । विश्वका सबै देशसँग भाइचाराको सम्बन्ध रहनु अनिवार्य हुन्छ ।

असंलग्न परराष्ट्र नीतिमा सरकार स्पष्ट एवं अडिग रहन सक्नुपर्छ । असंलग्न परराष्ट्र नीति रहने नीति तथा कार्यक्रम जारी गर्ने, त्यहीअनुसारको भाषण दिने तर युद्धरत देशहरूमध्ये कसैको पनि समर्थन वा विरोध नगर्नु पर्नेमा एउटा देशको पक्षपाती भएर विज्ञप्ति निकाल्ने पाखण्डी काम गर्न हुँदैन ।

त्यस्तै एक चीन नीतिको पक्षपाती भनेर भाषण गर्ने तर चीनबाट तिब्बतलाई अलग्ग राज्य बनाउनुपर्ने भन्ने दलाई लामा र उनको समर्थकहरूलाई नेपालको राजधानीमा प्रदर्शन र जन्मदिन मनाउन शनिबार मन्त्रीपरिषद्को बैठक राखेर औपचारिक स्वीकृति दिने छिमेकी मुलुक चीनप्रतिको बालेन सरकारको बेइमानी हो ।

यस्तो असहिष्णु सरकार, गरिब किसान ज्वरोले हनहनी बिरामी पर्दा पनि असारमा रोपाइँ गर्न रासायनिक मल माग्दै गर्दा कानमा तेल हालेर बस्ने, असारको बाढी पहिरोको जोखिम आउँदै गर्दा कुनै तयारीविना विभिन्न स्थानका सुकुम्बासीलाई डोजर लगाई अमानवीय ढङ्गले हटाउने लगायतका हिरो बन्ने स्टन्टबाजीमा लाग्ने केटाकेटीपन कसैलाई स्वीकार्य छैन ।

सरकार सर्वसाधारण जनताको अभिभावक हो । जो कसैलाई विकल्पसहितको मानवीय निकास दिनु जरुरी छ । रोजगारी, आयआर्जन एवं दैनिक जीविकोपार्जनको कुनै किसिमको तयारी वास्ताकास्ता नगरी बजेट भाषणमार्फत शिक्षा, स्वास्थ्य उपचार, बिजुली बत्तीमा कर तथा भ्याट (मूल्य अभिवृद्धि कर) लागू गरेर बालेन सरकार नेपाली जनताको जीवन अझ कष्टकर बनाउनेतर्फ अग्रसर रहेको थप पुष्टि हुन्छ । किनकि शिक्षा, स्वास्थ्य उपचार तथा आधारभूत आवश्यकताका कुराहरू बिजुली बत्ती, खानेपानी, सरसफाइ प्रत्येक नागरिकको संविधान प्रदत्त नैसर्गिक अधिकार हो ।

यस्तो आधारभूत नैसर्गिक अधिकारको सुनिश्चितता गराउन नसक्ने बालेन सरकार राजनीतिक सरकार नहुनुमा मात्र होइन अमानवीय, संवेदनहीन सरकारको रूपमा चित्रण गर्न थालेका छन् ।

त्यसैले मुट्ठीभरका पुँजीपति, आफ्ना लगानीकर्ताको सेवा र विदेशीको इसारामा एमसीसी जस्तो नाङ्गो वैदेशिक हस्तक्षेपका विरुद्ध दह्रो कदम चाल्न ढिलाइ गर्दै जाने हो भने बालेन सरकार र रास्वपाको अन्त्य अराजकतावादी माओवादीको भन्दा चाँडै हुने निश्चित छ ।

*- २०८३ साउन ३*

# महिलाद्वारा भ्रष्टाचारविरोधी आन्दोलनको स्मरण

भक्तपुर । नेपाल क्रान्तिकारी महिला सङ्घ भक्तपुर नगर समितिको आयोजनामा भ्रष्टाचारविरोधी आन्दोलन (२०२५ साउन २ र २०२६ असार १९) को स्मरणमा नगरस्तरीय महिला भेला साउन २ गते सम्पन्न भयो ।

नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालको आतिथ्यमा भएको उक्त कार्यक्रममा गङ्गाराम ज्याख्व, रामेश्वरी कोजु र मञ्जु लाखाले भ्रष्टाचारविरोधी आन्दोलनबारे चर्चा गर्दै अहिलेको समयमा पनि भ्रष्टाचारविरोधी आन्दोलनलाई अझ अगाडि बढाउनु जरुरी रहेको छ भन्नुभयो ।

# भ्रष्टाचार पुँजीवादको छायाजस्तै हुने

भक्तपुर । नेपाल मजदुर किसान पार्टी काठमाडौँ - रामेछाप सम्पर्क समितिको आयोजनामा २०२५ साल साउन २ र २०२६ साल असार १९ को ऐतिहासिक भ्रष्टाचारविरोधी आन्दोलनको स्मरणमा असार ३० गते प्रवचन कार्यक्रम भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी भक्तपुर जिल्ला समितिका उपाध्यक्ष न्हुछेभक्त फोजूले भूमिसुधार ऐन २०२१ कार्यान्वयनको लागि नेपाल मजदुर किसान पार्टीका अग्रजहरूको भूमिका महत्त्वपूर्ण रहेको बताउनुभयो ।

भ्रष्टाचारविरुद्ध भएका ऐतिहासिक आन्दोलनले सुशासन, पारदर्शिता र जवाफदेहिताको पक्षमा महत्त्वपूर्ण सन्देश दिएको र भ्रष्टाचार नियन्त्रणका लागि कानुनी व्यवस्था मात्र पर्याप्त नहुने, नागरिक सचेतना, नैतिक नेतृत्व र संस्थागत सुधार पनि उत्तिकै आवश्यक रहेको उहाँले बताउनुभयो ।

उहाँले भ्रष्टाचारमुक्त समाज निर्माणका लागि सबै पक्षको साझा प्रतिबद्धता आवश्यक रहेको धारणा राख्नुभयो । कार्यक्रममा सहभागीहरूले ऐतिहासिक आन्दोलनमा अग्रजहरूले पुर्‍याएको योगदानको स्मरण गर्दै कार्यक्रमले सकारात्मक भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो ।

नेपाल मजदुर किसान पार्टी काठमाडौँ रामेछाप सम्पर्क समितिका संयोजक धनबहादुर श्रेष्ठको सभापतित्वमा उक्त कार्यक्रम भएको थियो ।

त्यस्तै नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा २०२५ साल साउन २ गते र २०२६ साल असार १९ गतेको ऐतिहासिक भ्रष्टाचारविरोधी आन्दोलनको स्मरणमा शनिबार प्रशिक्षण कार्यक्रम भयो ।

उक्त प्रशिक्षण कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य उकेश कवांले भ्रष्टाचार पुँजीवादको छायाजस्तै हुने उल्लेख गर्दै पुँजीवादी राज्य व्यवस्थामा उत्पादनका स्रोतसाधानहरू सामाजिकीकरण होइन निजीकरण हुन्छ भन्नुभयो ।

रास्वपाको यो सरकारले पनि देशको सार्वजनिक संस्थानहरू निजीकरण गरेको हुँदा पुरानो सरकार र यो सरकारमा भिन्नता नभएको स्पष्ट पार्दै शासन सत्तामा नपुगेसम्म भ्रष्टाचारको विरोध गर्ने, सुशासन कायम गर्ने नारा दिई जनतालाई उक्साएर आन्दोलन गरी विध्वंस मच्चाउनेहरूले सरकार चलाइरहेको बताउनुभयो ।

शासक दलहरूले भ्रष्टाचार गरेर जनतामाथि ऋणमाथि ऋणको भार बोकाएको उल्लेख गर्दै उहाँले सर्वसाधारण जनतामाथि कर थोपरेर ढाड सेक्ने; शिक्षा, स्वास्थ्य, बिजुलीमा कर लगाएर जनतालाई दुःख दिएको बताउनुभयो ।

नेपालमा पनि अमेरिकी सेनाको क्याम्प राख्न लागिपरे नेपालको भविष्य झन् खतरामा पर्ने उल्लेख गर्दै उहाँले देशभक्त सचेत नेपाली जनताले हाम्रो देश इरान, युक्रेन, प्यालेस्टिन जस्तो नहोस् भनी देशभक्तिपूर्ण आन्दोलन र भ्रष्टाचारविरोधी आन्दोलन गर्दै जानु आवश्यक छ भन्नुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय सचिव हरिराम सुवालले विगतको घटना स्मरण गर्नु भनेको नयाँ पुस्तालाई सचेत पार्नु हो; देश र जनताको निःस्वार्थ रूपले सेवा गर्न उत्प्रेरित गर्नु हो; राजनीति पैसा कमाउने माध्यम होइन देश र जनताको निःस्वार्थ सेवा गर्ने माध्यम हो भन्नुभयो ।

नेपाल क्रान्तिकारी मजदुर सङ्घ भजिसका अध्यक्ष विष्णुराम दुमरुले मजदुर र किसान काम गरिखाने वर्ग भएकोले वर्गीय भावना कायम गरी एक आपसमा एकजुट भई लाग्नु आजको आवश्यकता हो भन्नुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष गोविन्द दुवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा केशवप्रसाद तिमिल्सिना र सूर्यबहादुर फोजुले पनि ऐतिहासिक भ्रष्टाचारविरोधी आन्दोलनको महत्त्वबारे बोल्नुभएको थियो ।

सचेत उपभोक्ता बनौं

सामान खरिद गर्दा देहायका बिषय एकिन गरौं:

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

सामान खरिद गर्दा सकेसम्म बैंकिङ माध्यमबाट भुक्तानी गरौं

भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

# ख्वप इन्जिनियरिङ कलेजमा सेमेस्टर टपर र गरिब तथा जेहनदार विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण



भक्तपुर । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजमा सेमेस्टर टपर तथा गरिब, जेहनदार विद्यार्थीलाई छात्रवृत्ति वितरण कार्यक्रम असार ३२ गते सम्पन्न भयो । कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनील प्रजापतिले विद्यार्थीलाई सक्षम, इमानदार र जिम्मेवार इन्जिनियर बनेर देश र जनताको सेवामा समर्पित हुन आग्रह गर्नुभयो ।

उहाँले ख्वप माध्यमिक विद्यालय स्थापना भएपछि त्यसैको निरन्तरतास्वरूप ख्वप इन्जिनियरिङ कलेज स्थापना भएको स्मरण गर्दै यस्ता शैक्षिक संस्थाहरूको स्थापनाले भक्तपुरलाई शैक्षिक केन्द्रका रूपमा स्थापित गर्न महत्त्वपूर्ण योगदान पुगेको बताउनुभयो ।

एक घर, एक स्नातक भन्ने अवधारणाले भक्तपुरको शैक्षिक तथा सामाजिक विकासलाई थप उचाइमा पुऱ्याएको उल्लेख गर्दै उहाँले ख्वप इन्जिनियरिङ कलेजबाट हरेक वर्ष ४०० भन्दा बढी इन्जिनियर उत्पादन भइरहेको जानकारी दिनुभयो ।

नगर प्रमुख प्रजापतिले शिक्षा नै समाज रूपान्तरणको सबैभन्दा प्रभावकारी माध्यम भएको उल्लेख गर्दै भक्तपुर त्यसको सफल उदाहरण बनेको बताउनुभयो । आर्थिक अभावकै कारण कुनै पनि विद्यार्थी उच्च शिक्षा हासिल गर्नबाट वञ्चित नहोस् भन्ने उद्देश्यले नगरपालिकाले विभिन्न प्रकारका छात्रवृत्ति वितरण गर्दै आएको उहाँले स्पष्ट पार्नुभयो ।

उहाँले चालू आर्थिक वर्षदेखि भक्तपुर नगरपालिकाले उच्च शिक्षा अध्ययनका लागि अधिकतम ७ लाख रुपैयाँसम्मको शैक्षिक ऋण उपलब्ध गराउने व्यवस्था गरेको जानकारी दिँदै यसको सदुपयोग गरी आफ्नो भविष्य उज्ज्वल बनाउन विद्यार्थीहरूलाई आग्रह गर्नुभयो ।

नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले ख्वप इन्जिनियरिङ कलेज मात्र नभई माध्यमिक तहको शिक्षा पनि सञ्चालन गर्दै आइरहेको बताउनुभयो । गुणस्तरीय शिक्षा प्रदान गर्न सक्षम र दक्ष शिक्षक आवश्यक पर्ने भएकाले नगरपालिकाले शिक्षकहरूको क्षमता अभिवृद्धिका लागि नियमित रूपमा विभिन्न तालिम सञ्चालन गर्दै आएको पनि उहाँले जानकारी दिनुभयो ।

उहाँले शिक्षाको गुणस्तर सुधारका लागि शिक्षकलाई योग्य, दक्ष र अनुसन्धानमुखी बनाउनु आवश्यक रहेको उल्लेख गर्दै शिक्षामा गरिएको लगानीले समग्र समाजको विकास र रूपान्तरणमा महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले ख्वप इन्जिनियरिङ कलेज भक्तपुर नगरपालिकाद्वारा सञ्चालन भइरहेको शैक्षिक संस्था भएकोले यसको उद्देश्य र योगदानबारे विद्यार्थीले बुझ्न आवश्यक रहेको बताउनुभयो । उहाँले सङ्घीय सरकारले आफ्नै लगानीमा नयाँ कलेजहरू स्थापना गर्न नसकेको अवस्थामा अधिकांश नयाँ कार्यक्रम निजी क्षेत्रबाट उच्च शुल्कमा सञ्चालन भइरहेको उल्लेख गर्दै ख्वप इन्जिनियरिङ कलेजलाई भक्तपुर नगरपालिकाले आर्थिक तथा संस्थागत सहयोग गर्दै आएको बताउनुभयो । उहाँले नगरपालिकाको सहयोगकै कारण विद्यार्थीले गुणस्तरीय प्राविधिक शिक्षा तुलनात्मक रूपमा सहज शुल्कमा अध्ययन गर्न पाएको धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा कलेजका प्राचार्य सुजन माकले छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीलाई बधाई दिँदै यस्ता कार्यक्रमले विद्यार्थीलाई थप मेहनत गर्न प्रेरणा र मार्गदर्शन प्रदान गर्ने बताउनुभयो । उहाँले कलेजले प्रत्येक सेमेस्टरका टपर विद्यार्थीलाई पनि विशेष कार्यक्रममार्फत छात्रवृत्ति प्रदान गर्ने नीति कलेजले अपनाएको जानकारी दिनुभयो ।

प्राचार्य माकले ख्वप इन्जिनियरिङ कलेज स्थापना भएको २५ औं वर्ष विशेष कार्यक्रम तथा प्रदर्शनीसहित कलेजको वार्षिकोत्सव कार्यक्रम गर्ने तयारी गरिरहेको उल्लेख गर्दै कलेजले विभिन्न ६ वटा विधाअन्तर्गत छात्रवृत्ति वितरण गर्दै आएको बताउनुभयो । ती विधामा प्रवेश परीक्षाका उत्कृष्ट, आरक्षित कोटा, गरिब तथा जेहनदार विद्यार्थी, कक्षा १२ को नतिजाका आधारमा, सामुदायिक विद्यालयबाट अध्ययन पूरा गरेका विद्यार्थी तथा खेलकुदमा उत्कृष्ट प्रदर्शन गरेका विद्यार्थी समावेश रहेको जानकारी दिनुभयो ।

उपप्राचार्य डा. सुवेगमान बिजुक्छेँले छात्रवृत्ति विद्यार्थीका लागि प्रोत्साहनको माध्यम भएको बताउँदै अनुशासित भएर अध्ययन पूरा गर्न र आफ्नो करियर विकासमा विशेष ध्यान दिन आग्रह गर्नुभयो । उहाँले प्राप्त अवसरको सदुपयोग गर्दै सक्षम र जिम्मेवार इन्जिनियर बन्न विद्यार्थीलाई प्रेरित गर्नुभयो ।

कलेजले यस वर्ष अनुशासित, गरिब तथा जेहनदार छात्रवृत्तिअन्तर्गत ८० जना विद्यार्थीलाई कुल रु. ३९ लाख ५६ हजार ४५२ वितरण गरेको छ । त्यसैगरी सेमेस्टर टपर छात्रवृत्तिअन्तर्गत १६० जना विद्यार्थीलाई कुल रु. ८ लाख ७६ हजार ३६५ प्रदान गरिएको छ ।

यसरी दुवै शीर्षकअन्तर्गत कुल २४० जना विद्यार्थीलाई रु. ४८ लाख ३२ हजार ८१७ बराबरको छात्रवृत्ति तथा फ्रीशिप वितरण गरिएको कलेजले जनाएको छ ।

**ख्वप कलेज अफ इन्जिनियरिङमा गरिब तथा जेहनदार विद्यार्थीलाई रु. २३.५४ लाख छात्रवृत्ति वितरण**

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ इन्जिनियरिङमा अध्ययनरत गरिब तथा जेहनदार विद्यार्थीलाई छात्रवृत्ति वितरण कार्यक्रम असार ३२ गते सम्पन्न भएको छ ।

कार्यक्रमका प्रमुख अतिथि तथा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले विद्यार्थीलाई अध्ययनसँगै समाजका गतिविधिप्रति सचेत रहँदै भविष्यमा सक्षम, इमानदार र जिम्मेवार इन्जिनियर बनेर देश र जनताको सेवामा समर्पित हुन आग्रह गर्नुभयो ।

उहाँले भक्तपुर नगरपालिका देशकै व्यवस्थित रूपमा सञ्चालित स्थानीय सरकारको रूपमा परिचित रहेको उल्लेख गर्दै समाज पुस्तौँपुस्ताको रगत र पसिनाबाट निर्माण हुने भएकोले एउटै पुस्ताको आन्दोलनले मात्र आमूल परिवर्तन सम्भव नहुने बताउनुभयो । नयाँ पुस्ताले सामाजिक उत्तरदायित्वलाई आत्मसात् गर्दै समाज रूपान्तरणमा सक्रिय भूमिका खेल्नुपर्ने उहाँको भनाइ थियो ।

उपप्रमुख जोशीले 'पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति' भन्ने नारालाई आत्मसात् गर्दै भक्तपुर नगरपालिकाले कला, संस्कृति संरक्षण र प्रवर्द्धनमा निरन्तर कार्य गर्दै आएको बताउनुभयो । उहाँले भक्तपुरलाई ज्ञान–विज्ञानको केन्द्रका रूपमा विकास गर्ने लक्ष्यअनुसार ख्वप विश्वविद्यालय स्थापना गर्ने प्रक्रिया अघि बढिरहेको जानकारी दिनुभयो ।

२०७२ सालको भूकम्पबाट महत्त्वपूर्ण पाठ सिक्दै नगरपालिकाले 'सय वर्षपछिको भक्तपुर' भन्ने दीर्घकालीन योजनालाई मार्गदर्शक दस्तावेजका रूपमा कार्यान्वयन गरिरहेको उल्लेख गर्दै उहाँले भदौ २३ र २४ गतेको आन्दोलनले २०७२ सालको भूकम्पभन्दा पनि बढी क्षति पुऱ्याएको धारणा व्यक्त गर्नुभयो । नगरपालिकाद्वारा सञ्चालित दुईवटा इन्जिनियरिङ कलेजले भक्तपुरको पुन:निर्माणमा उल्लेखनीय योगदान पुऱ्याएको चर्चा गर्दै उहाँले आज भक्तपुर शैक्षिक गन्तव्यको रूपमा स्थापित भएको बताउनुभयो ।

कार्यक्रममा कलेजको छात्रवृत्ति सिफारिस समितिका संयोजक तथा कलेज सञ्चालक समितिका सदस्य रवीन्द्र ज्याख्वले ख्वप माध्यमिक विद्यालयको स्थापनापछि त्यसको निरन्तरता स्वरूप हालसम्म सातवटा शैक्षिक संस्था स्थापना भएको स्मरण गराउँदै ती संस्थाहरूले भक्तपुरलाई शैक्षिक केन्द्रका रूपमा स्थापित गर्न महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभयो ।

उहाँले 'एक घर, एक स्नातक' अवधारणाले भक्तपुरको शैक्षिक तथा सामाजिक विकासमा उल्लेखनीय योगदान पुऱ्याएको उल्लेख गर्दै ख्वप कलेज अफ इन्जिनियरिङसहित सातवटा शैक्षिक संस्थामार्फत प्रत्येक वर्ष करिब रु. ६ करोड बराबरको छात्रवृत्ति प्रदान गरिँदै आएको जानकारी दिनुभयो ।

आर्थिक अभावकै कारण कुनै पनि विद्यार्थी उच्च शिक्षाबाट वञ्चित नहोस् भन्ने उद्देश्यले भक्तपुर नगरपालिकाले विभिन्न प्रकारका छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्दै आएको उहाँले स्पष्ट पार्नुभयो । सङ्घीय सरकारले आफ्नै लगानीमा पर्याप्त कलेज स्थापना गर्न नसकेको अवस्थामा अधिकांश नयाँ कार्यक्रम निजी क्षेत्रबाट उच्च शुल्कमा सञ्चालन भइरहेको उल्लेख गर्दै उहाँले भक्तपुर नगरपालिकाले समाजलाई बुद्धिजीवीकरण गर्ने उद्देश्यले सातवटा शैक्षिक संस्था सञ्चालन गरिरहेको बताउनुभयो । विद्यार्थीले गुणस्तरीय प्राविधिक शिक्षा तुलनात्मक रूपमा न्यून शुल्कमा अध्ययन गर्न पाएको उहाँको भनाइ थियो ।

कलेजका प्राचार्य ई. सुनील दुवालले छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीलाई बधाई दिँदै यस्ता कार्यक्रमले विद्यार्थीलाई थप मेहनत गर्न प्रेरित गर्ने तथा शैक्षिक उत्कृष्टता हासिल गर्न मार्गदर्शन प्रदान गर्ने बताउनुभयो । उहाँले ख्वप कलेज अफ इन्जिनियरिङले न्यून शुल्कमा गुणस्तरीय प्राविधिक शिक्षा प्रदान गर्दै आएको उल्लेख गर्दै आर्थिक रूपमा कमजोर विद्यार्थीले पनि सहज रूपमा अध्ययन गर्न सक्ने वातावरण कलेजले निर्माण गरेको बताउनुभयो ।

कार्यक्रममा कलेजका लेखा शाखा प्रमुख विष्णुप्रसाद सुवालले छात्रवृत्ति कार्यक्रमले आर्थिक रूपमा कमजोर तथा प्रतिभाशाली विद्यार्थीलाई उच्च शिक्षा हासिल गर्न महत्त्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

यस शैक्षिक वर्षमा कलेजले गरिब तथा जेहनदार छात्रवृत्तिअन्तर्गत ४८ जना विद्यार्थीलाई कुल रु. २३ लाख ५४ हजार बराबरको छात्रवृत्ति प्रदान गरेको जनाएको छ । त्यसैगरी, आर्थिक वर्ष २०८२/८३ मा प्रवेश परीक्षा उत्कृष्ट छात्रवृत्ति, गरिब तथा जेहनदार छात्रवृत्ति तथा सेमेस्टर टपर छात्रवृत्तिसहित १४० जना विद्यार्थीलाई कुल रु. १ करोड ५० लाख बराबरको छात्रवृत्ति उपलब्ध गराइएको कलेजले जनाएको छ ।

# "सम्पदाको संरक्षण, संवर्द्धन र पर्यटन प्रवर्द्धनलाई भक्तपुर नगरपालिकाले प्राथमिकतामा राखेको छ"

भक्तपुर । भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुरको सांस्कृतिक पर्यटन उद्योगको विकासको लागि सरोकारवाला सङ्घसंस्थाहरू दरबार हेरचाह तथा स्मारक संरक्षण कार्यालय, गुठी संस्थान कार्यालय, कला सङ्ग्रहालय, भक्तपुर पर्यटन विकास समिति, होटल एसोसियसन अफ भक्तपुर र इतिहासविद्, संस्कृतिविद्, संरक्षणविद्, पुजारीलगायत सरोकारवालाहरूसँग राय सुझाव सङ्कलन र छलफल असार ३१ गते कार्यक्रम सम्पन्न भयो ।

उक्त कार्यक्रमबाट सांस्कृतिक नगर भक्तपुरको आर्थिक र सामाजिक विकासको एक आधारको रूपमा रहेको सांस्कृतिक पर्यटन उद्योगको विकासको लागि अल्पकालीन तथा दीर्घकालीन योजनाहरू निर्माण गर्न इतिहास र संस्कृतिका विज्ञहरू तथा सरोकारवाला समूहहरूको प्रतिनिधित्व हुने गरी सम्भाव्यता अध्ययन समिति गठन गर्न भक्तपुर नगरपालिकालाई अनुरोध गर्ने निर्णय गऱ्यो ।

कार्यक्रममा नगर प्रमुख सुनील प्रजापतिले भक्तपुर मूर्त तथा अमूर्त सम्पदाले भरिएको सांस्कृतिक नगर भएकोले सम्पदाको संरक्षण, संवर्द्धन र पर्यटन प्रवर्द्धनलाई नगरपालिकाले प्राथमिकतामा राखेर काम गरिरहेको बताउनुभयो ।

उहाँले आ.व. २०८३/८४ को नीति तथा कार्यक्रममा पर्यटन क्षेत्रलाई विशेष प्राथमिकता दिइएको उल्लेख गर्दै पर्यटनसँग सम्बन्धित निकाय, विज्ञ तथा सरोकारवालासँग समन्वय गरी दीर्घकालीन योजना अघि बढाइने जानकारी दिनुभयो ।

नगर प्रमुख प्रजापतिले सम्पदास्थलको संरक्षण, आन्तरिक पर्यटन प्रवर्द्धन, मौलिक सम्पदाको डिजिटल अभिलेखीकरण तथा धार्मिक–सांस्कृतिक पर्यटनको विकासका लागि सबै पक्षको सहयोग आवश्यक रहेको उल्लेख गर्दै सुझावसहित सहकार्य गर्न आग्रह गर्नुभयो ।

स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय भक्तपुरका प्रमुख नवराज अधिकारीले विश्व सम्पदा सूचीमा सूचिकृत मूर्त सम्पदा तथा अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन र प्रवर्द्धनमा सबै सरोकारवाला निकाय तथा समुदायले विशेष जोड दिनुपर्ने र पर्यटक प्रवेश शुल्क सङ्कलनलाई व्यवस्थित र प्रभावकारी बनाउन एकद्वार प्रणाली लागू गर्नुपर्ने धारणा राख्नुभयो ।

गुठी संस्थान कार्यालय भक्तपुरका प्रमुख आनन्दप्रसाद कर्माचार्यले भक्तपुर विदेशी पर्यटकहरूको लागि आकर्षक गन्तव्यस्थल भएको उल्लेख गर्दै लोपोन्मुख बाजागाजा, दाफा भजन, नाच तथा अन्य सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धनमा विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

राष्ट्रिय कला सङ्ग्रहालय प्रमुख जयन्ती प्रधानले पर्यटकको बसाइँ अवधि बढाउन दक्ष पथप्रदर्शकले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो ।

इतिहासविद् डा. पुरुषोत्तमलोचन श्रेष्ठले पचपन्न झ्याले दरबारभित्र रहेका भित्तेचित्रहरू एसियाकै अनुपम सांस्कृतिक सम्पदाका रूपमा रहेको उल्लेख गर्दै तिनको वैज्ञानिक संरक्षण, अभिलेखीकरण तथा नियमित मर्मत–सम्भारमा विशेष जोड दिनुपर्ने र कृषि संस्कृतिलाई पनि पर्यटनसँग जोडेर आकर्षणको आधार बनाउनुपर्ने बताउनुभयो ।

इतिहासविद् विश्वमोहन जोशीले भक्तपुरका मौलिक पोशाक, परम्परा, संस्कार तथा सांस्कृतिक सम्पदाको व्यवस्थित डकुमेन्टेसन गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

होटल एसोसिएसन अफ भक्तपुरका अध्यक्ष कृतन अवालले पर्यटनसम्बन्धी नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने, भक्तपुर आउने पर्यटकलाई स्वागत तथा सगुनस्वरूप स्थानीय मौलिक परिकार जुजु धौ प्रदान गर्ने व्यवस्था गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष दिपेशराज शर्माले खेल पर्यटनलाई पर्यटन प्रवर्द्धनको नयाँ सम्भावनाका रूपमा विकास गर्नुपर्ने, पर्यटकको सङ्ख्या मात्र बढाउनेभन्दा गुणस्तरीय पर्यटनमा जोड दिई बढी समय बस्ने पर्यटक आकर्षित गर्ने रणनीतिहरू अवलम्बन गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा सहभागी सरोकारवाला निकायहरूले भूकम्पले क्षतिग्रस्त भई पुन:निर्माण गर्न बाँकी रहेका सम्पदाहरूको शीघ्र पुन:निर्माण गर्नुपर्ने, दरबार क्षेत्रभित्रका मन्दिरहरूमा नियमित पूजाआजा, दाफा भजन तथा धार्मिक–सांस्कृतिक गतिविधि सञ्चालन गरी पुन:जीवन दिनुपर्ने, पचपन्न झ्याल दरबार पर्यटकका लागि खुला गरी यसको पर्यटन उपयोगिता बढाउनुपर्ने, स्थानीय उत्पादन, हस्तकला र मौलिक सामग्रीको बिक्रीका लागि व्यवस्थित कोसेली घर स्थापना गर्नुपर्ने, भक्तपुर भ्रमणपछि पर्यटकले यहाँबाट के–कस्ता अनुभव, ज्ञान वा सामग्री लिएर फर्किन्छन् भन्ने विषयमा अध्ययन तथा अनुसन्धान गर्नुपर्ने, दाफा भजनलगायतका मौलिक सांस्कृतिक परम्पराप्रति नयाँ पुस्ताको आकर्षण बढाउने कार्यक्रम सञ्चालन गर्नुपर्नेलगायतका धारणा राख्नुभयो ।

**साम्राज्यवाद....**

क्युबा विश्वकै न्यून बालमृत्युदर भएको देश हो । तर, नाकाबन्दीका कारण सन् २०१८ देखि २०२५ सम्म यो दर प्रति १००० ४ जनाबाट बढेर ९.९ पुगेको छ । यो तथ्यांक वासिङ्टनमा क्रियाशील आर्थिक तथा नीति अध्ययन केन्द्रले प्रकाशित गरेको हो । यसको अर्थ नाकाबन्दीका कारण यस अवधिमा १८ सय क्युबाली बालबालिकाले ज्यान गुमाएका छन् । क्यान्सर, मधुमेहलगायत अन्य कष्टदायी रोगको उपचार गराइरहेका वा औषधी खाइरहेका बिरामीको मृत्युदर जोड्ने हो भने माथिको तथ्याङ्क अझ भयावह बन्छ ।

छोटकरीमा भन्दा वासिङटनले युद्ध अपराध गर्दै छ । यसका दोषीहरूलाई कठघरामा उभ्याइनुपर्छ । नाजीवादको पतनपछि जसरी यहुदीहरूउपर जातिसंहार गर्नेहरूलाई न्युरेम्बर्गमा मुद्दा चलाइरहेको थियो, त्यसैगरी अमेरिकी जातिसंहारकहरूलाई पनि दण्डित गर्नुपर्छ । आज अर्को जातिसंहार प्यालेस्टिनको गाजा, पश्चिम किनार र दक्षिण लेबनानमा चल्दै छ । तर, सर्वत्र मौनता छ । १९४० को दशकमा फासिवादीहरूको जसरी निन्दा र विरोध हुन्थ्यो, त्यस्तो निन्दा बिरलै देखिन्छ । अझ समाजको आलोचनात्मक चेत भुत्ते भएको देख्दा र अमेरिकी नीतिका कारण क्युबा, भेनेजुयलालगायत विश्वका तमाम देशहरूमा चलिरहेको सुस्त नरसंहारबारे समाज मौन बस्दा झन् भाउन्न हुन्छ ।

साम्राज्यवादी 'सौम्य शक्ति' नाकाबन्दीलाई आम जनताको नजरमा 'सामान्य' बनाउन एकदम सफल भएको छ । त्यसैले होजे मार्टीको भनाइ अनुसार 'विचारको युद्ध' अत्यावश्यक बन्न पुगेको छ; 'विचारको शक्तिबाट' यो लडाइँ जित्नुपर्ने छ । यसको अर्थ परम्परागत वर्चस्वशाली विवेकविरुद्ध हाम्रो बलबुताले भ्याएसम्म सङ्घर्ष गर्नुपर्छ । कतिपय विद्वानले खुट्टा कमाउँछन् र यी अन्यायविरुद्ध आँखा चिम्लिन्छन् । हामीले तिनका विरुद्ध पनि सङ्घर्ष गर्नुपर्छ । जनतालाई राजनीतिबाट अलग्याउने प्रवृत्ति (डिपोलिटिसाइजेसन) लाई पूजा गर्ने र राजनीतिबाट भागी आफ्ना व्यक्तिगत स्वार्थमा अल्झिनेहरूविरुद्ध अर्को तेस्रो सङ्घर्ष पनि गर्नुपर्छ । सड्दै गर्दा साम्राज्यवादले पश्चिमा समाजलाई नैतिक रसातलमा धकेलेको छ । उसले व्यक्तिमा कपटी स्वार्थलाई मलजल गरेको छ र तिनलाई आफ्ना समकालीन मानवहरूको पीडाप्रति असंवेदनशील बनाएको छ । युवा ग्राम्स्कीले आफ्नो एक लेखको शीर्षक राखेका थिए, उदासीनतालाई घृणा गर्छु म । आज यो नारा सान्दर्भिक बनेको छ । लेखमा उनले लेखेका थिए, "उदासीनता इतिहासको मृत बोझ हो । तर, उदासीनताले इतिहासमा सशक्त प्रभाव पार्छ । यो अल्छीलाग्दो पाराले क्रियाशील हुन्छ, तर क्रियाशील हुन्छ । यो एक यस्तो भाग्य हो, जसको सायद कुरा गर्न मिल्दैन ।" अथवा यसमा हामी थप्न सक्छौं, सायद कुरा गर्न मिल्छ तर गरिन्न किनकि मिडियाभरि शत्रुहरूको भरमार छ, जसले व्यवस्थाका अपराधहरू ढाकछोप गर्ने अठोट गरेका छन् । ग्राम्स्कीले थप लेखे, "बाँच्नुको अर्थ पक्ष लिनु हो । जो वास्तवमै बाँच्छन्, तिनीहरू नागरिक बन्नुपर्छ, तिनले पक्ष लिनुपर्छ । उदासीनता र असंवेदनशीलता परजीवीपना हो; लाछीपना हो । यस्तो जीवनलाई जीवन भन्न मिल्दैन । त्यही भएर म उदासीनतालाई घृणा गर्छु ।" त्यो छोटो लेखमा ग्राम्स्कीले महाकवि दाँतेले आफ्नो कृति 'डिभाइन कमेडी' मा वर्णन गरेको मानवतावादी भावना दर्शाएका छन् । दाँतेले लेखेका थिए, "भगवानले नर्कको सबैभन्दा भयानक क्षेत्र तिनीहरूका लागि छुट्याएका थिए, जसले नैतिक संकटको बेला तटस्थ बस्ने बाटो रोजेका थिए ।"

(*एटिलियो बोरोन अर्जेन्टिनी समाजशास्त्री, राजनीतिज्ञ, प्रोफेसर र लेखक हुन् । उनले हार्वर्ड विश्वविद्यालयबाट राजनीतिशास्त्रमा विद्यावारिधि गरेका थिए ।*
स्रोत : एमआर अनलाइन । सम्यक)

# मुद्रास्फीति पुँजीवादी अर्थतन्त्रको महारोग

एकजना अर्थविज्ञले भन्नुभएको स्मरण हुन्छ, "अर्थतन्त्र पढ्न या बनाउन एडम् स्मिथ र किन्सहरूभन्दा पनि कार्ल मार्क्स पढ्नुपर्छ ।" मार्क्सवादी अर्थशास्त्रको 'लोकलाइजेसन' वास्तवमा वर्तमान आर्थिक बेथिति, शोषण, आर्थिक उतारचढाव र युद्धहरूको समाधान हो। मुद्रास्फीतिजस्तो पुँजीवादको महारोगविरुद्ध लड्ने उपाय पनि यही हो। आज नेपाली समाज सबैभन्दा बढी मुद्रास्फीतिबाट प्रताडित छ। मैले एउटा पुस्तक पढेको थिएँ - 'Why China Has No Inflation'। ५० वर्षअघि लेखिएको पुस्तक हो यो। आजको चीनसँग त नेपाललाई तुलना गर्न सकिन्न या मिल्दैन। तर, ५० वर्षअघिको चीनले आर्थिक विकासको उडान कसरी भरेको थियो भन्ने अनुभव नेपालका लागि उपयोगी जरुर हुन्छ। चिनियाँ अर्थतन्त्रको एउटा आधार जनताको अत्यावश्यक वस्तुमा शून्य मूल्यवृद्धि हो, शून्य मुद्रास्फीति हो। त्यही अर्थनीतिले चीनको घरेलु बजार बलियो भयो साथै उपभोग अर्थतन्त्रको जग बस्यो। मुद्रास्फीति न्यूनतम राखेर जनताको क्रयशक्ति बढाउने उपाय नेपालका अर्थशास्त्री र अर्थमन्त्रीहरूले सिक्नपर्ने हो। चीनमा आजको शानदार विकासको जग ती नै सूक्ष्म अर्थनीतिको प्रतिफल मान्नुपर्छ। चीनमा अहिले पनि मुद्रास्फीति छैन या अत्यन्त न्यून छ। यस्तो किन र कसरी सम्भव भयो ? सायद त्यहाँका एडम्स्मिथहरू कार्ल मार्क्स पढ्छन् या पढ्दै छन्। तर, यहाँ नेपालमा पश्चिमा पुँजीवादी अर्थशास्त्र घोकेर आएका अर्थशास्त्रीहरू जीडीपीको आकार ठूलो देखाउनकै लागि मुद्राको मूल्यमा रास गर्दै छन्, त्यो पनि विदेशी ऋण अनुदान र लगानी आकर्षित गर्ने भन्दै। यो अत्यन्तै गलत वित्तीय अर्थात् मौद्रिक नीति हो। यसले नेपाली जनताको दैनिक जीविकोपार्जन मात्र महँगो पर्दैन बरु देशको आर्थिक सम्प्रभुतासमेत रसातलमा पुग्छ।

यसर्थ, नेपालजस्तो देशका लागि मार्क्सवादी अर्थशास्त्रको माटो सुहाउँदो प्रयोग साँच्चैको विकास मोडल हुनेछ। यो समता, सन्तुलन र समृद्धिको बाटो या गरिबी उन्मूलनको पक्की सडक पनि हो। तर, नेपालमा अर्थमन्त्रीहरू उल्टो बाटो हिँडिरहेको गुनासो या आलोचना छ। विकासमा सामाजिकीकरणको मोडल, आत्मनिर्भरताको मोडल, सामूहिकताको मोडल वास्तवमा अहिलेको आवश्यकता हो। नेपालको माटोले खोजेको पनि त्यही हो। तर, यहाँ त्यसको उल्टो हरेक मन्त्रालयहरू निजी क्षेत्रको भर परेको देखिन्छ निजीकरण या नवउदारवादी बाटोमा देखिन्छन्। कतै कार्टेलिङको नाममा, कतै बजार प्रतिस्पर्धा, कतै ओलीगोपोली त कतै पीपीपी मोडलको गुलियोमा निजीकरणकै खराबी विनियोजनका शीर्षकमा भेटिन्छन्। यो फेरि पनि विगत ३५ वर्ष हिँडेकै बाटो भयो। यसले देश, प्रदेशलाई उत्पादनमुखी, जनमुखी बनाउँदैन आत्मनिर्भर त बनाउँदै बनाउँदैन। त्यसकारण, प्रत्येक मन्त्रालयको विनियोजनमा हाम्रो सैद्धान्तिक विमति छ।

अब बजेट आम्दानी र आकारको कुरा गरौँ महत्त्वपूर्ण कुरा कति खर्ब या अर्बको बजेट भन्ने होइन बजेटको स्रोत के हो, त्यो महत्त्वपूर्ण हुन्छ। के जनतामाथि करको भारी थोप्नु आम्दानी हो ? के जनताको ढाड सेकिने महँगी आम्दानीको उपाय हो ? बहुराष्ट्रिय कम्पनीसँग नमागीकन के प्रदेश मन्त्रालय चल्दैन ? हिजो अर्थमन्त्रीले बोल्नुभयो, प्रदेशको सबैभन्दा ठूलो स्रोत घरजग्गा रजिस्ट्रेसन शुल्क र यातायात शुल्क हो भनेर। डाँडाकाँडा, प्राकृतिक स्रोत म्हासेर, प्लटिङ गराएर उठाएको रकमलाई आम्दानी मानेर त्यसैको खर्चले व्यवस्थित सहरीकरणको सपना बेच्ने धूर्त व्यापारी नबन्नुहोला। हामीलाई अचम्म लाग्यो, ९ वर्षसम्म उत्पादनको स्रोत या वातावरण तयार नगरी घरजग्गा दलालीलाई आम्दानीको प्रमुख स्रोत घोषणा गर्दा, हामीलाई निकै दुःख लाग्यो।


सुजना सैंजू

त्यतिमात्र होइन प्रदेश सरकार नौ वर्षसम्म एउटा हस्तान्तरण केन्द्र बन्यो। माथिबाट थाप्ने तल वितरण गर्ने। स्थानीयको कर अधिकार क्षेत्र मिच्ने, असुल्ने। प्रदेश सरकारहरूले आफ्नो मौलिक एवम् स्वायत्त र विकेन्द्रीकृत स्रोत कहिल्यै खोजेन अनि प्रदेशको औचित्यमाथि प्रश्न उठ्नुलाई अस्वाभाविक कसरी मान्ने ? वास्तवमा बजेटहरू सङ्घीयताको मर्म या विचारलाई व्यवहारमा जोगाउने हतियार हुन्। तर यहाँ बजेट सङ्घीयताविरोधी देखिन्छ। सङ्घीयताको अर्थ खर्च र आम्दानी दुवैमा आत्मनिर्भरता हो। विकेन्द्रीकृत विकासको बाटो हो सङ्घीयता। तर, नौ वर्ष यो लाइनमा प्रदेश मन्त्रालयहरू हिँड्दै हिँडेनन् भन्ने सत्य बोल्दा चित्त नदुखाउनु होला। अर्काको अर्थात् केन्द्रको बैसाखी टेकेर प्रदेश सरकार लामो हिँड्न सक्दैन, यो तीतो सत्य हो।

बजेट हरेक वर्ष पास हुन्छ तर कार्यान्वयन पक्ष हरेक वर्ष असफल हुन्छ। एउटा समाचारले मेरो ध्यान तान्यो, असार १५ गतेसम्म अर्थात् आर्थिक वर्ष सकिन दुई साता बाँकी रहँदा विकास खर्च जम्मा ३५.१२ प्रतिशत। यो सधैँको रोग हो। प्रदेशहरूको विकास खर्च अनुपात पनि यही या यस्तै छ। हिजो पनि कुरा उठ्यो नेपालमा असारे विकास मोडल हाबी छ। हिजोदेखि आजसम्म वाग्मती प्रदेशले त असारमै भ्याइ नभ्याई गोष्ठी गऱ्यो, तालिम गऱ्यो, भ्रमण गऱ्यो। वास्तवमा असारमै जबरजस्ती कुनै न कुनै नाममा बजेट सकाउन खोज्नु पनि भ्रष्टाचार हो। अनियमितता हो।

यो सरकारले बजेट बन्नुअघि कसम खाएको थियो – "टुक्रे र खुद्रे बजेट त हामी ल्याउँदै ल्याउँदैनौँ।" फेरि पनि उही पाँच–दस लाखको बजेट शीर्षक हेर्दा वडा कार्यालयहरूसमेत लजाएको अनुभव भयो। वडाध्यक्षहरू प्रदेशतिर हेरेर हाँस्दै होलान्।

माननीयहरूले पनि उठाउनुभएको कुरा, बजेट मन्त्रीमुखी भयो, मन्त्रीको निर्वाचन क्षेत्रमुखी भयो, बिचौलियामुखी भयो। 'मन्त्री पद भोलि पाइएला नपाइएला अहिले नै नलगे कहिले लाने' भन्ने मन्त्रीहरू पनि हामी चिन्छौँ। गलत संस्कार हो यो। बजेट निर्वाचन क्षेत्रमा बाँडफाँडको मापदण्डले सफल हुन्न बजेट प्राथमिकता र यथोचित कार्यान्वयन र विकासमा सन्तुलनले सफल हुन्छ।

हाम्रो प्रदेशको हकमा बजेटको प्राथमिकता कृषि, सामुदायिक स्वास्थ्य, शिक्षा, सभ्यता, वातावरण, उद्योग हस्तकलाग्राममा लगानी हुनुपर्ने हो। तर, त्यसो भएको देखिएन उद्योग मन्त्रालयअन्तर्गत ५१ फिट अग्लो शिवमूर्ति निर्माणको बुद्धि मन्त्रालयलाई कसले दियो ? भौतिक पूर्वाधारमा 'सच्चाइ भवन' निर्माण कसरी जोडियो ? पूर्वाधार भनेको प्रत्यक्ष उत्पादनसँग जोडिनुपर्छ सभामुखज्यू। बजेट सम्पदा र सभ्यताको हकमा पनि उदासीन देखिन्छ। हामी सम्पदा र सभ्यता पनि उत्पादन र अर्थतन्त्रसँग जोडिन्छ भन्छौँ। हाम्रा रैथाने स्थानीय उत्पादन आफैमा सम्पदा हुन्। उपत्यकाको हकमा जुजुधौ, चाकु, ताइचिन चिउरा तोरी तेल, हाकुपटासी, टाका टोपी, काष्ठकला आदि सबै सम्पदा हुन्, त्यो बनाउने सीप पनि अमूर्त सम्पदा नै हो। यसको जगेर्ना, वस्तुको उत्पादनमा प्रोत्साहन, लगानी र बजारीकरण प्रदेश सरकारले हेर्नुपर्ने होइन र ? हामीसँग जे छ हामी त्यसैबाट उठ्छौँ। प्राकृतिक स्रोत साधनको अत्यधिक दोहन रोकेर अब 'हेरिटेज इकोनोमी' को अवधारणा जरुरी छ। पहाडको हकमा या जातजातिहरूकै हकमा उदाहरणका लागि डोको (आधुनिक समाजमा बाँसको फर्निचर भनौँ।) 'बाँस इकोनोमी' को सम्भावना छ। हाम्रो प्रदेशमा यसरी भएका सीमित स्रोत साधनको उपयोगिता र त्यसबाट जनताको जीवनस्तर उठाउने सामान्य अर्थशास्त्रको नियम पनि यो बजेटले मानेको छैन।

यो सभ्यताको युग हो। हामी वाग्मती सभ्यताको कुरा गर्छौं। बजेटले सभ्यता पुनर्जागरणको कुरा गर्नै सकेको छैन। भक्तपुरलगायत ऐतिहासिक नगरहरूलाई सांस्कृतिक नगर या पुरातात्त्विक सहरको हैसियतमा बजेट विनियोजन हुनुपर्ने हो। त्यसो पनि भएन। त्यतिमात्र होइन अव्यवस्थित सहरीकरण, बाटोघाटो, कोरिडोरले वातावरण र पर्यावरण मात्र होइन मानव सभ्यता मासिएको छ। हाम्रो बाग्मती नदी सभ्यतामा ढल, केमिकल मिसिएको छ। त्यो सफा गर्ने जिम्मेवारीबोध प्रदेशलाई किन हुँदैन ? एउटा अर्को दृष्टान्त फास्टट्रयाक नै हो। हामी भनिरहेका छौँ सुरुदेखि फास्टट्रयाक् जनविरोधी छ, किसान विरोधी छ। सभ्यताविरोधी छ। सन्तुलित विकासको अवधारणाविपरीत छ। खोकना र बुङ्गमती यही प्रदेशको भूमि हो। त्यहाँका जनतालाई मात्र होइन फास्टट्रयाक उपत्यका र देशलाई नै चाहिएको छैन। सभ्यता मासेर बाटो बनाउनु विकास होइन विनाश हो। यो सबैतिर लागु हुन्छ र भविष्यको पुस्तासम्मले त्यो विनाश भोग्नुपर्ने हुन्छ। त्यसकारण, फास्टट्रयाक् पीडित जनता अझै सडकमा छन्; आन्दोलित छन् र भन्दै छन् – "त्यो भारतीय विस्तारवाद उपत्यका छिर्ने ट्रयाक हो। त्यसकारण, फिर्ता गर, बन्द गर" भन्दै प्रदेश सरकारलाई पीडित किसान, पीडित जनताको पक्षमा उभिन आग्रह गर्दै छु।

सङ्घीयताले जिल्ला जिल्लामा व्यवस्थित सहर निर्माण गरी जनसङ्ख्या र सुविधा विकेन्द्रीकरण गर्नुपर्ने हो फेरि पनि उपत्यकाको डाँडाकाँडा चिथोरेर बस्ती बसाल्ने जनसङ्ख्या केन्द्रीकरण गर्ने नीति अवैज्ञानिक छ; अव्यावहारिक छ। प्रदेश बजेटले विकेन्द्रीकृत रूपमा एकातिर प्राकृतिक स्रोत जोगाउने र अर्कोतिर सभ्यता पनि जोगाउने सहर विकासको मूर्त योजना ल्याउनुपर्थ्यो। सभ्यता जोगाउनु भनेको भविष्यको निम्ति देश जोगाउनु हो। यसमा ध्यान दिए अर्को पुस्ता भविष्य पुस्तासम्मेले प्रदेश सरकारको उपस्थिति र आवश्यकता महसुस गर्थ्यो, स्याबासी दिन्थ्यो। नौ वर्षमा पनि यो विषयमा प्रदेशले सोच्न र चिन्तन गर्न नसक्नुलाई कमजोरी मानेर आत्मालोचनाको लागि अनुरोध गर्दछु।

*(वाग्मती प्रदेश सभा सदस्य सुजना सैंजूले प्रदेशसभाको बजेट अधिवेशन २०८३ का क्रममा गत असार १८ गते विनियोजन विधेयकमाथि छलफलमा राख्नुभएको विचारको सम्पादित अंश )*

# अन्तर्राष्ट्रवादी पत्रकार एड्गर स्नो (सन् १९०५–१९७२)

**कम्युनिस्ट सदरमुकाममा**

एडगर स्नोले साङ्घाईमा सुङ चिङ लिङमार्फत कम्युनिस्ट पार्टीको केन्द्र येनानको पाओ आनमा पुग्न जून १९३६ मा मिलाएका थिए। सियानफू (Sianfu) हुँदै लालइलाकामा चाउ एन लाइ, सेनाको सञ्चार विभाग प्रमुख लि को नुङ (Li KoNung) र माथिल्लो कमान्डर येन चिन इङ (Yen Chin-Ying) सँग भेट गरे। सहरी जीवनको फरासिला, दान्ही भएका चाउ एन - लाइ त्यतिखेर ३८ वर्षका थिए।

९२ दिनको घोडा र पैदलको कठिन यात्रापछि पाओ आनमा माओ त्सेतुङसँग स्नोको भेट भयो। ४२ वर्षका व्यक्तिगत कुरा गर्न नचाहने माओसँग चीनको इतिहास, एसियाली मार्क्सवाद र पार्टीको इतिहासबारे कुराकानी गरे।

पाओ आनमा तिनीहरू ३ महिना बसे। त्यहाँ एडगर स्नोले चिनियाँ कम्युनिस्ट पार्टीको स्थापना, त्यसपछिका महत्त्वपूर्ण घटनाहरू, माओ त्सेतुङ नेतृत्वमा आइपुग्दासम्मका पार्टीका सैद्धान्तिक सङ्घर्षहरूको जानकारी पाए र टिपोट गरे। त्यसपछि महत्त्वपूर्ण केन्द्रीय नेताहरूसँग भेटघाट गरी तिनीहरूका जीवनीहरूको टिपोट बनाए। त्यस टिपोटलाई एडगर स्नोले अङ्ग्रेजीमा लेखे, त्यसलाई फेरि चिनियाँ भाषामा अनुवाद गरी माओ त्सेतुङ र नेताहरूलाई देखाए। अनेक केरमेटपछि त्यसलाई अन्तिम रूप दिइयो। त्यसबेला उल्था गर्ने व्यक्तिमध्ये येनचिङ विश्वविद्यालयका छात्र हवाङ हुवा (Huang Hua) एक थिए। पछि उनी संयुक्त राष्ट्र सङ्घका प्रतिनिधिमण्डलका नेता भए।

पाओ आनबाट पेइचिङ फर्केपछि एडगर स्नोले सारमा चीनमै प्रकाशित अङ्ग्रेजीको 'चिनियाँ साप्ताहिक समीक्षा' (China Weekly Review) मा धारावाहिक लेखको रूपमा प्रकाशित गरे।

सन् १९३७ मा त्यही लेखहरूलाई बेलायतमा 'चीनको आकाशमा रातो तारा' (Red Star Over China) भन्ने पुस्तकको रूपमा भिक्टोर गोलानस (Victor Gollancz) बाट पहिलो पटक प्रकाशित गरियो। सन् १९३८ मा सरा अमेरिकामा पनि प्रकाशित गरियो। सन् १९६८, १९७२ र १९७३ मा उक्त पुस्तकको संशोधित संस्करणहरू प्रकाशित भए।

सन् १९३९ मा एडगर स्नो पुनः येनानमा माओ त्सेतुङ भेट्न गए। चीन बस्दा उनले 'सिकागो ट्रिब्युन' (Chicago Tribune), 'न्युयोर्क सन' (The New York Sun), 'न्युयोर्क हेराल्ड ट्रिब्युन' (The New York Herald Tribune) र 'लण्डन दैनिक हेराल्ड' (The London Daily Tribune) मा पनि काम गरे।

सन् १९४१ मा एडगर स्नो आफ्नो जहानसँग अमेरिका फर्के। त्यहाँ तिनीहरू आपसमा छुट्टिए अर्थात् हेलेन फोस्टरसँग पारपाचुके भयो। सन् १९४२ अप्रिल महिनादेखि उनी 'शनिबारे सन्ध्या' (The Saturday Evening Post) को निम्ति अन्तर्राष्ट्रिय संवाददाताको रूपमा काम गरे। दोस्रो विश्वयुद्ध सुरु भइसकेको हुँदा उनी अप्रिलमा अफ्रिका पुगे र मई महिनामा दिल्ली पुगी भारत, बेलायतको स्थितिबारे बुझ्न जुलाईमा वार्धा (Wardha) मा नेहरूसँग अन्तर्वार्ता लिए। भारतबाट उनी मस्को पुगे।

रुसमा उनी अमेरिकी दूतावासको पर्यवेक्षणमा स्तालिनग्राडको लडाइँमा पुगे। त्यसबेला स्नोले एक तटस्थ पर्यवेक्षकको रूपमा भन्दा फासीवादविरोधी मित्र राष्ट्रहरूको पक्षमा समाचारहरू



लेखे। एसियामा पुगेपछि उनले 'एसियाको युद्ध' (The Battle for Asia) पुस्तक लेखे।

सन् १९४४ मा उनले माओ त्सेतुङ र चिनियाँ कम्युनिस्टहरू 'किसानी प्रजातन्त्रवादीहरू' हुन्, तिनीहरू सर्वसत्तावादीहरू होइनन् भनी 'जनता हाम्रो साथमा' (People on our Side) भन्ने पुस्तक लेखे। त्यसबेला स्नो ३९ वर्षका थिए। उनले 'सोभियत शैलीको सत्ता' (The Pattern of Soviet Power) र 'स्तालिन शान्ति चाहन्छ' (Stalin must have peace) भन्ने पुस्तक लेखे।

दोस्रो विश्वयुद्धपछि संरा अमेरिकामा अत्यन्त कम्युनिस्टविरोधी परिस्थिति थियो। त्यस अवस्थालाई त्यहाँको प्रधानसेनापति म्याकार्थीको नामबाट 'म्याकार्थी युग' (McCarthy Period) पनि भन्ने गरिन्छ। त्यसबेला संरा अमेरिका आफ्नै तानाशाही व्यवस्थाको रूपमा प्रस्टिएको थियो। त्यस वातावरणमा अमेरिकी सङ्घीय गुप्तचर विभाग (FDI) ले स्नोलाई लखेट्नु अस्वाभाविक थिएन।

सन् १९५७ मा उनले 'रातो चीनका टिपोटहरू' (China : Random Notes on Red China) लेखे र सन् १९५८ मा बेलायतबाट 'सुरुका यात्रा' (Journey to the Beginning) प्रकाशित गरे। त्यस पुस्तकमा सन् १९२८–२९ तिरको चीनको कहालीलाग्दो बयान र भ्रमण गरेका देश, जनता र नेताहरूबारे उल्लेख छ।

संरा अमेरिकामा बस्न उनलाई गाह्रो भएको हुँदा उनी स्वीट्जरल्यान्डमा आफ्नी दोस्री पत्नी लुइस ह्वीलर स्नो (Louis Wheelor Snow) सँगै बस्न गए। तर, नागरिकता भने अमेरिकाकै थियो।

सन् १९६० मा एडगर स्नो पुनः चीन गए। उनले माओ त्सेतुङ र चाउ एन–लाइसँग अन्तर्वार्ता पनि लिए। सन् १९६३ मा उनले १९५९ देखि १९६१ को चीनको स्थितिसमेत प्रस्ट हुने गरी 'आजको रातो चीन : नदीको अर्को भाग' (Red China Today : The Other Side of the River) शीर्षकको पुस्तक प्रकाशित गरे।

सन् १९६४ मा उनी फेरि चीनको भ्रमणमा गए। भियतनाम युद्धमा संरा अमेरिका फन्फन् फस्दै गयो, ऊ त्यहाँबाट न भाग्न सक्ने न त लडाइँ चालु राख्न सक्ने स्थितिमा पुग्यो। अमेरिकाका भियतनाम युद्धविरोधी जनमत बढ्दै थियो, दिनको झन्डै १२ करोड डलर खर्च हुँदै थियो, अमेरिकी डलरको मूल्य घट्दै गयो। यस्तो स्थितिमा भियतनाम युद्धबाट उम्कन अमेरिकाले चीनसँग वार्ता नगरी सुख पाउने स्थिति नै थिएन। अमेरिकाले पठाउने दूतलाई चीनले स्वीकार गर्न मानेन भने चीनले भनेको मान्न अमेरिका तयार थिएन।

सन् १९७० मा स्वीट्जरल्यान्डमा बसेका एडगर स्नोलाई राष्ट्रपति निक्सनले चीन गई सम्बन्ध सुधारको निम्ति आग्रह गरे। एडगर स्नो चीनको पुरानो मित्र भएको नाताले चीनले स्वागत गऱ्यो। त्यसपछि पिङपङ (टेबुलटेनिस) का खेलाडीहरूको भ्रमणको आदान–प्रदान, पत्रकारहरूको भ्रमण र हेनरी किसिङ्गरको चीन भ्रमणपछि अमेरिकी राष्ट्रपति निक्सन चीन पुगे।

एसियाली र अफ्रिकी देशहरूको सम्मेलन इन्डोनेसियाको बाङडुङ सहरमा भएको थियो। चिनियाँ प्रतिनिधिमण्डलको नेतृत्व प्रधानमन्त्री चाउ एन–लाइले गरेका थिए। त्यहाँ अमेरिकी विदेशमन्त्री डलेससँग चाउ एन–लाइले चीन–अमेरिकी सम्बन्ध सुधार्ने हात मिलाउन खोज्दा डलेसले हात पछि हटाउने धृष्टता गरेका थिए। त्यस शिष्टाचारविरोधी व्यवहारलाई चिनियाँहरूले बिर्सेका थिएनन्।

निक्सन पेइचिङ हवाई अड्डामा हवाईजहाजको सिँढीबाट तल झरी हात मिलाउन उनले नै पहिले चाओ एन–लाइतिर हात बढाए। यसरी एडगर स्नोले चीन र संरा अमेरिकाबिचको सम्बन्ध सुधार्ने भूमिका खेले।

स्वीट्जरल्यान्डमा एडगर स्नो पेटको क्यान्सर (Pancreatic Cancer) बाट बिरामी भए। उनका साथी जर्ज हाटमसँगै प्रधानमन्त्री चाउ एन लाइले चिनियाँ डाक्टरहरूको एक टोली स्वीट्जरल्यान्ड पठाए। १५ फेब्रुअरी १९७२ मा कम्युनिस्टका एक असल मित्र र पत्रकार एडगर स्नो ६७ वर्षको उमेरमा बिते। तर, उनका रचनाहरूमा उनी सदा जीवित रहनेछन्।

**एडगर स्नोका रचनाहरू**

१. Living China
२. Red Star Over China
३. The Battle for Asia
४. People on our side
५. The Pattern of Soviet Power
६. Stalin must have peace
७. China : Random Notes on Red China
८. Journey to the Beginning
९. Red China Today : The Other Side of the River

**उनले काम गरेका पत्र–पत्रिकाहरू**

१. Chicago Tribune
२. The New York Sun
३. The New York Herald Tribunes
४. The London Daily Herald
५. China Weekly Review
६. The Saturday Evening Post
७. Herald Tribune

***स्रोतः चार अन्तर्राष्ट्रवादी पत्रकार***



**सिद्धान्त...**

गोप्य दस्ताबेज, राजनैतिक कार्यकर्ता बन्ने भाइबहिनीलाई चिट्ठी, हजुरबुबाको चिट्ठी आदि अध्ययन गरी जनतालाई सचेत बनाउनुपर्छ ।"

राजनीतिमा आउने कार्यकर्ता समाजलाई नि:स्वार्थ रूपमा सेवा गर्छु भनेर आउनुपर्ने उहाँले बताउनुभयो ।

कार्यशाला गोष्ठीमा पलिस्था, स्मृति मानन्धर, कृता कोजु, बिनिसा सकिजू, प्रज्ज्वल खत्री र राज श्रेष्ठले विविध विषयमा बोल्नुभयो ।

नेमकिपा पार्टी वडा समितिका अध्यक्ष कृष्णबहादुर दुगुजुको सभापतित्वमा सम्पन्न कार्यशाला गोष्ठीमा समितिका उपाध्यक्ष एवं भ.न.पा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले कार्यक्रमबारे प्रकाश पार्दै स्वागत गर्नुभयो ।

कार्यक्रममा समितिका सदस्य पृथ्वीराज तुकंबन्जारले पनि बोल्नुभयो ।

कार्यक्रममा छात्रा विद्यार्थीहरूले सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए ।

**विद्यालयमा...**

पनि चाँडै प्रकाशित भयो तर शैक्षिक सत्र १ वर्ष १४ दिन किन बनायो ? त्यसैगरी अब शैक्षिक सत्र २०८३ चैत मसान्तसम्म भए २०८३ को शैक्षिक सत्र ११ महिना १६ दिनको मात्र हुने भएन र ? किन यस्तो गर्दै छ ? सचेत नागरिकहरूले प्रश्न गर्न थालेका छन् ।

सरकार नयाँ पार्टी र नयाँ मानिसले चलाएको हुँदा अनुभव नभएको भन्ने हो भने रास्वपाका अध्यक्ष पहिले नै २/२ पटक गृहमन्त्री बनेकै हुन् । अन्य सांसदहरू पनि अनुभवी नै छन् । त्यसैले कतै जानाजानै सरकारले सार्वजनिक शिक्षा अथवा सरकारी लगानी भएको विद्यालय शिक्षालाई कमजोर बनाउन लागेको हो कि भन्ने शङ्का गर्ने स्थान छ ।

आइतबारसमेत बिदा दिँदा सामुदायिक विद्यालयमा के कति बिदा हुन्छ र पठन पाठन, परीक्षा तथा शिक्षकले लिने बिदा के कति हुन्छ भनेर विश्लेषण गर्दा निम्नानुसारको हुने देखिन्छ ।

| क्र.स. | महिनाको नाम | आइतबार दिन | शनिबार दिन | सार्वजनिक बिदाको दिन | विद्यालयमा काम गर्ने दिन |
|---|---|---|---|---|---|
| १. | वैशाख (वैशाख २१ गतेबाट) | १ | १ | - | १० |
| २. | जेठ | ५ | ५ | १ | २० |
| ३. | असार | ४ | ४ | - | २४ |
| ४. | साउन | ५ | ५ | - | २१ |
| ५. | भदौ | ४ | ४ | २ | २१ |
| ६. | असोज | ३ | ४ | ७ | १७ |
| ७. | कार्तिक | २ | ३ | १३ | १२ |
| ८. | मङ्सिर | ४ | ४ | - | २१ |
| ९. | पुस | ४ | ४ | ४ | १८ |
| १०. | माघ | ३ | ४ | २ | २० |
| ११. | फागुन | ५ | ५ | ३ | १७ |
| १२. | चैत | ३ | ४ | १ | २२ |
| | जम्मा | ४३ | ४७ | ३३ | २२३ |

तालिकामा दिएअनुसार आइतबार, शनिबार र सार्वजनिक बिदा कटाउँदा विद्यालय खोल्ने जम्मा दिन नै २२३ दिन हुन्छ । विद्यालयका शिक्षक कर्मचारीले ३० दिन वर्षे बिदा वा हिउँदे बिदा पाउँछन् । ५ दिन स्थानीय पर्व बिदा हुन्छ । यी दुई प्रकारको बिदा कटाउँदा विद्यालयमा काम गर्नुपर्ने दिन बढीमा १९८ दिन हुन आउँछ ।

विद्यालयमा शिक्षक कर्मचारीहरूले बिरामी बिदा वार्षिक १२ दिन, भैपरी आउने बिदा ६ दिन र पर्व बिदा ६ दिन गरी जम्मा २४ दिन पाउँछन् । बिरामी बिदा सञ्चित गर्न सकिने भएको हुँदा शिक्षक कर्मचारीले अनावश्यक रूपमा लिँदैनन् । तर, भैपरी आउने बिदा र पर्व बिदा सदुपयोग गर्ने शिक्षक-कर्मचारीहरू धेरै हुन्छन् । यी दुई प्रकारको बिदा समेत घटाउँदा एक जना शिक्षकले एक शैक्षिक सत्रमा जम्मा १८६ दिन मात्र काम गर्छन् । यदि बिरामी बिदा पनि सदुपयोग गरियो भने जम्मा १७४ दिन विद्यालयमा काम गर्छन् ।

विद्यालय सञ्चालन हुने १९८ दिनमा पनि विद्यार्थीहरूको प्रथम त्रैमासिक परीक्षा ७ दिन, द्वितीय परीक्षा ७ दिन र वार्षिक परीक्षा ७ दिन समेत गर्दा २१ दिन त परीक्षा नै हुने भयो । साथै एसईई दिने विद्यार्थीहरूको त बढीमा फागुन महिनासम्म मात्र पठन पाठन हुन्छ । तिनीहरूको थप २२ दिन पठनपाठन हुँदैन । चैत महिनाको अन्तिम हप्ताको ७ दिन परीक्षाफल र नयाँ शैक्षिक सत्रको लागि आवश्यक पर्ने हुँदा विद्यार्थीहरूले अध्ययन गर्न पाउने जम्मा दिन (१९८-२१-७ =१७०) १७० दिन मात्र हुन आउँछ । साथै एसईई दिने कक्षा १० का विद्यार्थीहरूको पठन पाठन जम्मा दिन १४८ दिन मात्र हुन आउँछ ।

यसरी सार्वजनिक विद्यालयमा शिक्षा नियमावलीअनुसार २२० दिन विद्यालयमा काम गर्ने दिन तोकिए पनि विद्यार्थीले पढ्न पाउने दिन १४८ दिनमा सीमित हुन जाने सम्भावना छ ।

विगत वर्षहरूमा आइतबारसमेत अध्ययन अध्यापन गर्दा पनि एसईईमा ७० प्रतिशतभन्दा कम परीक्षार्थीहरू सफल भएका थिए भने अब के होला ? त्यसैले यसतर्फ सरकारले पुनर्विचार गर्नुपर्दछ । अभिभावक, विद्यार्थी, शिक्षविद्, स्थानीय तहका जनप्रतिनिधिहरू शैक्षिक प्रशासनमा काम गर्ने कर्मचारीलगायत सबै सचेत नागरिकहरूको ध्यान जानुपर्दछ ।

**जेलका...**

विद्यालयका प्रिन्सिपल सुरेन्द्रराज गोसाईले 'जेलका चिठीहरू' सामान्य पाठकदेखि प्रबुद्ध व्यक्तित्वहरूले रुचाएको पुस्तक भएको र उक्त पुस्तकबाट कला-संस्कृति, सभ्यता, इतिहास, समाज र जीवन दर्शनबारे बुझ्न पाएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "नेपाली भाषाबाट 'जेलका चिठीहरू' प्रकाशित भएको १२ वर्षपछि अङ्ग्रेजी भाषामा प्रकाशित भयो । यी चिठीहरूले थप चमक पाएका धेरैले अनुभव गरे । यो पुस्तकबाट चिनियाँ मित्रहरूका निम्ति नेपाल र नेपाली संस्कृति एवम् समाज हेर्ने एउटा आँझीझ्याल बन्ने पूर्ण विश्वास छ । यो पुस्तक नेपाली जनता र चिनियाँ जनताबिचको सम्बन्ध थप प्रगाढ बनाउने महत्त्वपूर्ण हुने विश्वास छ ।"

डा. सर्वोत्तम श्रेष्ठले भन्नुभयो, "नारायणमान बिजुक्छेँको सन् २०१२ मा प्रकाशित 'जेलका चिठीहरू' पुस्तकको चिनियाँ अनुवाद प्रकाशित भएको छ; म उहाँलाई हार्दिक बधाई दिन चाहन्छु । पुस्तकका अनुवादकद्वय श्रीमती चाङ होङवेइ र प्रणय चित्रकारलाई पनि हार्दिक बधाई दिन चाहन्छु ।"

उहाँले थप्नुभयो, "अहिले चीन र नेपाल सरकारबिच २५-२५ वटा शास्त्रीय ग्रन्थको एक अर्काको भाषामा अनुवाद गरी प्रकाशित गर्ने परियोजना चलिरहेको छ । उक्त अनुवाद परियोजनाको नेपाल पक्षको विज्ञ समूहमा म चिनियाँ भाषा विशेषज्ञको रूपमा रहेको छु । मैले उक्त परियोजनालाई नेपाली पुस्तकलाई चिनियाँ अनुवाद गरी चिनियाँ बजारमा पुऱ्याउने दुर्लभ अवसरको रूपमा लिएको छु ।"

उहाँले भनुभयो, "चिनियाँ भाषा र नेपाली भाषा दुई धेरै फरक भाषा परिवार पर्ने भाषा भएको हुँदा तिनीहरूको वाक्य संरचना, शब्द निर्माण आदिमा कुनै समानता छैन, यसले गर्दा यी दुई भाषाबिचको अनुवाद कार्य असामान्य रूपले कठिन छ । यस पुस्तकका दुई अनुवादक दुई अलग मातृभाषाका भएका विद्वान हुन् । तसर्थ, दुईजनाको संयुक्त प्रयासले अनुवादले पूर्णता पाएको छ ।"

चिनियाँ प्राध्यापक गु झिकाओले जेलको चिठीको मर्मबारे चर्चा गर्दै भन्नुभयो, "सानो जेलले भौतिक शरीरलाई सीमित गर्न सक्छ तर मानवताको भाग्यको बारेमा सोच्ने महान् मनलाई सीमित गर्न सक्दैन ।"

उहाँले भन्नुभयो, "अध्यक्ष रोहितले भन्नुभएझैं हामीसँग मेहनती, कामदार र सिपाहीहरूको कमी छैन । लाखौं नेपालीहरू शारीरिक श्रम गरेर जीविकोपार्जन गर्न विदेश गएका छन् तर 'बौद्धिक कामदार' धेरै कम छन् ।"

पुस्तकका अनुवादक चाङ होङवेइले भन्नुभयो, "मैले यो पुस्तक अनुवाद गर्ने जिम्मेवारी स्वीकार गरेको क्षणदेखि नै आफ्नो काँधमा ठूलो जिम्मेवारी आएको महसुस गरेको थिएँ। मेरो लागि यो अनुवाद भाषाको परिवर्तन मात्र थिएन; यो त एक प्रकारको लामो, शान्त तर निरन्तर मन छुने आत्मिक संवाद थियो । जब मैले पहिलोपटक जेलका चार पर्खालभित्र लेखिएका यी पत्रहरू एक-एक शब्द पढ्न थालेँ; मैले सबैभन्दा पहिले जेल-जीवनको अँध्यारो र कठिनाइ होइन, बरू कागजका प्रत्येक पानाबाट देखिने जीवनको बलियो ऊर्जा महसुस गरेँ।"

उहाँले भन्नुभयो, "यी पत्रहरूले रोहितज्यूले जेलभित्र न्याय, लोकतन्त्र र समाजका लागि गरेको सङ्घर्ष, उहाँका विचार, दृढ सङ्कल्प र आत्मविश्वासलाई इमानदारीपूर्वक देखाउँछन् । तर, पुस्तकभरि कतै पनि गुनासो छैन, निराशामा हार मानेको भावना छैन । प्रत्येक हरफमा परिवारप्रतिको गहिरो माया, जीवनप्रतिको साँचो सोच र कठिन परिस्थितिमा पनि आफ्नो आत्मा, मानवता, नेपाली संस्कृति तथा वास्तुकलाप्रतिको स्पष्ट सोच र आशाको भावना देखिन्छ । यस पुस्तकले पति-पत्नीबिचको प्रेममात्र होइन, राजनीतिक सीमालाई पनि पार गर्दै जीवन, समाज र आशाबारेको गहिरो मानवीय भाव प्रस्तुत गर्दछ ।"

कार्यक्रमका सभापति एवं विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मोहनप्रसाद प्रजापतिले विद्यालयले शिक्षाको क्षेत्रबाट मात्र होइन साहित्यिक तथा सामाजिक गतिविधिमार्फत देशको सेवा गरिरहेको उल्लेख गर्दै पुस्तकको प्रकाशनसँगै साहित्यमार्फत अन्तर्राष्ट्रिय समुदायको सेवातर्फ पाइला बढेको अनुभव हुन्छ भन्नुभयो ।

सो कार्यक्रममा काठमाडौँ विश्वविद्यालय कन्फुसियस सेन्टरका डाइरेक्टर एवं डा. लि., पुस्तक अनुवादक प्रणय चित्रकारले पनि प्रकाशित पुस्तकबारे बोल्नुभएको थियो ।

सृष्टि प्रधान र सोफियाले पुस्तक विमोचन र प्रकाशनको उद्देश्यबारे प्रकाश पार्नुभयो ।

**खेल....**

(लनर्स) र रिजन (प्रोक्सिमा) तृतीय भएका थिए ।

छात्रा सिङ्गल १६ वर्षमुनिको खेलमा अरबी सुवाल (प्रभात) प्रथम, मालश्री सुवाल (लर्नर्स) द्वितीय र सोना बासुकला (प्रभात) र सिमोन दुवाल (लनर्स) तृतीय भए ।

त्यस्तै छात्र सिङ्गल १२ वर्षमुनिको खेलमा श्रीयान लाखे (प्रभात) प्रथम, अर्बित गाइँजु (प्रोक्सिमा द्वितीय र एलेक्स सुवाल (एभरेस्ट) र स्वर्णिम सितिखु (प्रभात) तेस्रो भए ।

छात्रा समूहमा आरोही सुवाल (प्रभात) प्रथम, सैना लिबि (प्रोक्सिमा) द्वितीय र एलिसिया न्हुछे (प्रभात) र आशिका बजगाई (बरदायिणी) तेस्रो भए ।

**एकक्षण** — प्रधान

# सहकारी रकमले उद्योगधन्दाको बन्दोबस्त गरे रोजगारी र रकमको पनि उपयोग हुन्थ्यो

सङ्गठन र दलका कार्यालयहरूका सचिव बनाउँदा आफ्ना नाता-गोता, भाइ-भतिजा, साला र सालीहरू राख्ने होइन बरु जनता र देशको सेवा गर्ने भावना भएका राख्नुपर्छ । त्यसको लागि त्यही भावनाको कक्षा सञ्चालन गरी शिक्षित वा दीक्षित बनाउनु आवश्यक छ । यो लामो अनुभवको सार हो ।

नत्र, त्यसरी दीक्षित नभएका युवाहरूले त्यो पदलाई जागिर वा नोकरीको रूपमा लिनेछन् । अनि त्यस्ता युवाहरूले तयार पारेका 'कार्यकर्ता' एक-दुई वर्षभित्रै 'मण्डलेहरू' जस्तै विरोधी सङ्गठन र दलहरूसँग अनावश्यक झगडामा लागी आफ्नो संस्था र दलबाट 'खर्च' माग्ने बानी बसाल्ने छन् र २-४ वर्षमै त्यस्ता 'कार्यकर्ता' हरू सच्चा देशभक्त र दलका योग्य सिद्धान्तनिष्ठ र सदाचारयुक्त असल नागरिक बन्ने छैन बरु 'गुन्डा' बन्ने निश्चित छ ।

राणाविरोधी सङ्घर्ष गरेका गाउँ र सहरका पुराना युवाहरू भावनामा लागेर 'कानुनीराज जिन्दावाद' भन्दै सत्याग्रहमा लागे, २-४ वर्ष जेल बसेर लामा लामा कपाल पालेर जेलबाट छुटे । तर, जिम्मेवार सङ्गठनका साथीहरू सचेत नभएर वा परिस्थितिले नदिएर यथोचित तालिम नपाउँदा आखिर जेलबाट छुटेका ती व्यक्तिहरू घरका पनि भएनन्; जनताका सेवाका पनि भएनन् बरु झगडामा हात हालेर पैसा खाने, प्रहरी र चोरको बिचमा पैसा असुल्ने र जुवा खेल्ने ठाउँमा पालो बस्ने आदि भएर बिग्रेका छन् । राजनीतिक कार्यकर्ताका भाइहरूलाई गाउँ र टोलका नागरिकहरूले 'राजनीतिमा नलाग्नू नत्र तिमीहरूको गति त्यस्तै हुन्छ' भनी ती व्यक्तिलाई देखाएर खबरदारी गरे ।

अफसोच, २००७ सालको राणा शाही ढले पनि हिजो राणाविरोधी दलहरूलाई शत्रुहरूले आपसमा भिडाए, सबै दलहरू टुक्रा टुक्रा भए र पालैपालो सरकारमा गएर 'पत्रु' भए । किन सरकारमा गएर के गर्ने हो भन्ने कुनै योजना र मेसो थिएन । मन्त्री र नेताहरूकहाँ कार्यकर्ताहरू जान्थे, स्कूल जीवन र कलेज वा विश्वविद्यालयको जीवन नहुँदा कर्मचारी, शिक्षक वा अन्य बौद्धिक कार्यको निम्ति समेत त्यस्ता कार्यकर्ताहरू भर्ती गरिन्थ्यो । वास्तवमा कार्यकर्ताले उसको योग्यता र सीपअनुसारको काम गर्नुपर्ने हो । तर, नेता र मन्त्रीसँग पनि त्यो सोच र योजना नहुँदा २-४ महिना वा एक वर्षमा सरकार बदलिँदा समस्या हुन्थ्यो । हिजोको मन्त्रीको ठाउँमा अर्कै पार्टीको मन्त्री बन्थे । पुराना मन्त्रीका दलका राम्रा कार्यकर्ताहरू सबै रिसाउनु स्वाभाविक हो - सबै बन्दोबस्त नहुँदा वा तालिम प्राप्त नहुँदा 'सबै मन्त्री चोर हुन् र सबै नेता चोर हुन्' भन्ने कार्यकर्ताको मनमा पऱ्यो ।

यो समस्या नेपालको मात्रै होइन, स्वतन्त्रता प्राप्त गरेको भारतजस्तो देशमा पनि सबै जस्तो बिचका नेताहरू बदनाम भए र निराश भए । दसौँ र बीसौँ वर्ष कारावासमा बसेका र ज्यान सजायबाट जोगिएका कार्यकर्ताहरू जेलबाट छुट्दा आफूभन्दा कान्छा सबै साथीभाइहरूले एउटा काम गरिसकेको र बिहावारी सकी बालबच्चा पालन गरी बसेका हुन्थे । जेलबाट छुटेर घर फर्कने बेलामा परिवार मुश्किलले घर धानिरहेको हुन्थ्यो । जेलबाट छुटेर आएका व्यक्ति देशभक्त भए पनि दाजु र काकाहरूलाई बोझ पर्छ । तर, कार्यकर्ताहरूलाई थाहा थिएन, गान्धीजी, नेहरू र आजको मोदीको सरकार पुँजीवादी सरकार हुन्; ती नेताहरू पुँजीपतिवर्गका हिमायती र पक्षपाती हुन्; गरिबहरूलाई हेर्ने र उद्धार गर्ने आँखा र अक्कल हुँदैनन् ।

भारत स्वतन्त्र भएको ७०-७५ भन्दा बढी वर्ष भयो । भारतको जनसङ्ख्या १ अर्ब ४५ करोडभन्दा बढी छ । तर, त्यहाँ आधा भारतीय जनता एक छाकमात्रै खान पाउँछन् । वर्षको भोकभोकै लाखौं जनता मर्छन्, लाखौं किसानले ऋण तिर्न नसकेर, छोरीको विवाह गर्न नसकेर आत्महत्या गर्छन् । वर्षको करोडौं जनता उपचार गर्न नसकी मर्छन् । यसको मुख्य कारण शासक दलहरू गरिब जनताको होइन, शोषकहरूकै सरकार हुन् । तिनीहरूसँग गरिबहरूलाई हेर्ने दृष्टिकोण हुँदैन; काम दिने योजना हुँदैन ।

यसकारण, युवा कार्यकर्ता र जनताका छोराछोरीलाई 'उत्पादन श्रमसँग मिलाउने शिक्षा', काम पाउने, कामको सीप सिक्ने शिक्षा दिनु र कामको बन्दोबस्त पहिले नै गर्नुपर्छ ।' यसकारण, नयाँ कार्यकर्ताहरू त्यस्तै काम सिकाउने र त्यस्तै तालिम लिएका योग्य कार्यकर्ता तयार गर्नु आवश्यक छ । जिल्ला र गाउँ गाउँमा स-साना घरेलु उद्योग र कुटीर व्यवसायसँग अध्ययनमा ध्यान दिनु आवश्यक छ । त्यस्ता कार्यकर्ताले अरूलाई पनि शिक्षित र कामको निम्ति तालिम दिनेछन् ।

कविता

# पुराना र नयाँ भन्नेहरू !

**● प्रीति**

ए पुराना भन्नेहरू !
पैँतीस वर्षका असफल सरकारहरू !
क्रान्तिकारी दाबी गर्छौ किन ?
देश जलाइएको बेला
हेलिकप्टरमा भागेको किन ?
कोही ब्यारेकमा लुकेको किन ?
के तिमीहरूले
सहिदको जीवनी अध्ययन गरेको
यही विध्वंस गराउन हो ?
यही हो तिमीहरूको
त्याग, तपस्या र बलिदान ?

ए नयाँ भन्नेहरू !
कसको निर्देशनमा देश जलायौ ?
कसको तागतमा चुनाव जित्यौ ?
पहिला आफ्नो सम्पत्ति छानबिन गर !
अनि अरूको छानबिन गर !
भ्रष्टाचारीहरूलाई छानी छानी
जेल नकोची कहाँ हुन्छ र ?
"नेपालले पनि भारतको धेरै ठाउँमा सीमा मिचेको छ"
भन्न लगाउने को हो ?
नेपालीलाई बिजुली पुगेकै छैन
भारतमा पठाऊ भन्ने को हो ?

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर, फोन नं. ६६१००२६, ६६१०९२१, फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३